अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

तह -३ (कक्षा ६-८)

भाग एक

# सिकाइ सामग्री








नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

## तह -३, (कक्षा ६-८)

## भाग एक

# सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

तह : तीन, भाग एक

प्रथम संस्करण : वि.सं. २०८०

# हाम्रो भनाइ

सिकाइ शिक्षा र जीविकोपार्जनको मूल आधार हो । सिकारुमा अपेक्षित दक्षता विकास गर्न विभिन्न प्रकारका सिकाइ सामग्री आवश्यक पर्छन् । औपचारिक शिक्षामा पहुँच नपुगेका र विद्यालयबाहिर सिक्न चाहने सिकारुलाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय शिक्षाको अवसर दिने अनौपचारिक शिक्षातर्फ आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासको अवसर प्रदान गर्नु आवश्यक छ । आधारभूत शिक्षाको माध्यमबाट सिकारुले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । व्यक्तिको सिकाइले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । यस्तै जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी भौगोलिक विकटता, गरिबी, जनचेतनाको कमीजस्ता कारणले औपचारिक शिक्षा लिन नसकेका तथा बिचैमा पढाइ छाडेका बालबालिका, युवायुवती तथा प्रौढलाई सिकाइमा पहुँच पुऱ्याउन अनौपचारिक तथा वैकल्पिक सिकाइका लागि सिकाइ सामग्री विकासको थालनी गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपको मूल मर्मअनुरूप सिकारुका लागि मूल पाठ्यवस्तु र परिधीय पाठ्यवस्तु समावेश गरी सिकारुले आफ्नै प्रयत्नमा सिक्न सक्ने क्रियाकलाप समावेश गरी यो सिकाइ सामग्री विकास गरिएको छ । यसबाट औपचारिक शिक्षा लिइरहेका विद्यार्थीले समेत लाभ लिन सक्छन् ।

यो सामग्री अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फ **तेस्रो तह**को पहिलो भागको रूपमा विकास गरिएको हो । यसलाई परीक्षण गरी प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरिँदै लगिने छ । यसको विकासमा केएर नेपाल र समुन्नत नेपालको प्राविधिक सहयोग रहेको छ । **नेपाली** विषयको यस सिकाइ सामग्रीको विकास डा. गणेश प्रसाद भट्टराईले गर्नुभएको हो । यस्तै लेआउट डिजाइन दिपेश घिमिरेले गर्नुभएको हो । यस पुस्तकको विकासमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री दीपक शर्मा, उपमहानिर्देशक श्री रुद्रप्रसाद अधिकारी, निर्देशक श्री निलकण्ठ ढकाल र शाखा अधिकृत श्री वैकुण्ठ आचार्यको विशेष योगदान रहेको छ । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यो सिकाइ सामग्री निर्धारित सक्षमता विकासका लागि तयार पारिएको भएकाले सहजीकरण र सिकाइ क्रियाकलापको योजना नभई सिकारुको सिकाइलाई सहयोग पुऱ्याउने सहयोगी सामग्री हो । यसका लागि यस सामग्रीलाई सिकारुको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण आधारका रूपमा सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र आफैँले गरेर सिक्ने ढाँचामा विकास गरिएको छ । सिकाइ र सिकारुको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सिकारुबाट अभ्यास र खोजको अपेक्षा गरिएको छ । यस सामग्रीलाई अझ परिष्कृत पार्नका लागि सहजकर्ता, सिकारु, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.सं. २०८०

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | एकाइ/पाठ | पृष्ठ |
|---|---|---|
| १ | मातृभूमिको आवाज | २ |
| २. | यथार्थ | १४ |
| ३. | पलाएको चाहना | २८ |
| ४. | भूपि शेरचन | ४३ |
| ५. | योग र स्वास्थ्य | ५७ |
| ६. | भाइलाई चिठी | ७३ |
| ७. | चम्किला अनुहारहरू | ८६ |
| ८. | माटो | १०१ |
| ९. | पढ्ने बानी बसालौँ | ११२ |
| १०. | काली गण्डकीको किनारै किनार | १२६ |
| ११. | मायाको घर | १४० |

# पाठ १ पूर्वपठन

तलका चित्र हेरेर प्रश्नको उत्तर भन्नुहोस् :









(क) माथिका चित्रमा तपाईँ के के देख्नुहुन्छ ?

(ख) मधेस केको पहिचान हो ?

(ग) मानिसले किन आफ्नै पहिरन लगाउन मन पराँउछन् होला ?

(घ) चित्रमा कुन पर्व मनाएको देख्नुहुन्छ ?

(ङ) सगरमाथा चढेर कीर्तिमान कायम गर्ने चित्रमा देखाइएकी महिला को हुन् ?

# मातृभूमिको आवाज

• देवी नेपाल

म देश सिङ्गो म हुँ चन्द्रसूर्य
म भेष तिम्रो म हुँ पूर्ण चित्र
छैनन् पराई सब भाइ भाइ
आमा ! पुकार्छन् सबले मलाई ।

संस्कार बाँचेपछि देश बाँच्छ
मनुष्य हाँसे परिवेश हाँस्छ
उनेर माला अब फूललाई
सिँगार्न आऊ श्रमले मलाई ।

हिमाल मेरो अति उच्च माथ
पहाड छाती र मधेस काख
म एक मान्छेसरि पूर्ण ठान
यी अङ्ग मेरा सब हुन् समान ।

दौरा र कुर्ता अनि बक्खु लाऔँ
घलेक सारी तनमा सजाऔँ
गौरा खुलोस् सुन्दर देउडामा
नेपाल हाँसोस् मिथिला कलामा ।

घ्याँसी र भैलो अब खेल्न जाऔँ
रोढी पसी जीवनगीत गाऔँ
मिलेर नाचौँ अब धाननाच
छरौँ मिली संस्कृतिको सुवास ।

## शब्दभण्डार

### १. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम : .........................

(ख) चारैतिरको वातावरण : .........................

(ग) मोटो उनी कपडाको लामो कोट जस्तो वस्त्र : .........................

(घ) घले महिलाको आफ्नो पहिचानको पहिरन : .........................

(ङ) खास गरी दार्चुला, डँडेलधुरातिर कृष्णाष्टमीको आसपास मनाइने प्रसिद्ध चाड : .........................

(च) पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक चाल : .........................

(छ) विशेषतः गुरुङ जातिमा प्रचलित प्रसिद्ध मनोरञ्जनात्मक कार्यक्रम : ..............

(ज) विशेषतः पूर्वी नेपालका लिम्बू जातिमा प्रचलित एक लोक नृत्य : .................

### २. उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

राष्ट्र, पुष्प, जिन्दगी, धरणी, शरीर, गाना, पोसाक, पूर्ण, वक्षस्थल

### ३. वाक्यमा प्रयोग गर्नुहोस् :

पराई, संस्कार, माथ, तन, सुवास

### ४. कोष्ठकमा दिइएको शब्द हेरेर खाली ठाउँमा उस्तै अर्थ दिने अर्को शब्द लेखी वाक्य पुनर्लेखन गर्नुहोस् :

(क) आकाशमा ...................... (जून) उदाएको थियो ।

(ख) घामको ...................... (प्रकाश)ले आँखा तिर्मिरायो ।

(ग) हामीले ...................... (वातावरण) सफा राख्नुपर्छ ।

(घ) शुक्लाफाँटको ...................... (मनोहर) दृश्य देखेर म मक्ख परेँ ।

## बोध र अभिव्यक्ति

### १. 'मातृभूमिको आवाज' कविता पालैपालो लय मिलाएर पढ्नुहोस् :

### २. छुटेका शब्द भरी श्लोक पुनर्लेखन गर्नुहोस् :

दौरा र कुर्ता अनि ..................... लाऔँ

घलेक ..................... तनमा सजाऔँ

गौरा खुलोस् ..................... देउडामा

नेपाल हाँसोस् ..................... कलामा ।

### ३. एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) कसले कसलाई आमा भन्छन् ?

(ख) श्रमले कसलाई सिँगार्नुपर्छ ?

(ग) हिमाल र पहाड के के हुन् ?

(घ) कवितामा कुन कुन पोसाकका नाम छन् ?

(ङ) संस्कृतिको सुवास कसरी छर्न सकिन्छ ?

### ४. तलको अंश सुनेर लेख्नुहोस् :

चन्द्रसूर्य झन्डा भएको देश नेपाल हो । यहाँ कोही पराई छैनन् । सबैले देशलाई आमा भन्छन् । हाम्रो संस्कार बाँचे देश बाँच्छ । मानिस हाँसे उसको वरिपरिका सबै हाँस्छन् । हिमाल शिर, पहाड छाती र मधेस काख हो । हामी दौरा, सुरुवाल, घलेक, सारी आदि लगाउँछौँ । गौरा, देउडा आदि पर्व मनाउँछौँ । देउसी, भैलो खेल्छौँ ।

## ५. उदाहरण हेरी पङ्क्तिलाई गद्यमा लेख्नुहोस् :

उदाहरण : गौरा खुलोस् सुन्दर देउडामा ।

सुन्दर देउडामा गौरा खुलोस् ।

(क) आमा ! पुकार्छन् सबले मलाई ।

(ख) म देश सिङ्गो म हुँ चन्द्रसूर्य

(ग) छैनन् पराई सब भाइ भाइ

## ६. पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) किन कोही पराई छैनन् भनिएको हो ?

(ख) देशलाई कसरी सिँगार्न सकिन्छ ?

(ग) नेपाल र मानिसलाई कसरी तुलना गरिएको छ ?

(घ) हामीले के के लगाऊँ भनिएको छ ?

## ७. भावविस्तार गर्नुहोस् :

गौरा खुलोस् सुन्दर देउडामा

नेपाल हाँसोस् मिथिला कलामा ।

## ८. 'मातृभूमिको आवाज' कविताको मूल भाव लेख्नुहोस् ।

## ९. 'मातृभूमिको आवाज' कविताको तेस्रो श्लोकबाट तीनओटा प्रश्न बनाउनुहोस् ।

## १०. हामीले हाम्रा संस्कार कसरी मनाउनुपर्छ ? आफ्ना विचार लेख्नुहोस् ।

## ११. धरणिधर कोइरालाको जाग जाग शीर्षकको तलको कविता लय हालेर पढ्नुहोस् र त्यसको सार लेख्नुहोस् :

जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
घोर नीद अब ता परित्याग ।
भो भयो अति सुत्यौ अब जाग ॥ १ ॥

देशबन्धुहरू हो उठ जाग ।
लाग उन्नतिविषे अब लाग ॥
धोऊ धोऊ मनको अब मैलो ।
फालिदेऊ डरको अब थैलो ॥ २ ॥

जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
हेर लौ अरूहरू सब जागे ।
देश उन्नतिविषे अब लागे ॥ ३ ॥

हामीहेरू पनि लौ अब जागौँ ।
देश उन्नतिविषे सब लागौँ ॥
घोर नीद अब ता परित्यागौँ ।
भो भयो अति सुत्यौँ अब जागौँ ॥ ४ ॥

## १२. तलका वाक्य हेरेर अरु यस्तै वाक्य लेख्नुहोस् :

| विनम्रता | ध्यानाकर्षण |
|---|---|
| (क) तपाईँले पल्लो कुर्सीमा बसिदिए हुन्थ्यो । | (क) ए, अँगेनाका छेउमा नबस । लुगामा आगो सल्केला । |
| | |
| | |
| | |
| | |

# भाषिक संरचना र वर्णविन्यास

## १. तलको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :

रमेश, महेश र मिरा वनभोज गए । उनीहरूले बाटामा भक्तपुर, बनेपा र धुलिखेल देखे । धुलिखेलमा सुन, चाँदी र पित्तलका गहना र मूर्ति पाइँदा रहेछन् । बाटामा हामीले गाई भैँसीका हुल, कुकुरका बथान र बाख्रा पनि देख्यौँ । यसरी अवलोकन गरेर पढाइ, लेखाइ गर्दा त राम्ररी बुझिने रहेछ ।

### प्रश्न

(क) माथिको अनुच्छेदबाट व्यक्ति, ठाउँ, द्रव्य र प्राणी बुझाउने नाम लेख्नुहोस् ।

(ख) माथिको अनुच्छेदबाट समूह र भाव बुझाउने शब्द टिप्नुहोस् ।

व्यक्ति, स्थान, वस्तु, प्राणी, समूह, भाव आदि बुझाउने शब्द नाम हुन् ।
वाक्यमा नाम 'को' र 'के' प्रश्नको उत्तरमा आउँछन् ।

## २. दिइएका नामलाई 'को' र 'के' को समूहमा छुट्याउनुहोस् :

पुतली, पानी सुमित्रा, धुवाँ, राजमान, सम्झना, बुबा, काका, गायक, मृग, बिरालो, किताब, झोला, अर्नी, माइजू, हिमाल, भिनाजु, ज्वाइँ

## ३. गाढा अक्षरमा ध्यान दिई दिइएको अनुच्छेद पढ्नुहोस् :

**म** किसान हुँ । **हामी** किसान हौँ । **तँ** सिकर्मी होस् । **तिमी** गायक हौ । **तपाईं** शिक्षक हुनुहुन्छ । **ऊ** खेलाडी हो । **उनी** नर्स हुन् । **उहाँ** इन्जिनियर हुनुहुन्छ ।

## ४. तलका सर्वनाम र क्रियाबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| त्यो | लेख्छस् |
| हामी | लेख्छौ |
| तँ | लेख्छौँ |
| तिमी | लेख्छन् |
| उनीहरू | लेख्छ |

## ५. दिइएका सर्वनामलाई वाक्यमा प्रयोग गर्नुहोस् :

हामी, तपाईं, उहाँ, तँ, तिमी, ऊ, उनी, यो, त्यो, यी, ती

## ६. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) रघु, राधा र म विद्यालय जान्छौँ । .............................. विद्यार्थी हौँ ।

(ख) रामजनम पुरेत हो । .............................. पुरेत्याइँ गर्छ ।

(ग) चोरी गर्छस् ? .............................. लाई जेल हालिदिन्छु नि ।

(घ) सुमन आज आएन । यो काम .............................. ले गरिदेऊ ल ।

## ७. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) तिमी ................ झर ।

(ख) राम ................ गयो ।

(ग) म ................ राम्ररी पढ्छु ।

(घ) ................ हिँड है । लडिएला ।

(ङ) राम ................ राजेश अग्लो छ ।

## ८. दिइएको अनुच्छेदमा गाढा अक्षरमा ध्यान दिएर पढ्नुहोस् :

बहिनी अहिले **पारि** जाँदै छे । ऊ **बिस्तारै** हिँड्दै छे । ऊ **पारि** त्यतिकै गएकी हो । **भोलि** सायद सुटुक्क यता फर्कन्छे । ऊ भान्जीलाई **भेट्न** आउँछे ।

माथि गाढा अक्षरमा लेखिएका शब्दलाई ‘कहाँ’, ‘कहिले’, ‘कसरी’ र ‘किन’ को सट्टामा प्रयोग गरिन्छ । वाक्यमा कहाँ (स्थान) कहिले (समय), कसरी (तरिका) र किन (कारण) बुझाउने शब्द क्रियायोगी हुन् ।

## ९. तलको तालिकामा मिल्ने गरी चार चारओटा क्रियायोगी शब्द टिप्नुहोस् :

| स्थानबोधक (कहाँ ?) | समयबोधक (कहिले ?) | रीतिबोधक (कसरी ?) | कारणबोधक (किन ?) |
|---|---|---|---|
| तल | भोलि | बिस्तारै | पढ्न |
| | | | |
| | | | |
| | | | |
| | | | |

## १०. तलको अनुच्छेद पढ्नुहोस् र गाढा अक्षरमा लेखिएका शब्दलाई टिपोट गर्नुहोस् :

कुकुर मेरो घर**तर्फ** आए । केही कुकुर **कराउन** थाले । चारै**तिर** दौडे । म कुकुर**सित** डराएँ । केही कुकुर म**भन्दा** टाढा बसे । केही कुकुर घर**भित्र** पसे । केही टेबल**माथि** बसेर कराउन थाले ।

माथि रेखाङ्कन गरिएका शब्द नामयोगी हुन् । नामयोगी नाम वा सर्वनामसँग जोडिएर आउँछन् ।

## ११. तलका रेखाङ्कित शब्द नामयोगी वा क्रियायोगी के हुन्, लेख्नुहोस् :

(क) रमा साथीसित खेल्न भनी बाहिर गई । ....................

(ख) हामीभन्दा ऊ धेरै पहिला आयो । ....................

(ग) काकाले मेरा लागि किताब किनेर ल्याइदिनुभयो । ....................

(घ) रजनीश कुरा मात्र गर्छ, काम गर्दैन । ....................

## १२. तलका शब्दलाई तालिकामा मिल्ने गरी भर्नुहोस् :

शिशु, उषा, चस्मा, सलाई, कृषक, शिखर, बाँस, देश, वर्ष, संस्कृति, विष, विषय, भाषण, आषाढ, विश्व, आशा, सहर, पशु, अभ्यास, पुस्तक, सजिलो, भीषण, पाठशाला, ईश्वर

| श प्रयोग भएका | ष प्रयोग भएका | स प्रयोग भएका |
|---|---|---|
| | | |

## १३. शुद्ध शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) शाथी / षाथी / साथी : ....................................

(ख) प्रकाश / प्रकाष / प्रकास : ....................................

(ग) भविश्य / भविष्य / भविस्य : ....................................

(घ) शुन / सुन / षुन : ....................................

(ङ) पृष्ठ / पृस्ठ / पृश्ठ : ....................................

(च) शहर / षहर / सहर : ....................................

## १४. कविताबाट ह्रस्व इकार (ि) लागेका शब्द टिप्नुहोस् ।

## १५. तलका शब्दको वर्णविन्यास मिलाएर लेख्नुहोस् :

कसीलो, ईन्जिनियर, गरीब, ईच्छा, पीरो, सहीद, अफीस, घीउ, पर्सी, पछाडी, परीभाषा, अभीभावक, कवी, कृषी, वृद्धी, मिती, निति, पण्डीत

# सुनाइ बोलाइ

## तलको कविता सुनेर उत्तर दिनुहोस् :

देश हाम्रो सबैको हो  
लेकबेँसी तराईले मिलेको छ ठाउँ  
सबै भन्छन् स्वर्गभूमि नेपाल हो नाउँ  
जहाँ जाऊँ राम्रो लाग्छ हेरिरहूँ जस्तो  
जुनीजुनी फर्किएर खेलिरहूँ जस्तो ।

यसैका हौँ स्वप्न हामी सिर्जनाका डाली
पुर्खा जस्तै सन्त ज्ञानी वीर शक्तिशाली
सबै मिली उठ्नुपर्छ सबै जुट्नुपर्छ
देश हामी सबैको हो सबै खट्नुपर्छ । (दैवज्ञराज न्यौपाने)

### १. ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) नेपालमा लेक र बेँसीहरू छन् ।

(ख) नेपाल मरुभूमिको देश हो ।

(ग) हामी नेपालका स्वप्न हौँ ।

(घ) हामी सबै मिलेर देशका लागि खट्नुपर्छ ।

### २. कविता सुनेका आधारमा उत्तर भन्नुहोस् :

(क) सबै जना नेपाललाई कस्तो भूमि भन्छन् ?

(ख) यसैका हौँ स्वप्न हामी भनेर केलाई सङ्केत गर्न खोजिएको हो ?

(ग) हामी को जस्तै सन्त, ज्ञानी र वीर हुनुपर्छ ?

(घ) देश बनाउन सबै जनाले के गर्नुपर्छ ?

## सिर्जनात्मक कार्य

### १. तलका कुनै एक शीर्षकमा कविता लेख्नुहोस् :

(क) चाडपर्व (ख) नेपालका हिमाल (ग) नदीनाला

### २. तपाईंका समुदायमा बोलिने नेपाली भाषाबाहेकका कम्तीमा बिसओटा शब्द सङ्कलन गर्नुहोस् ।

# पाठ २ पूर्वपठन

तलका चित्र हेरेर प्रश्नको उत्तर भन्नुहोस् :





(क) पहिलो चित्रमा मानिसले के गर्दै छ ?

(ख) दोस्रो चित्रमा मानिसले के गरेका होलान् ?

(ग) घरव्यवहार चलाउन मानिसले के के गर्छन् ?

# यथार्थ

• गणेशप्रसाद भट्टराई

सदा झैँ यसपालि पनि दसैँ आयो । दसैँ भन्नासाथ झलकमानलाई सोर श्राद्धदेखि पिर सुरु हुन्छ । चार छोरी र एक छोराको बाबु झलकमान पेसाले डकर्मी हो । रातदिन काम नगरे खानै पुग्दैन । दसैँलाई जोहो गर्न त उसलाई हाड घोट्नै पर्छ । आफ्नो पेसाको अतिरिक्त भारी बोकेर र साहुका पसलमा काम गरेर ऊ सानोतिनो कमाइ गर्छ । दसैँमा उसका घरमा मासु बिरलै पाक्छ । एक जोर राम्रा लुगा फेरिदिन पाए केटाकेटी खुसी हुन्थे । दुईचार केजी चिउरा किन्न सके यसपालिको दसैँ टर्थ्यो । बुढाबुढीलाई त के चाहियो र केटाकेटीको ओठमा हाँसो भरिदिन पाए झलकमानको मनले सन्तुष्टि पाउँथ्यो ।

यसपालि झलकमानले काम गरेर दुईचार हजार जोगाएको थियो । पोहोर साल लुगा किनेर ल्याइदिँदा जेठी छोरीले निहुँ खोजी । लाउनै मानिन । माहिली साहिँली पनि निहुँ खोज्छन् । छोरो त केही जान्दैन । एक जोर लुगा त त्यसलाई पनि हालिदिनै पर्छ । ऊ सोच्दै थियो एक्कासि नयाँ विचार आयो–यसपालि कपडा म किन्दिनँ । सबैलाई पैसा दिन्छु । आफैँ किनुन् । चित्त बुझाउन सकिँदैन । बरु आफैँले हेरेर ल्याए भने सबैलाई आनन्द लाग्छ ।

उसले पैसाको बाकस उघार्‍यो र हेर्‍यो । त्यहाँ बाह्रहजार रुपियाँ रहेछ । यो पैसा सबैलाई बाँडिदिनुपर्‍यो भनेर पैसा निकाल्यो र उसले सबैलाई दुई दुई हजार बाँडिदियो । पैसा देख्नासाथ जेठी छोरीले भनी, "यति जाबो पैसाले पुग्छ ! साथीहरू कति राम्रा लुगा लगाउँछन् । के किन्नु यसले ?"

"यसपालि म पनि राम्रो साडी लाउँला भन्ने ठानेकी थिएँ ।" स्वास्नी चाहिँले पनि मुख खोली ।

"म चाहिँ जिन्सको पाइन्ट र टी सर्ट लाउने है पापा !" सानो छोराले पनि सर्त तेर्सायो ।

झलकमानले सबैको अनुहारमा हेर्‍यो । कसैको अनुहारमा पनि सन्तुष्टि देखेन । आफ्नो आङ पनि नाङ्गै थियो । धर्मजित राईको घर बनाएको पैसा पनि दसैँमा दिएन । भएको पैसा त्यति नै थियो । आउने अरु बाटो थिएन । यसरी हुनसम्मको गरिबीले झ्याप्पै छोपेको र परिवारका कसैलाई सन्तुष्टि दिन नसकेकामा झलकमानलाई असाध्यै पिर लाग्यो । ऊ आफू पनि मुटु रोगी थियो । पैसाको अभावले जँचाउन सकेको थिएन । फेरि केही भइहाल्यो

भने यिनीहरूलाई कसले पाल्ला भन्ने चिन्ता पनि त्यत्तिकै थियो । यसरी धेरै कुरा खेलाउँदा एक्कासि टाउको दुखेर आउँथ्यो । भनन्न रिँगटा लाग्थ्यो । वरिपरि ऊ पहेँल्पुर तोरी फुले जस्तो देख्थ्यो ।

आज पनि उसलाई यस्तै भयो । समालिन खोज्दा खोज्दै पनि ऊ पुर्लुक्क ढल्यो । जिउभरि खलखली पसिना आयो । एकछिन त सारो सारो हँ हँ गर्दै थियो, पछि त्यो आवाज पनि बिस्तारै घट्न थाल्यो ।

"लौन के भयो पापालाई ? पानी ले ले नानी ! ए माइली, जा पल्लाघरे काकालाई बोलाएर ले ।" झलकमानकी स्वास्नी चिच्याएर उसको टाउको छाम्न पुगी । जेठी छोरीले स्टिलको गिलासमा पानी ल्याइपुऱ्याई । माहिली पनि आत्तिएर कुदी ।

"के भो मामु पापालाई ? अस्ति जस्तै नक्कल पारेको हो ?" सानो छोराले विगत कोट्यायो । छोरासँग खेल्दा एकपटक उसले यसै गरी निदाए जस्तो गरेर छोरालाई छक्याएको थियो ।

एकै छिनमा पल्लाघरे काका आइपुगे । हल्लाखल्ला सुनेर अरु छिमेकी पनि आए । गाउँमा पिङ हालेको थियो । झलकमान बेहोस् भयो रे भन्ने सुनेर ती पनि आए । मेलामा सर्कस चलेको थियो,त्यहाँको एउटा जादुगर पनि आइपुग्यो ।

"ल ... नाडी त गएछ । हैन के भो ? छाती त तातै छ । डराइहाल्नु पर्दैन कि ! डाक्टर पो बोलाऔँ कि क्या हो ?" पल्लाघरे काकाले झलकमानका विभिन्न ठाउँमा छाम्दै कुरा गरे । यी वाक्य सुन्नासाथ स्वास्नी चाहिँ सुकसुकाउन थाली । पापालाई के भयो भन्दै छोरीहरू पनि रुन थाले ।

झलकमानले पिलिक्क आँखा खोल्यो । एकपल्ट हँ.... को आवाज निकाल्यो र फेरि आँखा चिम्लियो । पल्लाघरे काकाका मुखबाट स्वस्फूर्त रूपमा राम राम ... भन्ने शब्द निस्के । "हुने हुनामी के गरेर टर्थ्यो, दैव लाग्यो झलकेलाई !" काकाले आँखाका कोस पुछे ।

झलकमानको प्राणपखेरु उडेको बुझ्नासाथ स्वास्नी डाँको छाडेर रुन थाली । "ए दैव ! अब म कसरी बाँच्नु ! यी लालाबाला कसरी पाल्नु मैले ? बरु मलाई लगेको भए हुन्थ्यो नि !"

यति खेर झलकमानका दुई भाइ र भतिजाहरू पनि आइपुगेका थिए । माहिलो भाइ भक्कानियो – दाइभन्दा त हामी हुने खाने थियौँ नि ! बाबुपछिको दाइलाई भन्दा हामीलाई लगेको भए हुन्थ्यो नि ! लालाबालाको विचल्ली भइहाल्यो नि भगवान् । बरु मलाई लैजाऊ, दाइलाई बचाइदेऊ ।

सबै रुन थाले । कसैकसैले सम्झाए पनि । कसैले दैवको गति कसै गरी नटर्ने भन्दै शास्त्रका कुरा उप्काउन थाले । कोही चाहिँ अब रुनुभन्दा अन्तिम कर्म गर्नपट्टि लाग्नुपर्छ भन्न थाले ।

स्वास्नी छोराछोरीको असह्य वेदना जादुगरले सहन सकेन । यसलाई अलिक शान्त पार्ने सुरले उसले फरक ढङ्गले सम्झाउने कोसिस गर्‍यो । “खै खै म हेरुँ एकपल्ट ।” उसले झलकमानको हात समाउँदै भन्यो,“यिनको ठुलो प्राण गएको छैन । मलाई तन्त्र विद्या पनि थाहा छ । म बचाइदिन सक्छु । खै एक गिलास मूलको पानी ल्याउनुहोस् त !”

छिमेकीको छोरो पुष्पवीरले कुद्धै गएर पिप्ले धाराको मूलबाट पानी लिएर आयो । जादुगरले केके भट्याउँदै पानी फुक्यो र भन्यो– ल झलकमानलाई बचाउन कसैले यो पानी खानुपर्छ । पानी खानेले दुई दिन पानीबाहेक केही खानु हुँदैन । उसले झुक्किएर पनि केही खायो भने उसैको मृत्यु हुन्छ । दुई दिन भनेको अबको ४८ घण्टा हो । को खाने पानी ? को सक्छ झलकमानका लागि त्याग गर्न ?

घरभरि सन्नाटा छायो । झलकमानका भाइ भतिजा घोसे मुन्टो लाएर बसिरहे । स्वास्नी चाहिँको पनि वाक्य फुटेन । केवल चराहरू चिर्बिराए, कुकुरहरू भुकिरहे ।

## शब्दभण्डार

### १. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| जाबो | चटक देखाउने व्यक्ति |
| सर्कस | कम महत्त्वको |
| जादुगर | खेलतमासा |
| हुनामी | चकमन्न, सुनसान |
| प्राणपखेरु | पीडा |
| वेदना | नभई नछाड्ने घटना |
| सन्नाटा | आत्मा |

### २. विपरीत अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

रात, नराम्रा, रोदन, लोग्ने, आगत, हाँस्न

### ३. शब्दजोडीमध्ये विपरीतार्थी शब्दजोडीलाई चिनेर गोलो घेरा लगाउनुहोस् :

| | | |
|---|---|---|
| आकाश – पाताल | असल – खराब | जल – पानी |
| सफल – विफल | काम – खाम | अक्कल – बुद्धि |
| वन – जङ्गल | सुनाइ–बोलाइ | दिन – रात |

### ४. तलका शब्दको विपरीत अर्थ बुझाउने शब्द लेख्नुहोस् :

शत्रु, ओरालो, मरण, दुर्जन, अमृत, विपन्न, नकारात्मक

### ५. वाक्यमा प्रयोग गर्नुहोस् :

हाड घोट्नु, तोरी फुल्नु, आँखा चिम्लिनु, डाँको छाडेर रुनु, विचल्ली हुनु, घोसे मुन्टो लाउनु

## बोध र अभिव्यक्ति

### १. तलका शब्द शुद्धसँग सार्नुहोस् र पढेर सुनाउनुहोस् :

श्राद्ध, जोहो, उघार्‍यो, साडी, सन्तुष्टि, असाध्य, आवाज, असह्य, सन्नाटा

### २. पाठका आधारमा ठिक बेठिक लेख्नुहोस् :

(क) दसैं भन्नासाथ झलकमानलाई सोह्र श्राद्धदेखि पिर सुरु हुन्छ ।

(ख) त्यहाँ बाइसहजार रुपियाँ रहेछ ।

(ग) ए साहिँली, जा पल्ला घरे काकालाई बोलाएर ले ।

(घ) धामी पो बोलाऔँ कि क्या हो ?

(ङ) स्वास्नी छोराछोरीको असह्य वेदना जादुगरले सहन सकेन ।

(च) झलकमानका साथी घोसे मुन्टो लाएर बसिरहे ।

### ३. पाठका आधारमा एक वाक्यमा उत्तर लेख्नुहोस् :

(क) झलकमानका परिवारमा कति जना थिए ?

(ख) झलकमानले छोराछोरीलाई कति कति पैसा दियो ?

(ग) झलकमानलाई किन पिर पर्‍यो ?

(घ) जादुगर किन आएको थियो ?

(ङ) झलकमानका भाइले के भने ?

४. पाठका आधारमा लामो उत्तर दिनुहोस् :

(क) झलकमानको परिवारलाई जादुगरले कसरी सम्झायो ?

(ख) 'यथार्थ' कथाको मुख्य सन्देश लेख्नुहोस् ।

५. कथाको दोस्रो, तेस्रो र चौथो अनुच्छेदबाट साथीलाई सोध्न पाँचओटा प्रश्न बनाउनुहोस् ।

६. कथाको पहिलो अनुच्छेदको सार लेख्नुहोस् ।

७. झलकमानको परिवारलाई सम्झाउन जादुगरले प्रयोग गरेको शैली तपाईंलाई कस्तो लाग्यो ? आफ्ना तर्क दिएर एक अनुच्छेद लेख्नुहोस् ।

८. झलकमानको ठाउँमा तपाईं भएको भए परिवारको व्यवस्थापन गर्न तपाईं के गर्नुहुन्थ्यो ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

९. झलकमान कस्तो पात्र हो, कथाका आधारमा लेख्नुहोस् ।

१०. तलको वाक्य हेरेर त्यस्तै पाँच वाक्य लेख्नुहोस् :

मेरो छोरीको शुभ होस् ।

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

(ङ) ..........................................................................................

## भाषिक संरचना र वर्णविन्यास

### १. अनुच्छेद मनमनै पढ्नुहोस् र गाढा अक्षरमा लेखिएका शब्द कसैलाई सुनाउनुहोस् :

पहेँला **कपडा लगाएका तीन जना मानिस** बाटामा हिँडिरहेका थिए । उनीहरूले ठुलो **बोरा बोकेका थिए** । **जुट**को त्यो बोरा टम्म बाँधिएको थियो । बोराभित्र पुराना **कागज थिए** । ती **मानिस** असल **थिए । तिन**ले धेरै सामान बो**केका थिए । उनीहरूसँग** सानो **केटो** पनि थियो । थोरै पैसा र अलिकति चामल पनि थियो । फलामका टुक्रा हालेको ठुलो **झोला पनि थियो । उनीहरूले** आफ्नो सामान आफैँ बोकेका थिए ।

### माथिको अनुच्छेदबाट तालिकामा मिल्ने शब्द टिप्नुहोस् :

| | |
|---|---|
| 'कस्तो' को उत्तरमा आउने शब्द | |
| 'कत्रो' को उत्तरमा आउने शब्द | |
| 'कति' को उत्तरमा आउने शब्द<br>'कुन' को उत्तरमा आउने शब्द | |
| 'कसको' को उत्तरमा आउने शब्द | |

वाक्यमा नामको अगिल्तिर आएर 'कस्तो', 'कत्रो', 'कति', 'कुन' र 'कसको' **को उत्तरमा आउने पद** विशेषण हुन् । विशेषणले नामको गुण, विशेषता, अवस्था, रङ, सङ्ख्या, मात्रा, क्रम, आवृत्ति, सम्बन्ध आदिलाई बुझाउँछ ।

### २. दिइएका वाक्यमा रहेका विशेषण शब्द पहिचान गरी लेख्नुहोस् :

(क) मैले नयाँ कलम किनेँ ।

(ख) बजारमा रसिला सुन्तला र ताजा स्याउ पाइन्छन् ।

(ग) गण्डकी नेपालको सबैभन्दा लामो नदी हो ।

(घ) दिदीले थोत्रा कपडा बेचिदिनुभयो ।

(ङ) राम्रा मान्छेले राम्रै कुरा गर्छन् ।

## ३. गाढा अक्षरका शब्दमा ध्यान दिएर अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

**असल** चरित्र र **खराब** चरित्रमा धेरै अन्तर हुन्छ । **राम्रो** मानिस आफू जति पैसा लिन्छ, त्यसभन्दा धेरै योगदान दिन्छ । **नराम्रो** मानिस आफू कति पैसा लिन्छ त्यसभन्दा थोरै मात्र योगदान गर्न चाहन्छ । ज्यादा योगदान गरे पनि त्यसको जति फल प्राप्त हुन्छ त्यसमा **सन्तुष्ट** हुनुपर्छ । यो नै **सही** चरित्रको सुन्दर नमुना हो । अलिकति योगदान गर्नु र थुप्रै फाइदा खोज्नु **गलत** चरित्रको उदाहरण हो । त्यसैले हामीले थोरै काम गर्ने तर धेरै सुविधा खोज्न थाल्ने हो भने हाम्रो **बलियो** चरित्र बन्दैन । **कमजोर** चरित्र लिएर **सफल** शिक्षक, कर्मचारी, व्यापारी, कलाकार, नेता वा केही पनि बन्न सकिँदैन ।

> असल, खराब, राम्रो, नराम्रो, **सन्तुष्ट**, **सही**, **गलत**, **बलियो**, **कमजोर**, सफल गुणबोधक विशेषण हुन् । यिनले गुण, दोष, अवस्था, पदार्थ, रङ, आकार आदि बताउँछन् । धेरै, जति, कति, ज्यादै, अलिकति, थुप्रै, थोरै, यति परिमाणबोधक विशेषण हुन् । यिनले नामको यति वा उति मात्रा वा परिमाण बुझाउँछन् ।

## ४. तलका विशेषणलाई कति र कस्तो बुझाउने विशेषणमा छुट्याउनुहोस् :

ठुलो, राम्रो, दुई, पहिलो, सयौँ, हजारौँ, रसिलो, तितो, पिरो, टर्रो, अमिलो, सय, सतासी, आठ, तेस्रो, मसिनो, पुरानो, लाखौँ, बिस

| | |
|---|---|
| कति बुझउने | |
| कत्रो बुझाउने | |

## ५. तलका वाक्यमा लिङ्ग, वचन र आदरअनुसार विशेषण मिलाएर लेख्नुहोस् :

(क) सानो छोरी घरमै बस्छे ।

(ख) अग्ली केटीहरू खेल खेल्दै छन् ।

(ग) हाम्रो भान्जी र उनको बहिनी एउटै विद्यालयमा पढ्छन् ।

(घ) राम्रो मान्छे बोलीबाटै चिनिन्छन् ।

## ६. उदाहरण हेरी तलका धातुबाट क्रियापद बनाउनुहोस् :

पढ् : पढ्छ, पढ्छु, पढ्छौँ, पढ्छन्, पढ्नुहुन्छ

खा : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

जा : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

हेर् : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

भन् : ...... ....... ....... ....... ....... ....... ....... ....... .......

## ७. तलका क्रियापदबाट धातु छुट्याएर लेख्नुहोस् :

खायो, जान्छ, भन्छ, दिए, पढ्छ, बोल्छ, हेर्छ, कुद्छ, सुत्छ, उठ्छ, गयो

जस्तै : खायो = खा

## ८. तलका धातुबाट क्रियापद बनाई वाक्यमा प्रयोग गर्नुहोस् :

बोल्, सुन्, हेर्, जित्, हार्, घुम

जस्तै : बोल् : भाइ मिठो बोल्छ ।

## ९. पढेर बुझ्नुहोस् :

म पढ्न स्कुल जान्छु । पढेर असल बन्न सकिन्छ । पढेका मानिस ज्ञानी हुन्छन् । म ज्ञानी बन्न चाहन्छु ।

माथिका वाक्यमा पढ्न, पढेर, बन्न, पढेका, बन्न शब्दले वाक्यलाई टुङ्ग्याउन सक्दैनन् । यिनलाई असमापक भनिन्छ ।

## १०. तलका शब्द शुद्ध गरी लेख्नुहोस् :

बूद्धि, दूःख, सूख, कूमारी, जिऊ, आयू, वायू, कुखूरो, मनूष्य, गूलेली, घूँडा, चुचूरो, छूर्पी, जूत्ता, दूलो, ठूलो, मूला, लूगा, नमूना, मुजूर, सिपालू

## ११. दिइएको अनुच्छेद मनमनै पढ्नुहोस् र सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका शब्दको सूची बनाउनुहोस् :

विद्यार्थी जीवन असल बानी विकासको समय हो । यस समयमा जेजस्तो बानीको विकास गऱ्यो उही बानी जीवनभरि रहने गर्छ । त्यसैले यस समयमा खानपान र उठबसमा विशेष ख्याल गर्नुपर्छ । आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनुपर्छ । यसो गर्न सके जीवनको सुखभोग गर्न सकिन्छ । जीवनमा परिश्रमी बन्नुपर्छ । परिश्रम गर्ने बानी पनि यही समयदेखि बसाउँदै गरियो भने जीवन भोगाइ सजिलो हुन्छ । समयमा सुत्ने, पूर्वमा सूर्य नउदाउँदै उठ्ने तथा उचित आहारविहार गर्ने बानी विकास गर्नुपर्छ । पढाइमा मिहिनेत गर्ने, अरूप्रति सहयोगी भावना राख्ने जस्ता बानीको विकास गर्नुपर्छ । उल्लिखित काम गर्न सके विद्यार्थी जीवनलाई सही अर्थमा सदुपयोग गरेको ठहर्छ ।

## १२. 'यथार्थ' पाठबाट दीर्घ इकार लागेका पाँचओटा शब्द लेख्नुहोस् ।

## सुनाइ बोलाइ

### तलको पाठ सुनेर उत्तर दिनुहोस् :

'महाभारत' विश्वप्रसिद्ध पौराणिक ग्रन्थ हो । यसलाई संसारकै सबैभन्दा ठुलो महाकाव्य मानिन्छ । यस महाकाव्यको रचना महर्षि वेदव्यासले गरेका हुन् । 'महाभारत' मा मूलतः कौरव र पाण्डवको पारिवारिक सम्बन्ध र युद्धको कथा छ । यसले निम्त्याएको भीषण युद्धको वर्णन छ । यसदेखि बाहेक पनि यहाँ थुप्रै थुप्रै पात्रका कथा छन् । यहाँ विश्वप्रसिद्ध धनुर्धर एकलव्य र उनको गुरुभक्तिको कथा छ । भीष्मपितामह भनेर चिनिने देवव्रत र उनको भीष्म प्रतिज्ञाको कथा छ । महाज्ञानी विदुरको ज्ञान, दुर्वासा ऋषिको रिस, शकुनिको षड्यन्त्र तथा दुर्योधनको अहङ्कारी चरित्रको कथा छ । नपढी ज्ञान प्राप्त गर्न खोज्ने यवक्रीतको कथा पनि यसमा समेटिएको छ । यसरी 'महाभारत' महाकाव्यमा थुप्रै थुप्रै पात्रहरूको र त्यसले निम्त्याउने परिणामको परिचय दिएको छ । यहाँ युद्ध र त्यसले निम्त्याउने विनाशको कथा छ । यस महाकाव्यमा असत्यको हार र सत्यको जित हुने बताइएको छ ।

### १. पाठ सुनेर खाली ठाउँ भर्नुहोस् :

(क) महाकाव्यका रचनाकार महर्षि ........................ हुन् ।

(ख) 'महाभारत' मा मूलतः कौरव र पाण्डवको पारिवारिक सम्बन्ध र .................. कथा छ ।

(ग) यहाँ थुप्रै थुप्रै ........................ कथा छन् ।

(घ) देवव्रत र उनको ........................................ कथा छ ।

## २. पाठका आधारमा जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| (क) | एकलव्य | षड्यन्त्रकारी |
| (ख) | विदुर | कुरौटे |
| (ग) | दुर्वासा | महान् धनुर्धर |
| (घ) | शकुनि | नपढी ज्ञान प्राप्त गर्न खोज्ने बालक |
| (ङ) | यवक्रीत | महाज्ञानी |
| | | रिसाहा |

## ३. पाठ सुनेका आधारमा उत्तर भन्नुहोस् :

(क) 'महाभारत' मा ककसका कथा छन् ?

(ख) 'महाभारत' को मुख्य सन्देश के हो ?

# सिर्जनात्मक कार्य

## १. तलका खाली ठाउँमा दिइएका मध्येबाट मिल्ने शब्द राखी कथा पूरा गर्नुहोस् :

जाँच, बुढेसकाल, बुढाबुढी, बुहारी, धुमधामसँग, बुद्धि, कुबुद्धि, चामल, बलराम, दुलही, खर्च, जबाफ, रिस, माइत

कुनै एउटा गाउँमा ………… बस्थे । उनीहरूको …………भइसकेपछि एउटा छोरा जन्मिएको थियो । बुढाबुढीले त्यो छोराको नाम ………… राखेका थिए । बुढाबुढीले बलराम हुर्की बढेपछि बडो ………… बिहे गरिदिए । बलरामकी ………… पनि चौपट्टै राम्री थिई । त्यस्ती राम्री ………… पाएकाले बुढाबुढी पनि ज्यादै दङ्ग थिए । बुहारी राम्री त थिई, तर उसको ………… कस्तो होला भन्ने कुराको ………… गर्नलाई एक

दिन बुढाले बुहारीलाई बोलाएर सोधे, 'बुहारी ! लौ भन त, तिम्रो बिहेमा हामीले कति .......... गऱ्यौँ होला ? बुहारीले .......... दिई, 'मेरो विचारमा दुई माना चामल मात्र खर्च भयो होला ।' बुहारीको मुखबाट यस्तो जबाफ सुन्दा बुढालाई खुब .......... उठ्यो । उनले रिसाएर भने, "यत्रो खर्च गरेर बिहे गरेँ । तिमीचाहिँ दुई माना .......... मात्र खर्च भयो होला भन्छ्यौ । तिमीले खर्च नगरेको जस्तो पो भन्यौ । तिमी जस्ती .......... बुहारीको के मुख हेरूँ । तिमी गइहाल .......... । मेरो घरमा तिमी जस्तो बुहारीको कुनै ठाउँ छैन ।" ससुराको यस्तो गर्जाइ सुनेर बुहारी छक्क परी । ससुरालाई एकवचन पनि जबाफ दिइन । (रामविक्रम सिँजापतिको कथाबाट)

## २. दिइएका सन्दर्भका आधारमा कथा बनाई त्यसको शीर्षक पनि चयन गर्नुहोस् :

धेरै पहिला भ्यागुताहरूको दौड प्रतियोगिता हुनु .......... सबै भ्यागुता जम्मा हुनु .......... दौड सुरु हुनु । दौडेर पहाडको टुप्पामा पुग्नुपर्ने सर्त हुनु .......... भ्यागुताहरू उकालामा उफ्रँदै कुद्न थाल्नु .......... धेरै जनावरहरू भ्यागुताको दौड हेर्न आउनु .......... बाटामा लहरै लागेर सबै जनावरहरू उकालामा भ्यागुता कुदेको हेर्नु .......... भ्यागुताहरू उफ्रँदै चढ्नु .......... भ्यागुताहरूलाई धेरै गाह्रो हुनु .......... सबै जनावरले भ्यागुताहरूलाई गाह्रो भयो भन्नु .......... भ्यागुताहरू पनि हामी सक्ने रहेनछौँ भनी दौड छोड्नु .......... एउटा भ्यागुताले सबैलाई सम्झाउनु .......... अरू भ्यागुताले साथ नदिनु । त्यो भ्यागुतो पहाडको टुप्पामा पुग्नु .......... त्यही भ्यागुताले दौड जित्नु .......... लक्ष्य प्राप्तिका लागि अरूका कुराबाट विचलित नभई अगाडि बढ्नुपर्ने सन्देश

## ३. तपाईंले सुनेको कथा कुनै एउटा कथा लेख्नुहोस् र त्यस कथालाई सुनाउनुहोस् ।

# पाठ ३

# पूर्वपठन

तलका चित्र हेर्नुहोस् र प्रश्नका उत्तर दिनुहोस् :






(क) माथिको चित्रमा के के देख्नुहुन्छ ?

(ख) मानिसले व्यवसाय चलाउन के के गर्छन् ?

# पलाएको चाहना

(मातृका बारीमा लगाएको तरकारी गोडमेल र मलजल गर्दै थिए । यसै बेला उनका साथी तुलसी आइपुगे । उनी कामको खोजीमा विदेश जाने तरखर गर्दै थिए । मातृकाले लगाएको तरकारी देखेर उनलाई आश्चर्य लाग्यो । दुवै जना कुराकानी गर्न थाले ।)

मातृका : ओहो तुलसीजी ! नमस्कार है, आज कताबाट यहाँ आइपुग्नुभयो ?

तुलसी : खै, माने गाउँतिर घुम्दै थिएँ । तपाईँसँग यसो कुराकानी गरुँ कि भनेर आएको नि ! तपाईँ त पुरै खेतीपातीमा व्यस्त हुनुहुँदो रहेछ । तरकारी पनि कति राम्ररी फलेको ? (तरकारी बारीतिर हेर्दै) आफू त विदेश जान आँटियो । यहाँ बसेर केही प्रगति होला जस्तो लागेन । (पसिना पुस्दै)

मातृका : ए, तपाईँ विदेश पो जान लाग्नुभयो ? आफ्नै देशमा बसेर केही गरे हुँदैन ! म पनि त पाँच वर्ष विदेशमा काम गरेर आएको हुँ । खै, मैले त त्यति पैसा कमाउन सकिनँ । त्यो दुःखभन्दा त आफ्नै गाउँमा आयआर्जनको काम गरेर बस्न मन लाग्यो मलाई त । त्यही भएर तरकारी खेतीतिर लागेँ म त ।

तुलसी : (उत्सुक हुँदै) उसो भए अब म के गरूँ त ?

मातृका : मेरो भनाइ मान्नुहुन्छ भने तपाईँ पनि यतै बसेर कुनै रोजगारीको काम गर्नुहोस् । स्वरोजगारी सिर्जना गर्नु त देशको विकास पनि हो नि । वैदेशिक रोजगारीमा पनि समस्या छन् । त्यहाँ पनि हाम्रो सपना त्यत्तिकै पूरा हुँदैन । उखरमाउलो गर्मीमा पसिना बगाउनुभन्दा त आफ्नै देशको माटामा पसिना बगाउनु राम्रो हो नि । यसबाट आफूलाई पनि फाइदा हुन्छ र देशको पनि उन्नति हुन्छ ।

तुलसी : (गम्भीर बन्दै) सबैले स्वरोजगार, स्वरोजगार भनेको सुन्छु । रेडियोबाट पनि यस्तै कुरा आउँछ । रोजगारी भनेको त थाहा थियो । यो स्वरोजगार भनेको चाहिँ के रहेछ मातृकाजी ?

मातृका : हैन, थाहा छैन र ! आफ्नै लगानीमा आफूले चाहेबमोजिमको काम गरी आयआर्जन गर्नु नै स्वरोजगार हो । आफ्नो रुचिका काम गरेर जीविकोपार्जन गर्नु स्वरोजगार भनिन्छ । साना व्यवसाय थोरै लगानीमा आफ्नो श्रम, सिप र क्षमताको सदुपयोग गरी गर्न सकिन्छ । यसबाट आर्थिक रूपमा सबल बन्न

सकिन्छ । मलाई त स्वरोजगारी हुनुजस्तो राम्रो अरु केही लागेन । विदेशको रोजगारी पनि मन परेन ।

तुलसी : ओहो ! कति राम्रो कुरा पो रहेछ । स्वरोजगारअन्तर्गत अरू के कस्ता काम पर्छन् त मित्र ? मलाई त ती कुरा पनि सुन्न मन लाग्यो ।

मातृका : हेर्नुहोस् तुलसीजी ! स्वरोजगारको क्षेत्र निकै फराकिलो छ । यसको कुनै सीमा नै छैन । यसमा गाईपालन, कुखुरापालन, बाख्रापालन, माछापालन, मौरीपालन पनि पर्छन् । पुष्पव्यवसाय, फलफूल खेती, काष्ठकला, शिल्पकला, हस्तकला, चित्रकला पनि स्वरोजगारका क्षेत्र हुन् । कुटीर उद्योग, ससाना व्यापार व्यवसाय आदि धेरै किसिमका काम यसैअन्तर्गत पर्छन् ।

तुलसी : (जिज्ञासु हुँदै) अनि यीबाहेक अरू के के गर्न सकिन्छ त ? कुरा सुन्दा त मलाई ज्यादै मन पऱ्यो । यसका अरू क्षेत्र पनि छन् कि ?

मातृका : विशेष गरी कृषि, पर्यटन, निर्माण, उद्योग स्वरोजगारका मुख्य क्षेत्र हुन् । आफूलाई सफल हुन्छु जस्तो लागेका क्षेत्रमा दृढ इच्छाशक्ति र इमानदार प्रयत्नका साथ लाग्दा एक सफल उद्यमी व्यवसायी बन्न सकिन्छ ।

तुलसी : अनि कृषिबाहेक स्वरोजगारका अन्य क्षेत्र के के छन् नि त ? त्यो पनि जान्न मन लाग्यो ।

मातृका : कति राम्रो कुरा उठाउनुभयो । स्वरोजगारको क्षेत्र निकै फराकिलो छ । व्यक्तिले आफ्नो रुचि र क्षमताअनुसार जुनसुकै काम गर्न सक्छ । सिकर्मी, डकर्मी, प्लम्बिङ, वाइरिङ, मार्बल र टायल फिटिङ जडान सजिलो रोजगारीका क्षेत्र हुन् । रेडियो, घडी, टेलिभिजन, मोबाइल, कम्प्युटर, गाडी, मोटरसाइकल आदि मर्मतसम्बन्धी काम हुन् । कपाल काट्ने, कपडा धुने, अहिलेको इन्टरनेटको माध्यमबाट घरभाडामा लगाउने, पानी, बिजुली, टेलिफोनको बिल तिर्ने आदि काम पनि सेवा क्षेत्रका रोजगारी हुन् । बाँस, निगालो, बेत र काठका कुर्सी, टेबुल, दराज, पलङ, ह्याङ्गर, सोकेस आदि बनाएर पनि त आयआर्जन गर्न सकिन्छ ।

तुलसी : (खुसी हुँदै) आहा ! कत्ति धेरै काम पो गर्न सकिने रहेछ है ? मैले त यसबारेमा कहिल्यै सोचिनँ । यीबाहेक अरू पनि स्वरोजगारका क्षेत्र छन् कि ? त्यो पनि थाहा

पाउन पाए हुन्थ्यो ।

मातृका : तुलसीजी धेरै काम छन् नि । नाम्लो, दाम्लो, सुकुल, गुन्द्री, कुचो, दुनाटपरी, राडी, पाखीबाट राम्रो आम्दानी हुन सक्छ । सजावटका सामान, बच्चाका खेलौना, पोते, माला बनाएर पनि स्वरोजगारी सिर्जना सकिन्छ । ससाना पसल खोल्ने, पर्यटकहरूको मार्गदर्शक बन्ने पनि स्वरोजगारका क्षेत्र नै हुन् । कृषि, निर्माण, व्यापार, पर्यटन क्षेत्रका विभिन्न सिपमूलक काम गरेर स्वरोजगार बन्न सकिन्छ । कुनै काम गर्नुभन्दा पहिले त्यससँग सम्बन्धित तालिम वा प्रशिक्षण भने लिनुपर्छ । यसो गर्दा सोचेको फाइदा लिन सकिन्छ ।

तुलसी : कुरा त धेरै सुनेँ । मजस्ता बेरोगार युवालाई स्वरोजगारमा लाग्न नेपाल सरकारले कस्ता नीति तथा कार्यक्रम बनाएको छ त ? त्यो कुरा तपाईँलाई त थाहा होला !

मातृका : छ नि ! नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । बेरोजगारलाई रोजगारी प्रदान गर्नु राज्यको दायित्व हो । नेपालमा राज्यकोषबाट धेरै नेपाली लाभान्वित हुन अझै सकिरहेका छैनन् । सरकाले सबैलाई रोजगारी दिन सक्दैन तर उपयुक्त वातावरण बनाउन सक्छ ।

तुलसी : सरकारले पनि स्वरोजगारीका लागि विदेशको जस्तो कार्यक्रम ल्याइदिए कति राम्रो हुन्थ्यो हगि ! अनि स्वरोजगार कोषको स्थापना गर्नुको उद्देश्य चाहिँ के रहेछ नि ?

मातृका : तपाईँले ठिक कुरा गर्नुभयो । नेपाल सरकारले युवा तथा व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको छ । यसको मूल लक्ष्य युवा जनशक्तिलाई पुँजी तथा कामको अभावमा विदेश जान निरुत्साहन गर्नु हो । यसले स्वरोजगारमा लाग्न चाहने युवालाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँछ । आयआर्जनमा वृद्धि गर्नु र जीविकोपार्जनलाई सहज बनाउनु पनि यस कोषको उद्देश्य हो ।

तुलसी : म त तपाईँका कुराले दोधारमा परेँ । जागिर खानु ठिक हो कि स्वरोजगारमा लाग्नु ठिक हो ? मलाई उपयुक्त सल्लाह दिनुपर्‍यो ।

मातृका : हेर्नुहोस् मित्र ! मलाई त विदेश गएर अरूको अधीनमा बसेर निश्चित कमाइमा बाँच्नुभन्दा त स्वतन्त्र भएर आफ्नै काममा लाग्नु ठिक लाग्छ । जागिरमा महिना मरेपछि तलब त आउँछ तर सन्तुष्टि स्वरोजगारीमा जति छैन । फेरि जागिर

खान पनि त्यति सजिलो कहाँ छ र ? विदेशको जागिरमा जोखिम पनि उत्तिकै छ । त्यसैले मलाई त स्वरोजगार हुनु नै राम्रो लाग्छ । यसमा मालिक पनि आफैँ अनि श्रमिक पनि आफैँ हुन पाइन्छ ।

तुलसी : बिदेसी जागिरे हुनुभन्दा त स्वरोजगार हुनु पो ठिक रहेछ तर यसका चुनौती पनि त होलान् नि त ? यसबारे तपाईँको अनुभव पनि सुनाउनुहोस् न !

मातृका : हो, तपाईँले ठिक कुरा उठाउनुभयो । यसका चुनौती पनि छन् । साहस, आत्मविश्वास र लगनशीलताबाट नै यस क्षेत्रमा सफलता पाउन सकिन्छ । यसमा निरन्तर परिश्रमको आवश्यकता पर्छ । अरूको विश्वास जित्न सक्नाले नै राम्रो व्यवसायी बन्न सकिन्छ । एकै पटकमा धेरै आम्दानी गर्छु भनेर महत्त्वाकाङ्क्षी हुनुहुँदैन । जुन क्षेत्रको काम गर्ने हो त्यसको बारेमा केही न केही पूर्व जानकारी आवश्यक पर्छ ।

तुलसी : तपाईँले यसबाट के के सफलता पाउनुभयो त अहिलेसम्म ?

मातृका : स्वरोजगारमा लाग्दा अरूलाई पनि रोजगारी दिन सकिँदो रहेछ । तरकारी खेतीमा लागेर मैले छोराछोरीलाई राम्रै विद्यालयमा पढाएको छु । ऋण मुक्त भएको छु । मैले त केही बाख्रा पनि पालेको छु । बर्सेनि खसीबोका बेचेर त्यसबाट पनि कमाइ राम्रै भएको छ ।

तुलसी : तपाईँलाई भेटेर धेरै कुरा थाहा पाएँ । कृषिक्षेत्रअन्तर्गतका स्वरोजगारीका काम चाहिँ के के हुन सक्लान् ?

मातृका : तपाईँले ज्यादै महत्त्वपूर्ण विषयमा जिज्ञासा राख्नुभयो । हाम्रो देश कृषिप्रधान मुलुक हो । यहाँ धेरै जनता कृषिमा आश्रित छन् । कृषिलाई आधुनिकीकरण गर्दै उत्पादनमा लागियो भने यसबाट बढी प्रतिफल लिन सकिन्छ । आफ्नै जमिनमा तरकारी, फलफूल खेती गर्न सकिन्छ । गाई तथा भैँसीपालन गरी दुग्ध व्यवसाय गर्न सकिन्छ । कुखुरापालन, माछापालन, बाख्रापालन, मौरीपालन, पुष्पव्यवसाय, फलफूल खेती, नर्सरी आदिबाट आयआर्जन गर्न सकिन्छ ।

तुलसी : तपाईँले त मेरो आँखा नै खोलिदिनुभयो मातृकाजी । आफ्नो बारी बाँझै छ । त्यसैलाई कोट्याउने कला पो सिकाउनुभयो त ।

मातृका : अहिले धेरै युवा आफूलाई मन पर्ने व्यवसायसम्बन्धी तालिम लिएर स्वरोजगारमा

लागेका छन् । वैदेशिक रोजगारी छाडेर र स्वदेशकै जागिर त्यागेर पनि स्वरोजगार बनेका उदाहरण छन् । सानो काम गर्दागर्दै ठुलो उद्यमी बन्न सकिन्छ । अर्गानिक तरकारीको माग बजारमा निकै बढेको छ । कृषिजन्य वस्तुको अनलाइन बिक्रीवितरण पनि सुरु भएको छ । सहरी क्षेत्रमा यस कार्यलाई विस्तार गर्न सकिन्छ ।

तुलसी : हो है । कपाल काटेर पनि अहिले त धेरै पैसा कमाउन सकिन्छ रे । हिजो कपाल काट्ने भाइले भनेको ।

मातृका : कपाल काट्ने पेसा पनि आम्दानीको राम्रो क्षेत्र हो नि । यसबाट अहिले वार्षिक अर्बौं रुपियाँ बिदेसिएको छ । यससम्बन्धी तालिम लिएर जुनसुकै गाउँमा पनि यो व्यवसाय सुरु गर्न सकिन्छ । यसबाट बिदेसिएको रकमले हाम्रो जीवनस्तर पनि माथि उठ्छ । देशको पैसा देशभित्रै रहन्छ । यसबाट देशलाई धनी बनाउन सहयोग पुग्छ ।

तुलसी : आज तपाईंलाई भेटेर निकै राम्रो भयो । मैले आफ्नो सोच परिवर्तन गरेँ । म पनि अब आफ्नै देशमा बसेर स्वरोजगार बन्छु । म आफ्नो पुँजी, ज्ञान र सिप आफ्नै देशको माटामा खन्याउँछु । अब म एउटा काममा लागेर आफू र आफ्नो परिवारलाई आर्थिक रूपमा सबल बनाउने छु । म पनि तपाईं जस्तै सफल व्यवसायी बन्ने अठोट गर्छु ।

मातृका : हुन्छ साथी ! तपाईंले आफ्नो निर्णय मलाई पनि राम्रो लाग्यो । युवाको मिहिनेतबाट नै हाम्रो देश उन्नत बन्छ । शिक्षित युवा जनशक्ति अब आफ्नै देशभित्र रहेर स्वरोजगारमा लाग्नुपर्छ । युवाको जाँगर र श्रम माटामा उपयोग गरियो भने हामी आत्मनिर्भर बन्न सक्छौँ । यसबाट देश र जनता सबैको उन्नति हुन्छ ।

तुलसी : धन्यवाद साथी ! तपाईंलाई भेटेर आज मैले धेरै कुरा थाहा पाएँ । अब म विदेश नजाने निर्णयमा पुगेँ । अब त म अरूलाई पनि विदेश होइन स्वदेशमै स्वरोजगारीमा लागेर आफ्नै देशमा बस्न सल्लाह दिन्छु । नयाँ चाहना पो पलाएर आयो ममा पनि ।

मातृका : ल त म पनि बाख्रालाई घाँस लिन वनतिर जान्छु । आजलाई छुटौँ । पछि पनि भेट्दै गरौँ है त !

(मातृका वनतिर लाग्छन् । तुलसी निकै गम्भीर मुद्रामा आफ्नै घरतिर जान्छन् ।)

## शब्दभण्डार

### १. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| बिक्री | हरेक वर्ष |
| व्यवसायी | सम्पत्ति |
| नर्सरी | परालबाट बनेको सुकुल |
| आत्मनिर्भर | बेच्ने काम |
| बर्सेनि | काठको काम गर्ने कारिगर |
| गुन्द्री | बिरुवा हुर्काउने ठाउँ |
| सिकर्मी | व्यवसायमा लागेको |
| | आफ्नै खुट्टामा उभिएको |

### २. शब्दकोश हेरेर तलका शब्दको अर्थ लेख्नुहोस् :

खेतीपाती, स्वरोजगार, परिश्रम, सहुलियत, गोडमेल, मलजल, रोजगारी, पुष्पव्यवसाय, कृषि

### ३. दिइएका पारिभाषिक शब्द एवम् तिनका अर्थ पढ्नुहोस् र बुझ्नुहोस् :

प्रश्नावली : कुनै कुराको अध्ययन तथा अनुसन्धानका लागि निर्मित प्रश्नको सूची (शिक्षा)

सम्पादक : समाचार सम्पादन गर्ने व्यक्ति (सञ्चार)

ऐलानी : सरकारी जग्गा, कसैको नाममा दर्ता नभएको जग्गा (भूमि व्यवस्था)

आशुकवि : तुरुन्तै कविता रचना गर्न सक्ने कवि (साहित्य)

शिलालेख : ढुङ्गामा लेखिएको लेख (पुरातत्त्व)

निक्षेप : निश्चित व्याज पाइने गरी बैङ्कमा जम्मा गरेको धन (अर्थशास्त्र)

जमानत : धरौटी (कानुन)

कुपोषण : स्वास्थ्यलाई हित नगर्ने किसिमका खानेकुरा (स्वास्थ्य)

क्षेप्यास्त्र : हुत्याएर प्रहार गरिने हतियार (प्रविधि)

जीवकोश : आफैँमा परिपूर्ण भएका सूक्ष्म जीवाणु (जीवविज्ञान)

## ४. मिल्ने पारिभाषिक शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(छन्द, निःशुल्क, पदोन्नति, सुकुम्बासी, अधिवक्ता)

(क) नेपालमा माध्यमिक तहसम्म ............. पढाइने व्यवस्था छ ।

(ख) सरकारले ............. समस्या समाधान गर्ने भएको छ ।

(ग) ............. मिलाएर कविता लेख्न कठिन हुन्छ ।

(घ) यही वर्ष राधिकाको अधिकृतमा ............. भएको छ ।

(ङ) रश्मिला सरकारी ............. बनेकी छिन् ।

## ५. शब्दको अर्थ कोष्ठकमा दिइएको छ । शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

(क) दूरसञ्चार (टाढासम्म समाचार पुऱ्याउने कार्य)

(ख) निकुञ्ज (वन्यजन्तुका सुरक्षाका लागि आरक्षित जङ्गल)

(ग) रेखाचित्र (रेखा नै रेखाद्वारा तयार पारिएको चित्र)

(घ) जीवाणु (नाङ्गो आँखाले देख्न नसकिने सूक्ष्म जीव)

(ङ) तारापुञ्ज (राति आकाशमा झल्कने प्रकाश पिण्डको समूह)

६. ‘पलाएको चाहना’ पाठबाट पाँचओटा पारिभाषिक/प्राविधिक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

७. अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल छानेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सुटुक्क | आइपुग्नु |
| ड्याम्म | टाँसिनु |
| थ्याच्च | पड्कनु |
| गल्र्याम्म | बस्नु |
| ट्याप्प | ढल्नु |
| पुलुक्क | चुहिनु |
| टुप्लुक्क | बस्नु |
| झुलुक्क | भाग्नु |
| तपतप | पोल्नु |
| थचक्क | झुल्कनु |
| भतभती | हेर्नु |

८. माथि ७ नं मा अनुकरणत्मक शब्द र क्रियामूल जोड्दा बनेका पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

## बोध र अभिव्यक्ति

### १. तल दिइएका शब्दलाई उच्चारण गर्नुहोस् :

स्वरोजगारी, जीविकोपार्जन, पुष्पव्यवसास, दृढ, प्लम्बिङ, प्रशिक्षण, महत्त्वाकाङ्क्षी, ऋण, जीवनस्तर

### २. 'पलाएको चाहना' पाठ पढेर सुनाउनुहोस् ।

### ३. तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) मातृका के काम गर्छन् ?

(ख) तुलसीलाई किन विदेश जान मन लागेको हो ?

(ग) आफ्नै पुँजी लगाएर काम गर्दा के फाइदा हुन्छ ?

(घ) मातृकाले तुलसीलाई के सल्लाह दिए ?

(ङ) सफल उद्यमी बन्न के गर्नुपर्छ ?

### ४. भावविस्तार गर्नुहोस् :

(क) उखरमाउलो गर्मीमा पसिना बगाउनुभन्दा त आफ्नै देशको माटामा पसिना बगाउनु राम्रो हो ।

(ख) युवाको मिहिनेतबाट नै हाम्रो देश उन्नत बन्छ ।

## ५. तल दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) मातृका किन आफ्नै देशमा फर्केका हुन् ?

(ख) स्वरोजगारी भनेको के हो ?

(ग) स्वरोजगारीका क्षेत्र के के हुन् ?

(घ) राम्रो आम्दानी गर्न सकिने कुनै पाँच व्यवसाय के के होलान् ?

(ङ) स्वरोजगार कोषको उद्देश्य के हो ?

(च) यस संवादबाट के शिक्षा प्राप्त गर्न सकिन्छ ?

## ६. पाठ पढेर विषयवस्तुका मुख्य मुख्य घटना टिप्नुहोस् ।

## ७. 'पलाएको चाहना' पाठको सारांश लेख्नुहोस् ।

## ८. लामो उत्तर लेख्नुहोस् :

(क) यस संवादमा पलाएको चाहना कसरी देखाइएको छ, स्पष्ट पार्नुहोस् ।

(ख) 'विदेशको जागिर खानुभन्दा स्वरोजगारमा लाग्नु वेश' भन्ने भनाइलाई पाठका आधारमा पुष्टि गर्नुहोस् ।

## ९. पाठका अन्तिम दुई संवाद सार्नुहोस् ।

## १०. तुलसीका ठाउँमा तपाईँ हुनुभएको भए विदेश जानुहुन्थ्यो कि स्वदेशमै स्वरोजगार गरेर बस्नुहुन्थ्यो ? आफ्ना विचार लेख्नुहोस् ।

## ११. तलको अंश सुनेर लेख्नुहोस् :

आज तपाईँलाई भेटेर निकै राम्रो भयो । मैले आफ्नो सोच परिवर्तन गरेँ । म पनि अब आफ्नै देशमा बसेर स्वरोजगार बन्छु । म आफ्नो पुँजी, ज्ञान र सिप आफ्नै देशको माटामा खन्याउँछु । अब म एउटा काममा लागेर आफू र आफ्नो परिवारलाई आर्थिक रूपमा सबल बनाउने छु । म पनि तपाईँ जस्तै सफल व्यवसायी बन्ने अठोट गर्छु ।

१२. नेपालमा स्वरोजगारीका के के सम्भावना छन् ? लेख्नुहोस् ।

१३. तल दिइएको चित्र हेर्नुहोस् र वर्णन गर्नुहोस् :





१४. आफू बसेको ठाउँजत्तिकै राम्रो अर्को ठाउँ देखेपछि तपाईँका मनामा कस्तो अनुभूति पैदा भयो ? लेख्नुहोस् ।

१५. गाउँका युवा विदेश पलायन भए भने गाउँको अवस्था कस्तो हुन्छ होला ? पाँच बुँदामा लेख्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. कोष्ठकमा दिइएका संयोजक प्रयोग गरी तलका वाक्य जोडेर एउटा वाक्य बनाउनुहोस् :

(क) म आज बाहिर निस्कन्नँ । आज पानी परेको छ । (किनभने)

(ख) म आउँछु । म धेरै बेर बस्दिनँ । (तर)

(ग) सरिता गीत गाउँछे । सरिता नाच्छे । (र)

(घ) ऊ राम्रोसँग पढ्छ । उसले पुरस्कार पाउँछ । (जो त्यो)

(ङ) म बिरामी छु । म परीक्षा दिन्छु । (तापनि)

वाक्यलाई जोड्ने पदलाई संयोजक भनिन्छ ।

## २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

**विस्मयादिबोधक** : धत्, आत्था, आहा, ओहो, हरे

**निपात** : त, नि, ल, है, क्यारे

## ३. तल दिइएको गद्यांश पढ्नुहोस् र त्यहाँ कुन कुन लेख्य चिह्नका प्रयोग भएका छन्, भन्नुहोस् :

आहा ! सराङकोट त ज्यादै राम्रो ठाउँ रहेछ । अमरेश, जगदीश, निर्मल र मुना आज त्यहाँ घुम्न जाँदै छन् । के तपाईं पनि उनीहरूसँग जानुहुन्छ ? भाइबहिनी पनि त्यहाँ जान्छन् । त्यहाँ त विदेशी पर्यटक पनि जान्छन् रे !

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) पूर्णविराम चिह्न | ? |
| (ख) अल्पविराम चिह्न | ! |
| (ग) योजक चिह्न | – |
| (घ) कोष्ठक चिह्न | । |
| (ङ) उद्गार चिह्न | ( ) |
| (च) प्रश्न चिह्न | , |

## ५. तल दिइएका वाक्यलाई उपयुक्त लेख्य चिह्नको प्रयोग गरी लेख्नुहोस् :

(क) छि यहाँ त धेरै फोहोर रहेछ ?

(ख) रचना सरोज सिर्जना र अनामिका पोखरा गए ।

(ग) महामारीले गर्दा विश्वमा धेरै धनजनको क्षति भयो ।

(घ) के गायत्री र नेत्र दिदी रारा घुम्न जानुहोला ।

(ङ) आहा ! कति सुन्दर हिमाल देखियो ?

६. तल दिइएका शब्द पढ्नुहोस् र शब्दका सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लागेर बनेका तल दिएका जस्तै पाँच पाँचओटा शब्द टिप्नुहोस् :

बुढ्याइँ, धुपौरो, दुधालु, युवक, सुन्तला, बुबा, दुब्लो कुकुर, बाटुलो, गरुड, लुसुक्क

| सुरूमा ह्रस्व उकार लागेका शब्द | बिचमा ह्रस्व उकार लागेका शब्द | अन्त्यमा ह्रस्व उकार लागेका शब्द |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

७. 'पलाएको चाहना' पाठबाट शब्दका सुरु र बिचमा ह्रस्व उकार (उ/ ु) लागेर बनेका पाँच पाँचओटा शब्द टिपी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

## सुनाइ बोलाइ

### तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

टनेललाई प्राविधिक भाषामा संरक्षित संरचना भनिन्छ । बोटबिरुवाका लागि पूर्ण वा आंशिक रूपमा अनुकूल वातावरण बनाई प्रतिकूल मौसममा समेत उत्पादन लिन यस्तो संरचना बनाइन्छ । टनेलको प्रयोग मुख्यत: उत्पादकत्व वृद्धि गर्न, बेमौसमी उत्पादन लिन र सङ्क्रमणरहित बाली उत्पादन गर्न हुन्छ । नेपालमा प्रचलित टनेलको संरचनालाई अस्थायी, अर्धस्थायी र स्थायी गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । कम लागत र वर्षायाममा तरकारीलाई पानीबाट जोगाई उत्पादन लिन सकिने पाँचदेखि

छ मिटर चौडाइ तथा १२ देखि २५ मिटरसम्म लम्बाइ भएका, बाँस वा युभी प्लास्टिक प्रयोग गरी बनाइएका संरचना अस्थायी हुन् । यस्ता संरचनाबाट दुईतीन वर्षसम्म उत्पादन लिन सकिन्छ । जिआई पाइपको प्रयोग गरी संरचनाका मुख्य खाँबा र धुरी निर्माण गरिएका कम्तीमा ८–१० वर्षसम्म उत्पादन लिन सकिने संरचना अर्धस्थायी हुन् । यसअन्तर्गत जिआई पाइप प्लास्टिक घर र डोम आकारका प्लास्टिक घर पर्दछन् । जिआई पाइपका प्लास्टिक घर मध्य पहाडी क्षेत्रमा उपयुक्त मानिन्छन् । स्थायी संरचनाअन्तर्गत जालीघर, प्राकृतिक हावादारहरित गृह र उच्च प्रविधियुक्त हरितगृह पर्दछन् । बाह्रै महिना उत्पादन लिन सिँचाइ, तापक्रम र सापेक्षित आर्द्रता स्वचालित भएका जिआई पाइप र युभी प्लास्टिकबाट निर्मित हरितगृह उपयुक्त हुन्छन् ।

### १. पाठ सुनेर तल दिइएका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) टनेललाई संरक्षित संरचना भनिन्छ ।

(ख) नेपालमा बनेका टनेललाई चार भागमा वर्गीकरण गर्न सकिन्छ ।

(ग) कम्तीमा ८–१० वर्षसम्म उत्पादन लिन सकिने संरचना अर्ध स्थायी हुन् ।

(घ) अनुकूल मौसममा उत्पादन लिन टनेलको निर्माण गरिन्छ ।

(ङ) बाँस वा युभी प्लास्टिक प्रयोग गरी बनाइएका संरचना अस्थायी हुन् ।

### २. पाठ सुनेर सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) टनेल किन बनाइन्छ ?

(ख) टनेललाई कति भागमा वर्गीकरण गरिएको छ ?

(ग) अस्थायी प्रकृतिका टनेलबाट कति वर्षसम्म उत्पादन लिन सकिन्छ ?

(घ) जिआई पाइपबाट प्लास्टिक घर कुन क्षेत्रमा उपयुक्त मानिन्छ ?

(ङ) स्थायी प्रकृतिका संरचनाअन्तर्गत कस्ता हरितगृह पर्दछन् ?

## सिर्जनात्मक कार्य

### १. 'रैथाने बालीको संरक्षण' शीर्षकमा दुई पात्रबिचको संवाद लेख्नुहोस् ।

# पाठ ४

## पूर्वपठन

तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :



(क) माथिको चित्रमा भएका कसकसलाई चिन्नुहुन्छ ?

(ख) माथिको चित्र हेर्नुहोस् र तपाईँले चिनेका मानिसका एक एक योगदान बताउनुहोस् ।

(ग) के तपाईँको नजिकमा पनि यस्तो योगदान गर्ने मानिस छन् ?

# भूपि शेरचन



साहित्य सिर्जनामा लाग्ने व्यक्ति साहित्यकार हुन् । साहित्यकारले पाठकको मन छुने र समाजको वास्तविकता देखाउने रचना गर्छन् । भूपि शेरचन पनि थोरै लेखेर धेरै नाम कमाउने सफल स्रष्टाहरूमध्ये एक हुन् । उनको जन्म गण्डकी प्रदेश, मुस्ताङ जिल्लाको थाकटुकुचेमा वि.सं. १९९२ पुस १२ गते भएको थियो । उनको वास्तविक नाम भूपेन्द्रमान शेरचन हो । उनका बाआमाको नाम हितमान शेरचन र पद्मकुमारी शेरचन हो । उनी पाँच सन्तानमध्ये कान्छा थिए । उनी पाँच वर्षको हुँदा उनकी आमाको निधन भयो । उनी सानै उमेरमा मातृस्नेहबाट वञ्चित भए । आमाको मायाबाट वञ्चित भएका शेरचन सानैदेखि गम्भीर स्वभावका थिए । मातृवियोगका कारण उनको बाल्यकाल सङ्घर्षपूर्ण रह्यो ।

भूपिले विद्यालय जान पाएनन् । उनलाई घरमै शिक्षक राखेर अक्षर सिकाउने काम गरियो । पछि अध्ययनकै सिलसिलामा उनलाई परासी जिल्ला लगियो । त्यस बेला उनका दाजु परासीमा माल अड्डाका हाकिम थिए । त्यहीँ बसेर उनले प्राथमिक तहको शिक्षा आर्जन गरे । उनी सानैदेखि पढाइमा रुचि राख्थे । केही समयपछि उनलाई भारतको नौतनवा लगियो । त्यहाँ बसेर उनले हिन्दी र अङ्ग्रेजी भाषामा अध्ययन गर्न थाले । त्यहाँबाट दश वर्षको उमेरमा उनी बनारसको सेन्ट्रल हिन्दु विद्यालयमा भर्ना हुन पुगे । उनले त्यहीँबाट मेट्रिक परीक्षा उत्तीर्ण गरे । त्यसपछि बनारसकै डी.ए.भी. कलेजमा भर्ना भई आई.एस्सीको अध्ययन गर्न थाले । विज्ञान विषयमा उनको त्यति रुचि नभएकाले एक वर्षको अध्ययनपछि उनी कला विषय पढ्न थाले । उनले भारतको इलाहाबादबाट आई.ए. परीक्षा उत्तीर्ण गरे । त्यसपछि उनले काठमाडौँको नेसनल कलेजमा स्नातक तहको अध्ययन गर्न थाले । व्यावहारिक कठिनाइले गर्दा उनले स्नातकको अध्ययन पूरा गर्न सकेनन् ।

बिस वर्षको उमेरमा उनी वैवाहिक जीवनमा बाँधिए । भूपि मिलनसार, सरल र मृदुभाषी

थिए । उनमा चित्रकला, सङ्गीत र समाजसेवामा पनि विशेष रुचि थियो । वि.सं. २०२० देखि करिब सात वर्षसम्म उनी पोखरामा बसे । यहाँ रहँदा उनले नेपाल रेडक्रस संस्थाको कोषाध्यक्षका रूपमा रही काम गरेका थिए । उनले त्यहाँ एक विद्यालयसमेत खोलेका थिए । भूपि स्वाभिमानी र स्वतन्त्रताप्रेमी थिए । अरूको हकअधिकारका लागि लड्ने भूपि अन्याय, अत्याचार र शोषणका विरोधी थिए । उनी भावुक स्वभावका थिए ।

जीवनका विभिन्न दुःखदायी घटनाले उनलाई नेपाली साहित्यका एक प्रसिद्ध कवि बनायो । भूपिमा राजनीतिक चेतनासमेत थियो । भूपि एक स्वच्छन्दतावादी–प्रगतिवादी कवि थिए । भूपिका परिवर्तन (नाटक–२०१०), नयाँ झ्याउरे (कविता सङ्ग्रह –२०११), निर्झर (कविता सङ्ग्रह – २०१५), घुम्ने मेचमाथि अन्धो मान्छे (कविता सङ्ग्रह –२०२५) र भूपि शेरचनका कविता प्रकाशन भएका छन् । यीबाहेक अन्य थुप्रै कविता विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । भूपि सरल भाषामा गहन भाव व्यक्त गर्ने प्रसिद्ध व्यङ्ग्यवादी कवि थिए । भूपिले आफ्ना कवितामा बिम्ब र प्रतीकको प्रयोग गरेका छन् । राम्रा राम्रा गद्य कविता रच्ने भूपि प्रकृतिप्रेमी, देशप्रेमी, राष्ट्रवादी, मानवतावादी कवि थिए । उनको कवित्व शक्ति सशक्त थियो । उनी प्रसिद्ध गीतकार पनि थिए । 'यो नेपाली शिर उचाली संसारमा लम्किन्छ, जुनकिरी झैँ ज्योति बाली अन्धकारमा चम्किन्छ' भन्ने उनको गीत लोकप्रिय छ । हामी, सहिदहरूको सम्झनामा, मेरो देश, मैनबत्तीको शिखा, घण्टाघर, घुम्ने मेचमाथि अन्धो मान्छे आदि उनका निकै चर्चित कविता हुन् । उनले समाजका विसङ्गति, विकृतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको चाहना राखेका छन् । भूपिलाई वि.सं. २०२६ मा साझा पुरस्कारद्वारा सम्मानित गरिएको थियो । उनको कवित्व शक्तिको उच्च प्रशंसा गर्दै तत्कालीन राजा महेन्द्रले स्याबासीसहित इनाम पनि दिएका थिए । उनी वि.सं. २०३७ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्यसमेत भएका थिए । उनले त्यहाँबाट प्रकाशन हुने 'कविता' र 'प्रज्ञा' नाम गरेका साहित्यिक पत्रिकाको सम्पादन गरेका थिए । उनले अन्तर्राष्ट्रिय युवा फेस्टिबलमा नेपालको प्रतिनिधित्व गर्दै तत्कालीन सोभियत सङ्घको भ्रमण गरेका थिए ।

संसारमा जन्मिएका सबैको एक न एक दिन निधन हुन्छ । नेपाली साहित्यका एक प्रसिद्ध कवि भूपि शेरचनको पनि वि.सं. २०४६ जेठ १ गते ५४ वर्षको उमेरमा देहावसान भयो । उनको मृत्युसँगै नेपाली साहित्य जगत्ले एक होनहार प्रतिभा गुमायो । उनको भौतिक शरीर आज हाम्रो सामु छैन तापनि उनका उत्कृष्ट कविता कृतिले गर्दा उनी अमर भएका छन् ।

## शब्दभण्डार

१. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| शिव | अन्डा |
| सब | कीर्ति |
| दिन | पुष्प |
| दीन | लास |
| यश | चौबिस घन्टाको समय |
| यस | सम्पूर्ण |
| फुल | दुःखी |
| फूल | यो |
| | काज |

२. उदाहरणमा दिइए जस्तै तल दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

**उदाहरण** : **शीत** - जाडो महिनामा धेरै शीत पर्छ ।

**सित** - मसित कलम छ ।

कोश, कोस, खालि, खाली, नशा, नसा, पुरा, पूरा, जाति, जाती, फेरि, फेरी पारि, पारी

३. दशओटा श्रुतिसमभिन्नार्थी शब्द खोजी तिनको अर्थ लेख्नुहोस् ।

## बोध र अभिव्यक्ति

### १. तल दिइएका शब्दलाई उच्चारण गर्नुहोस् र कापीमा सार्नुहोस् :

साहित्यकार, स्रष्टा, मातृस्नेह, वञ्चित, उत्तीर्ण, मृदुभाषी, दुःखदायी, प्रतीक, प्रतिष्ठान, कृति

### २. 'भूपि शेरचन' पाठ सकेसम्म थोरै समयमा सस्वरवाचन गरी सुनाउनुहोस् ।

### ३. पाठका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :

(क) भूपिको पूरा नाम भूपेन्द्रमान शेरचन हो ।

(ख) भूपि आफ्नो पिताका पाँचौँ सन्तानमध्ये माहिला थिए ।

(ग) भूपिको बाल्यकाल पोखरामा बित्यो ।

(घ) भूपिले सेन्ट्रल हिन्दु विद्यालयबाट मेट्रिक परीक्षा उत्तीर्ण गरे ।

### ४. तल दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) भूपिको बाल्यकाल कसरी बित्यो ?


(ख) भूपिको शिक्षाबारे चर्चा गर्नुहोस् ।

(ग) भूपिका कृति र उनले पाएका पुरस्कारको नाम लेख्नुहोस् ।

(ङ) भूपि शेरचनको जीवनीबाट के प्रेरणा पाइन्छ ?

### ५. 'थोमस एल्भा एडिसन' को बारेमा लेखिएको तलको जीवनी पढ्नुहोस् र अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

# थोमस एल्भा एडिसन



यन्त्र उपकरणको निर्माणमा विद्युत् शक्तिको भूमिका हुन्छ । विद्युत्बाट कलकारखाना र उद्योगधन्दा सञ्चालन गरी विकसित मुलुक समृद्ध बनेका छन् । अमेरिकी महान् आविष्कारक थोमस एल्भा एडिसनले विद्युतीय चिम, फोनोग्राफ, ब्याट्रीलगायतका वस्तु आविष्कार गरेका छन् ।

थोमस एल्भा एडिसनको जन्म सन् १८४७ फेब्रुअरी ११ का दिन अमेरिकाको ओहायो राज्यअन्तर्गत पर्ने मिलान गाउँमा भएको थियो । उनी स्यामुएल एडिसन र न्यान्सी एडिसनका कान्छा सन्तान हुन् । उनी सात वर्षको उमेरमा विद्यालय भर्ना भए । उनकी आमाले घरमै भाषा र गणित सिकाइन् । उनी आविष्कार र आधुनिक प्रविधिसँग गाँसिएका समाचार तथा लेखहरू, पुस्तकहरू खोजी खोजेर पढ्थे । बिस्तारै उनले टेलिग्राफ अपरेटरको काम सिके । पन्ध्र वर्षको उमेरमा उनी टेलिग्राफ अपरेटिङमा सिद्धहस्त भइसकेका थिए ।

सन् १८६८ मा बोस्टन गएपछि उनले विद्युतीय भोटिङ रेकर्डर मेसिनको आविष्कार गरे । सन् १८६९ मा न्युयोर्क गएर उनले युनिभर्सल स्टक प्रिन्टर नामक यन्त्रको आविष्कार गरे । त्यो आविष्कारलाई एउटा टेलिग्राफ कम्पनीले चालिस हजार डलरमा किन्यो । यसबाट आएको पैसाले उनले न्युजर्सीको नेवार्कमा सन् १८७० मा एउटा सानो प्रयोगशाला बनाए ।

सन् १८७६ मा न्युजर्सीकै मेन्लो पार्कमा उनले विशाल प्रयोगशाला र औद्योगिक यन्त्रहरूको अनुसन्धान र बिक्री केन्द्र स्थापना गरे । सन् १८७७ मा उनले पहिलो ध्वनि रेकर्ड गर्ने फोनोग्राफ बनाए । सन् १८७९ मा उनले आजकल हामीले प्रयोग गर्ने बिजुलीको बल्बको आविष्कार गरे ।

उनले चलचित्र बनाउने क्यामेरा, फोनोग्राफ पनि बनाए । उनको नाममा अमेरिकामा १०९३ ओटा पेटेन्ट राइट (प्रतिलिपि अधिकार) सुरक्षित छ । यस्ता महान् वैज्ञानिकको निधन सन् १९३१ अक्टोबर १८ मा भयो ।

## प्रश्न

(क) थोमस एल्भा एडिसनको शिक्षाबारेमा वर्णन गर्नुहोस् ।

(ख) थोमस एल्भा एडिसनले के के आविष्कार गरे ?

(ग) थोमस एल्भा एडिसनको जीवनीका मुख्य मुख्य घटना लेख्नुहोस् ।

(घ) कुन पहिले भएको हो, मिलाएर लेख्नुहोस् :

(अ) थोमस एल्भा एडिसन स्यामुएल एडिसन र न्यान्सी एडिसनका कान्छा सन्तान हुन् ।

(आ) उनकी आमाले घरमै भाषा र गणित सिकाइन् ।

(इ) बिजुलीको बल्बको आविष्कार गरे ।

(ई) उनले युनिभर्सल स्टक प्रिन्टर नामक यन्त्रको आविष्कार गरे ।

(उ) उनकी आमाले घरमै भाषा र गणित सिकाइन् ।

(ऊ) उनको निधन सन् १९३१ अक्टोबर १८ मा भयो ।

## ६. तलको अनुच्छेद मौनवाचन गरी त्यसबाट पाँचओटा बुँदा टिप्नुहोस् :

सङ्गीतसँग आफ्नो भावना गाँसिएको विचार राख्ने अम्बर गुरुङले वि.सं. २०१६ मा 'म अम्बर हुँ' र 'सम्हालेर राख' जस्ता गीतबाट आफ्नो साङ्गीतिक यात्रा सुरु गरेका थिए । त्यसपछि वि. सं. २०१८ मा वरिष्ठ साहित्यकार अगमसिंह गिरीद्वारा रचित 'नौ लाख तारा उदाए...' बोलको गीत उनको स्वर तथा सङ्गीतमा कलकत्तामा रेकर्डिङ भयो । प्रवासमा रहेर नेपालीहरूले भोग्नुपरेका दुःख र गर्नुपरेका सङ्घर्षलाई यस गीतमा अभिव्यक्त गरिएको छ । यसै गीतका कारण उनी चर्चाको शिखरमा पुगे । प्रवासी नेपालीको पक्षमा रचिएको उक्त गीतले तत्कालीन राजा महेन्द्र अत्यन्त प्रभावित भएका थिए । पछि उक्त गीत भारत सरकारले बजाउन प्रतिबन्धसमेत लगायो । यसबाट गुरुङ निराश बन्न पुगे । यस घटनाले उनलाई सङ्गीत क्षेत्र एउटा पेसा नभई सोखको विषय रहेछ भन्ने लाग्यो । सङ्गीतलाई पेसा बनाउने उद्देश्य

लिएका गुरुङले जीविका चलाउने सिलसिलामा कठिनाइ उत्पन्न भएपछि एकताक झन्डै साङ्गीतिक यात्रालाई छोडी तरकारी खेतीतर्फ लाग्न पुगेका थिए। पछि उनलाई पुनः सङ्गीततर्फ अभिप्रेरित गर्ने काम नेपाली साहित्यका स्रष्टा शङ्कर लामिछानेले गरे। यही क्रममा वि.सं. २०२५ तिर तत्कालीन राजा महेन्द्रसँग उनको भेट भयो। राजा महेन्द्रले उनलाई नेपाल आउन आग्रह गरे। राजाको आग्रहलाई स्विकार्दै पछि उनी नेपाल आए। वि.सं. २०२६ देखि नेपाल प्रज्ञा प्रतिष्ठानमा सङ्गीतज्ञका रूपमा काम गर्दै लगभग २८ वर्ष सेवारत रहे। गुरुङले नेपाल आगमनपछि धेरै कालजयी नेपाली गीतसङ्गीतको सिर्जना गरे।

## ७. तल दिइएको अनुच्छेद पढ्नुहोस् :

आज पुस १२ गते। आज कवि भूपि शेरचनको जन्मजयन्ती हो। उनको स्मृतिमा गरिएको कार्यक्रममा धेरै साहित्यकार उपस्थित छन्। साहित्यकारले भूपिलाई एक स्वाभिमानी र प्रतिभाशाली कविका रूपमा चिनाए। उनको कवित्व शक्तिको मुक्तकण्ठले प्रशंसा गरे। एक जना वक्ताले त भूपि जस्ता कवि नेपाली साहित्यमा पाउन कठिन छ भने। उनी सरल भाषामा गहन भाव व्यक्त गर्ने प्रसिद्ध व्यङ्ग्यवादी कवि पनि हुन् पनि भने। बिम्ब र प्रतीकको प्रयोग गरेर राम्रा राम्रा गद्य कविता रच्ने भूपि एक बेजोड प्रतिभा हुन् भन्ने धारणा पनि साहित्यकारले प्रकट गरे। त्यस कार्यक्रममा प्रकृतिप्रेमी, देशप्रेमी, मानवतावादी र प्रखर व्यङ्ग्यचेत भएका कविका रूपमा भूपिको सबैले उच्च प्रशंसा गरे।

तपाईंको साथी वा अन्य व्यक्तिले राम्रो काम गर्दा त्यसको प्रशंसा कसरी गर्नुहुन्छ, बोलेर अभिव्यक्त गर्नुहोस्।

## ८. तलको संवाद पढ्नुहोस् र तपाईंका पनि कुनै दुःखका क्षण भए यसरी नै संवाद बनाएर लेख्नुहोस् :

कालिका : ए हजुर ! लौ आयो। चिसो पानी आयो। चिसो पानी, चिसो पानी पिउनुहोस् हजुर ! तिर्खा मेटाउनुहोस्।

बटुवा : कति पैसा हो पानीको नानी ?

कालिका : एउटाको पच्चिस, दुइटाको पैँतालिस हजुर। चिसो पानी पिउनुहोस् हजुर। हाँसेर जिउनुहोस्। आयो है आयो, चिसो पानी आयो।

बटुवा : ए नानी ! तिमी किन विद्यालय नगएकी हँ ? पानी पो बेचिरहेकी छौ त ।

कालिका : (आँखाबाट आँसु झार्दै) खै के भनौँ र ! हामी जस्ता गरिबले कहाँ पढ्न पाउनु र ? (आँसु पुछ्न थाल्छिन्) खै म त ...।

बटुवा : ल तिमी त रुन पो थाल्यौ त ? किन के भयो ? भन न साथी, के भयो ?

कालिका : हाम्रो कथा तपाईँ सुन्न सक्नुहुन्न । भो नसुन्नुहोस् । मेरो दुःख मैसँग रहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. तल दिइएका वाक्य पढ्नुहोस् र सङ्गति पहिचान गर्नुहोस् :

(क) बहिनी पाठ पढ्छ । बहिनी पाठ पढ्छे । (लिङ्ग सङ्गति)

(ख) किसानहरू काम गर्छ । किसानहरू काम गर्छन् । (वचन सङ्गति)

(ग) तिमी खेतमा गयो । तिमी खेतमा गयौ । (पुरुष सङ्गति)

(घ) तपाईँ गीत गाउँछ । तपाईँ गीत गाउनुहुन्छ । (आदर सङ्गति)

### २. तल दिइएका वाक्यको पदसङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

(क) साथीहरू धेरै खेल्छ ।

(ख) दिदी र म घर जान्छु ।

(ग) तिमी पनि आँप रोप्छ ।

(घ) निशा धेरै बाठो केटी हो ।

(ङ) ठुलो मामा आज आउँछ ।

(च) उसको साथी आउँदै छन् ।

## ३. तल दिइएका वाक्यलाई कोष्ठकमा दिइएको निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :

(क) मेरो छोरो डाक्टर भयो । (स्त्रीलिङ्ग)

(ख) ऊ पढ्न गई । (पुलिङ्ग)

(ग) त्यो हिमाल अग्लो छ । (बहुवचन)

(घ) मामा गीत गाउनुहुन्छ । (स्त्रीलिङ्ग)

(ङ) मानिसहरू कथा पढ्छन् । (एकवचन)

(च) उनीहरूले काम गरेका छन् । (एकवचन)

(छ) तँ उपन्यास पढ्छेस् । (उच्च आदर)

(ज) तिमी राम्ररी पढ । (प्रथम पुरुष)

(झ) उहाँ पुस्तक पढ्नुहुन्छ । (निम्न आदर)

(ञ) ऊ पढ्छ । (मध्यम आदर)

(ट) उनीहरू खेल्छन् । (द्वितीय पुरुष)

## ४. तल दिइएका शब्दको बनोट प्रक्रिया हेर्नुहोस् :

वि + मान = विमान

| | |
|---|---|
| आ + शङ्का + आशङ्का | बे + काम = बेकाम |
| अधि + कार = अधिकार | अ + चल = अचल |
| प्र + कृति = प्रकृति | अबेला = अ+बेला |
| प्रशान्त = प्र+शान्त | उपहार = उप+हार |
| अनमोल = अन+मोल | आकर्षण = आ+कर्षण |
| अत्यधिक = अति+अधिक | बेवास्ता = बे+वास्ता |

## ५. तल दिइएका उपसर्गबाट तीन तीनओटा शब्द निर्माण गर्नुहोस् :

प्र, अप, अनु, नि, वि, आ, प्रति, सु, बे, बद, अ

## ६. शुद्ध शब्द छानेर लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| अध्याँरो | अध्यारोँ | अँध्यारो | ............................................. |
| पिँउदै | पिउदैँ | पिउँदै | ............................................. |
| जाँदै | जादैँ | जाँदैँ | ............................................. |
| गाँउँ | गाँउ | गाउँ | ............................................. |

## ७. ठिक ठाउँमा चन्द्रबिन्दु प्रयोग गरी तल दिइएका शब्द शुद्ध पार्नुहोस् :

आप, घास, हिडिदै छ, खादै छ, गयौ, आट, आखा, अगार

## ८. तल दिइएका शब्दको वर्णविन्यास मिलाएर लेख्नुहोस् :

भुगोल, समुह, अपुर्ण, उर्जा, भुमि, आफु, विभुति, पुर्व, प्रतिकुल, शुन्य, मुल्य, हिन्दु, भुपि, स्थुल

## ९. सुरु, बिच र अन्त्यमा दीर्घ उकार लागेका पाँचओटा शब्द खोजी टिपोट गर्नुहोस् ।

## सुनाइ बोलाइ

### तलको अंश पढेर उत्तर दिनुहोस् :

जीवनी कुनै व्यक्तिको जीवनलाई स्पष्ट पार्ने गरी लेखिएको क्रमबद्ध लेख हो । यसमा मानिसले जीवनभरि गरेका कामको अभिलेख राखिन्छ । जीवनीलाई जीवन चरित्र पनि भनिन्छ । जीवनी राष्ट्र र मानव समाजको उन्नति र भलाइका लागि योगदान दिने व्यक्तिका बारमो लेखिने लेख हो । जीवनीले व्यक्तिको चिनारी दिन्छ । त्यसैले जीवनी लेख्दा लेखकले सम्बन्धित व्यक्तिका बारे आधिकारिक तथ्य र प्रामाणिक विषयवस्तुमा ध्यान दिनुपर्छ ।

जीवनीमा काल्पनिक र शङ्कास्पद तथ्यहीन कुरालाई राख्नु हुँदैन । जीवनी लेख्दा व्यक्तिको दैनिकी, चिठी, अभिलेख, संस्मरण, पुस्तक, फोटो, अन्तर्वार्तालगायत प्राप्त अभिलेखलाई आधार मान्नुपर्छ । यसमा जन्म, बाल्यकाल, पारिवारिक जीवन, प्रमुख कार्य, योगदान, पाएको पुरस्कार, सम्मान, निष्कर्ष, मूल्याङ्कन आदि लेखिन्छ । जीवनीको भाषा सरल र मिठासपूर्ण हुनुपर्छ । यसमा आवश्यकतानुसार अनुच्छेद बदली लेख्नुपर्छ ।

### १. पाठ सुनेर ठिक बेठिक छुट्याउनुहोस् :

(क) जीवनीमा मानिसले जीवनभर गरेका कामको अभिलेख राखिन्छ ।

(ख) जीवनीले व्यक्तिको चिनारी दिँदैन ।

(ग) जीवनीको भाषा जटिल हुनुपर्छ ।

(घ) जीवनीमा तथ्यहीन कुरालाई राख्नुहुँदैन ।

### २. पाठ सुनेर उत्तर भन्नुहोस् :

(क) जीवनी के हो ?

(ख) जीवनी लेख्दा लेखकले के कुरामा ध्यान दिनुपर्दछ ?

## सिर्जना/परियोजना

### १. तल दिइएका बुँदाका आधारमा जीवनी तयार पार्नुहोस् :

**नाम :** विष्णुकुमारी वाइबा

**साहित्यिक नाम :** पारिजात

**जन्ममिति :** वि.सं. १९९० फागुन ३० गते

**जन्मस्थान :** भारतको दार्जिलिङ

**आमा/बुबा :** अमृत मोक्तान/ के.एन.बाइबा

**शिक्षा :** स्नातक (बी.ए.)

**प्रकाशित कृति :** शिरीषको फूल, महत्ताहीन जस्ता उपन्यास, आदिम देश, सडक र प्रतिभा जस्ता कथासङ्ग्रह, आकाङ्क्षा, बैँसालु वर्तमान जस्ता कविता सङ्ग्रह, लालीगुराँसको फेदमा (आत्मवृतान्त) आदि

**विशेषता :** बहुमुखी प्रतिभा सम्पन्न विशिष्ट नारी स्रष्टा, प्रगतिवादी चेतना, नारीवादी चिन्तन, गरिबवर्गप्रति सहानुभूति, मानवतावादी दृष्टिकोण, सरल र सरस भाषा तथा प्रतीकात्मक शैली

**संलग्नता :** पत्रकारिता, शिक्षण, मानव अधिकार, महिलामुक्ति, प्रगतिशील लेखक सङ्घको अभियन्ता, त्रि.वि. सभाको मनोनीत सदस्य

**सम्मान/पुरस्कार :** मदन पुरस्कार (२०२२), गङ्की वसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार, प्रज्ञा प्रतिष्ठानद्वारा विद्वत्वृत्ति

**निधन :** वि.सं. २०५० वैशाख ५ गते, काठमाडौँ

२. तपाईँको आमा, बाबु वा कसैका बारेमा निम्नलिखित विवरण खोजेर व्यक्तिवृत्त तयार पार्नुहोस् :

नाम : ......................................................................................

जन्ममिति : ......................................................................................

आमाको नाम : ......................................................................................

बाबुको नाम : ......................................................................................

ठेगाना : ......................................................................................

शिक्षा : ......................................................................................

पेसा : ......................................................................................

महत्त्वपूर्ण काम : ......................................................................................

# पाठ ५

# पूर्वपठन

तलको चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :





(क) चित्रमा के के देख्नु भयो ?

(ख) मानिले किन योगासन गर्छन् ?

(ग) मोटोपनाले के के हानि गर्छ ?

# योग र स्वास्थ्य

योग शब्दको अर्थ सम्मिलित हुनु वा एक हुनु हो । योग मानिसको शारीरिक, मानसिक, बौद्धिक तथा आध्यात्मिक पक्ष एक हुनु हो । योग व्यक्ति तथा समाजबिच एकीकरण हुनु पनि हो । योगले शारीरिक स्वास्थ्य, स्नायुप्रणाली र अस्थिपञ्जर प्रणालीलाई तन्दुरुस्त राख्छ । योगले चित्तमा आउने विकार रोक्छ । शरीर, इन्द्रिय, मन, बुद्धि र अहङ्कारमाथि विजय प्राप्त गराउँछ ।



प्रत्येक वर्ष जुन २१ तारिखका दिन विश्व योग दिवस मनाइन्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले २७ सेप्टेम्बर २०१४ मा संयुक्त राष्ट्र सङ्घको ६९औँ बैठकमा योग दिवससम्बन्धी प्रस्ताव पेस गरे । यस प्रस्तावलाई १७५ देशले समर्थन गरे । यसलाई आधार बनाई ११ डिसेम्बर २०१४ का दिन संयुक्त राष्ट्रसङ्घले जुन २१ तारिखमा अन्तर्राष्ट्रिय योग दिवस

मनाउने घोषणा गऱ्यो । उक्त प्रस्तावमा योगलाई प्राचीन परम्पराले व्यक्तिलाई दिएको उपहार मानिएको छ । विश्व स्वास्थ्य सङ्गठनले योगलाई असाध्य रोग निवारणको राम्रो माध्यम भनेको छ । नेपालमा पनि प्रत्येक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाउने गरिन्छ ।

योगका प्रतिपादक ऋषि पतञ्जली हुन् । योगलाई पतञ्जली योग पनि भनिन्छ । स्वस्थ शरीर र ऊर्जा योगका मुख्य विषयवस्तु हुन् । योगमा आसन, यौगिक क्रिया, प्राणायाम तथा अन्य व्यायाम गरिन्छ । यसबाट स्वास्थ्य लाभ गर्न सकिन्छ ।

योगमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, ध्यान र समाधिको अभ्यास गरिन्छ । यम भनेको हिंसा, चोरी र लोभ नगर्नु हो । नियम भनेको व्यक्तिगत र सामाजिक अनुशासन पालना गर्नु हो । मन एकाग्र गरी आनन्दको अनुभूति गर्नु आसन हो । श्वासप्रश्वास नियन्त्रण गरी मनलाई एकाग्र राख्नु प्राणायाम हो । प्रत्याहार भनेको चाहिँ इन्द्रियको कुप्रभाव मनमा पर्न नदिनु हो । अन्तरनिहित वस्तुको पहिचान गर्नुलाई धारण भनिन्छ । निश्चित विषयमा एकाग्रतापूर्वक सोचविचार गर्नु ध्यान हो । मानिसका सम्पूर्ण चेतनालाई खिचेर आत्मामा लिन गराउनुलाई समाधि भनिन्छ ।

योग सबै उमेरका मानिसले गर्न सक्छन् । बालबालिकाले दिनमा एक घण्टा र वयस्कले डेढ घण्टा योग गर्दा नसर्ने रोगबाट बच्न सकिन्छ । सहरिया जीवनशैली, शारीरिक सक्रियताको कमीलगायतका कारणले नसर्ने रोगको जोखिम बढ्दो छ । यसलाई घटाउन योग गर्नु आवश्यक छ । योगले मानिसमा उदासी रोगको जोखिम कम गर्न र संज्ञानात्मक क्षमतालाई कायम राख्न सहयोग गर्छ ।

गलत आहार विहार, गलत विचार र गलत जीवनशैलीका कारण मानिसलाई रोग लाग्छ । योग गर्ने बानी भएका मानिसमा यिनको सन्तुलन मिल्ने हुँदा मानिस स्वस्थ हुन्छ । विभिन्न प्राणघातक रोगबाट बच्नका लागि योगको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । योगले क्यान्सरको जोखिम समेत कम गर्छ । मानसिक स्वास्थ्य राम्रो हुन्छ । तनाव कम हुन्छ । खानपानमा सुधार भई शरीरको लचकता बढ्छ ।

योग शारीरिक शक्ति र लचिलोपना वृद्धिको प्रभावकारी उपाय हो । यसले मुटुसम्बन्धी स्वास्थ्य राम्रो पार्न, क्यालोरी बढाउन र मस्तिष्कलाई आराम पुऱ्याउन सहयोग गर्छ । योग साधारण व्यायाम मात्रै नभई शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने र निरोगी राख्ने विधि हो ।

योगमा गरिने आसनले मुटु र रक्तनलीसम्बन्धी समस्या र मधुमेह जस्ता रोगबाट जोगाउँछ । प्राणायामले शरीरमा अक्सिजनको प्रवाह बढाउँछ । योगले छाला र श्वासप्रश्वाससम्बन्धी रोग र क्यान्सरबाट जोगाएर यसको विस्तार कम गर्छ । ध्यानले उदासीपन, तनाव र छटपटी कम गर्छ । योगले जीवनभर उपचार र औषधीको सेवन गर्नुपर्ने नसर्ने रोगबाट बचाएर व्यक्ति, समाज र मुलुकको खर्च जोगाएको छ ।

हरेक मानिसले उपयुक्त तरिकाले नियमित योग गर्दा फाइदा हुन्छ । बिरामी र बूढापाकाले चिकित्सकको सल्लाहमा आफ्नो उमेर, रोग, अवस्थाअनुकूल योग गर्नुपर्छ । स्वस्थ व्यक्तिले पनि आफ्नो स्वास्थ्यलाई कायम राख्न दिनहुँ योग गर्नुपर्छ । दिनहुँ पूर्ण व्यायाम र प्राणायामअन्तर्गत भस्त्रिका र कपालभाँति गर्दा पनि स्वास्थ्य राम्रो हुन्छ । सूर्योदय हुनुभन्दा दुई घण्टाअघिदेखि सूर्य उदाएको दुई घण्टा पछिसम्म खाली पेटमा योग गर्दा अधिकतम फाइदा हुन्छ ।

योग विद्यार्थीका लागि मनलाई एकाग्र बनाउने प्रभावकारी उपाय हो । विद्यार्थीले वृक्षासन, गरुडासन, मयूरासन, बक्रासन, शीर्षासन, सर्वाङ्गासन र हलासनको अभ्यास गर्नु राम्रो हुन्छ । प्राणायाम र आसनले विद्यार्थीमा एकाग्रता बढाउनुका साथै शरीरको स्वस्थकर वृद्धिमा समेत सघाउँछन् ।

योग शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो । स्वास्थ्य ठिक राख्न योग गर्नुपर्छ । मानिस स्वस्थ्य रहन शारीरिक, मानसिक र सामाजिक अवस्था स्वस्थ रहनुपर्छ । योगले मानिसको शरीर र मनमा फुर्ती ल्याउँछ । योगका कारण विचार स्वच्छ हुन्छ । बिरामीले नयाँ जीवन पाउँछन् । मानव जीवनलाई स्वस्थ, तन्दुरुस्त र तनावमुक्त बनाउन नियमित योग गर्नुपर्छ । योगले मांशपेसीको शक्ति र शरीरको ऊर्जा बढाउँछ । योगले मानव जीवनमा आइपर्ने स्वास्थ्य समस्या न्यूनीकरण गरी शरीरको प्रतिरोधात्मक शक्ति बढाउन सहयोग गर्छ । तनाव, असुरक्षित बसाइ, अशान्त वातावरणमा काम गर्नुपर्ने मानिसले नियमित योग तथा ध्यान गर्दा तनाव हराउँछ ।

योग अभ्यास गर्नुभन्दा अघि नै शौच गरेको हुनुपर्छ । योगाभ्यास शान्त वातावरणमा शरीर र मनलाई शान्त पार्दै गर्नुपर्छ । योग अभ्यास अल्पाहार लिएर वा खाली पेटमा गर्नु उपयुक्त मानिन्छ । योग अभ्यास गरेका बेला कमजोरी महसुस भएमा मन तातो पानीमा अलिकति मह मिलाएर खानुपर्छ । रोग, थकाइ वा हडबडीको अवस्थामा योग गर्नु हुँदैन । पुरानो रोग, दुखाइ एवम् मुटुसम्बन्धी समस्या भएको अवस्थामा योग सुरु गर्नुभन्दा अघि विशेषज्ञको सल्लाह लिनुपर्छ ।

योगको अभ्यास गर्दा शरीरमा विशेष ध्यान दिनुपर्छ । शरीरलाई कडा राख्नु हुँदैन । योग आफ्नो शारीरिक एवम् मानसिक क्षमताअनुसार गर्नुपर्छ । प्रत्येक योग अभ्यासका लागि हुने गरेको निर्देशन, सावधानी र सीमालाई पालना गर्नुपर्छ । योग अभ्यास गरेको २० मिनेटदेखि ३० मिनेटपछि मात्र खाना खानुपर्छ ।

नियमानुसार योग र ध्यान गर्दा शरीरको चञ्चलता घटी उत्साह र आत्मविश्वास बढ्छ । यसले शरीर सञ्चालन क्रिया र श्वासप्रश्वासलाई ठिक राखी हामीलाई दीर्घजीवी बनाउँछ । एकाग्र मन, नियमित ऊर्जा प्राप्ति र शान्तिका कारण शरीरमा रोग कम भई हामी निरोगी बन्छौँ । नियमित योगासन र प्राणायामले रगतको बाक्लोपना घटाई मुटुको धड्कन सामान्य हुन्छ । मांसपेशी तन्दुरुस्त भई मस्तिष्कको क्षमता र प्रतिरक्षा प्रणाली सक्रिय रहने हुँदा प्रतिकूल अवस्थामा पनि सहज रूपमा जीवनयापन गर्न सकिन्छ । यसले कुलत र कुसङ्गत हटाई सात्विक जीवनतर्फ अभिप्रेरित गर्छ । यसले खानपान, दैनिकी र सोचमा परिवर्तन ल्याई स्वास्थ्यप्रतिको आत्मविश्वास बढाउँछ । शरीर र मनका दुर्बलता हटाई दया, करुणा र परोपकारको भावना बढाउँछ । यसबाट शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आउँछ । स्वास्थ्यमा सुधार आउँदा काम गर्ने जाँगर बढ्छ र आरोग्य प्राप्त गर्न सकिन्छ ।

स्वास्थ्यको सम्बन्ध खाना र वातावरणसँग हुन्छ । योग र ध्यानका साथसाथै ताजा र स्वस्थकर खाना खानु पनि त्यत्तिकै आवश्यक छ । हामीले अल्पपोषक खानेकुराभन्दा प्राकृतिक र मौसमअनुसारका खानेकुरा खाने बानी बसाउनुपर्छ । खानामा प्रोटिन, कार्बोहाइड्रेट्स, चिल्लो पदार्थ र खनिज मिलाएर खानुपर्छ । दैनिक प्रशस्त पानी पिउनुपर्छ । हाम्रो समाजमा आहारअनुसारको विचार भन्ने उक्ति प्रसिद्ध छ । खानपानमा ध्यान दिइएन भने विभिन्न रोग लाग्न सक्छन् र मानिस योग र ध्यान गर्न पनि नसक्ने अवस्थामा पुग्छ । भोजन, स्वास्थ्य र योग अन्तरसम्बन्धित हुन्छन् ।

शरीर र मन स्वस्थ राख्न भोजनमा ध्यान पुऱ्याउनुपर्छ । योग र ध्यानका साथै अतिरिक्त र सहक्रियाकलापलाई निरन्तरता दिनुपर्छ । शारीरिक सबलता र मानसिक शान्तिबाट स्वास्थ्य प्रवर्धन गर्नुपर्छ ।

# शब्दभण्डार

१. तल लेखिएको अभिव्यक्ति पढ्नुहोस् र समावेशक तथा समावेश्य शब्दका बारेमा जानकारी लिनुहोस् :

| समावेशक शब्द | समावेश्य शब्द |
|---|---|
| नदी | झिमरुक, चेपे, मेची, कोसी, गण्डकी, महाकाली |
| जनावर | चौँरी, चित्तल, गाई, गोरु, भैँसी, बाख्रा, भेडा |
| फल | स्याउ, खुर्पानी, सुन्तला, केरा, नास्पाती, अम्बा |
| फूल | कमल, बाबरी, गोदावरी, सयपत्री, मखमली, गुराँस, गुलाफ |
| अन्न | कागुनु, चिनु, धान, गहुँ, मकै, कोदो, फापर |

माथिको तालिकामा दिइएका नदी, जनावर, फल, फूल, अन्न समावेशक शब्द हुन् । यिनले वस्तु, प्राणी आदिका प्रकार वा अवस्थालाई बुझाएका छन् । झिमरुक, चेपे, मेची, कोसी, गण्डकी, महाकाली, चौँरी, चित्तल, गाई, गोरु, भैँसी, बाख्रा, भेडा, स्याउ, खुर्पानी, सुन्तला, केरा, नासपाती, अम्बा, कमल, बाबरी, गोदावरी, सयपत्री, मखमली, गुराँस, गुलाफ, कागुनु, चिनु, धान, गहुँ, मकै, कोदो, फापर समावेश्य शब्द हुन् ।

२. तल दिइएका शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| फूल | ढुकुर |
| फल | बिर्तामोड |
| नदी | फर्सी |
| हिमाल | मानिस |
| तरकारी | आँप |
| पन्छी | कञ्चनजङ्घा |
| सहर | बिरिङ |
| | सयपत्री |

## ३. कोष्ठकमा दिइएका मध्येबाट उपयुक्त शब्द भरी वाक्य पूरा गर्नुहोस् :

(क) फूलको समावेश्य शब्द ………………… हो । (भानु, जुनार, बेली)

(ख) सिमीको समावेशक शब्द ………………… हो । (तरकारी, फलफूल, साग)

(ग) अन्नको समावेश्य शब्द ………………… होइन । (कोदो, केरा, फापर)

(घ) रुखको समावेश्य शब्द ………………… हो । (कटुस, अम्रिसो, दुबो)

(ङ) एभोकाडोको समावेशक शब्द ………………… हो । (अन्न, तरकारी, फल)

(च) नदीको समावेशक शब्द ………………… होइन । (बागमती, सगरमाथा, नारायणी)

## ४. खाली ठाउँमा उपयुक्त लघुतावाची शब्द भर्नुहोस् :

(क) वस्तुलाई एक ………………… पराल पनि दिएको छैन । (त्यान्द्रो, मुठो, भारी)

(ख) बिरामीले एक ………………… भात पनि खाएको छैन । (डल्लो, गाँस, सितो)

(ग) एक ………………… अचार दिए त भात मिठो हुन्थ्यो नि । (थोपो, पित्को, छिटो)

(घ) घरमा एक ………………… तेल पनि छैन त ! (चम्चा, मुठी, तुर्को)

(ङ) बारीमा एक ……….. मकै फलेनछ । (गेडा, घोगो, माना)

## ५. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) एक धरो | केरा |
| (ख) एक चानो | लुगा |
| (ग) एक छिटो | मुला |
| (घ) एक कोसो | पानी |
| (ङ) एक त्यान्द्रो | घिउ |
| (च) एक चुस्को | घाँस |

## ६. तल दिइएका लघुतावाची शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

छिटो, गेडो, थाली, लोहोटी, लौरी, कोसो, सितो, धरो, थोपो, चिम्टी

## ७. तल दिइएका प्राविधिक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

अस्थिपञ्जर, प्राणायाम, जीवनशैली, प्राणघातक, मधुमेह, आध्यात्मिक, न्यूनीकरण, आत्मविश्वास, शान्ति

# बोध र अभिव्यक्ति

## १. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

स्नायुप्रणाली, ऊर्जा, प्रत्याहार, मस्तिष्क, वृक्षासन, योगाभ्यास, विशेषज्ञ, अल्पपोषक

## २. 'योग र स्वास्थ्य' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् र यस पाठको विषयवस्तुका बारेमा छलफल गर्नुहोस् ।

## ३. पाठका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :

(क) योगले पित्तमा आउने विकार रोक्छ ।

(ख) जुलाई २१ तारिखमा अन्तर्राष्ट्रिय योग दिवस मनाइन्छ ।

(ग) नियम भनेको हिंसा, चोरी र लोभ नगर्नु हो ।

(घ) योगमा गरिने आसनले मुटु र रक्तनलीसम्बन्धी समस्या र मधुमेह जस्ता रोगबाट जोगाउँछ ।

(ङ) योग शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो ।

(च) योगले मांशपेसीको शक्ति र शरीरको ऊर्जा बढाउँछ ।

(छ) शरीर र मन स्वस्थ राख्न भोजनमा ध्यान पुऱ्याउनुपर्छ ।

## ४. तल दिइएका प्रश्नको एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) योग भनेको के हो ?

(ख) नेपालमा कहिले योग दिवस मनाइन्छ ?

(ग) योगमा के केको अभ्यास गरिन्छ ?

(घ) कस्तो व्यवहारले रोग लाग्छ ?

(ङ) योग किन गर्नुपर्छ ?

(च) आत्मविश्वास बढाउन के गर्नुपर्छ ?

(छ) के केको अन्तरसम्बन्ध हुन्छ ?

## ५. तल दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) अहङ्कारमाथि विजय प्राप्त गर्न के के गर्नुपर्छ ?

(ख) यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, ध्यान र समाधि भनेको के हो ?

(ग) मानिसले किन योग र ध्यान गर्नुपर्छ ?

(घ) योगका फाइदा के के हुन् ?

(ङ) योग गर्नुपूर्व के के गर्नुपर्छ ?

(च) भोजन, स्वास्थ्य र योगको कस्तो सम्बन्ध हुन्छ ?

(छ) यस पाठबाट तपाईँले के सन्देश पाउनुभयो ?

## ६. भावविस्तार गर्नुहोस् :

(क) विभिन्न प्राणघातक रोगबाट बच्नका लागि योगको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

(ख) प्राणायाम र आसनले विद्यार्थीमा एकाग्रता बढाउनुका साथै शरीरको स्वस्थकर वृद्धिमा समेत सघाउँछन् ।

(ग) स्वास्थ्यमा सुधार आउँदा काम गर्ने जाँगर बढ्छ र आरोग्य प्राप्त गर्न सकिन्छ ।

(घ) शारीरिक सबलता र मानसिक शान्तिबाट स्वास्थ्य प्रवर्धन गर्नुपर्छ ।

## ७. स्वस्थ हुनका लागि नियमित योग किन आवश्यक छ, कारण लेख्नुहोस् ।

## ८. तल दिइएको अनुच्छेद मनमनै पढी मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् :

नियमानुसार योग र ध्यान गर्दा शरीरको चञ्चलता घटी उत्साह र आत्मविश्वास बढ्छ । यसले शरीर सञ्चालन क्रिया र श्वासप्रश्वासलाई ठिक राखी हामीलाई दीर्घजीवी बनाउँछ । एकाग्र मन, नियमित ऊर्जा प्राप्ति र शान्तिका कारण शरीरमा रोग कम भई हामी निरागी बन्छौँ । नियमित योगासन र प्राणायामले रगतको बाक्लोपना घटाई मुटुको धड्कन सामान्य हुन्छ । मांसपेशी तन्दुरुस्त भई मस्तिष्कको क्षमता र प्रतिरक्षा प्रणाली सक्रिय रहने हुँदा प्रतिकूल अवस्थामा पनि सहज रूपमा जीवनयापन गर्न सकिन्छ । यसले कुलत र कुसङ्गत हटाई सात्विक जीवनतर्फ अभिप्रेरित गर्छ । यसले खानपान, दैनिकी र सोचमा परिवर्तन ल्याई स्वास्थ्यप्रतिको आत्मविश्वास बढाउँछ । शरीर र मनका दुर्बलता हटाई दया, करुण र परोपकारको भावना बढाउँछ । यसबाट शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आउँछ । स्वास्थ्यमा सुधार आउँदा काम गर्ने जाँगर बढ्छ र आरोग्य प्राप्त गर्न सकिन्छ ।

## ९. तल दिइएको सन्दर्भ पढ्नुहोस् र उत्तर दिनुहोस् :

एक दिन गाउँमा एक जना डाक्टर आउनुभयो। उहाँले स्थानीय फलफूल र तरकारीको बारेमा धेरै कुरा बताउनुभयो । स्थानीय ताजा तरकारी खाँदा हुने फाइदाका बारेमा पनि बताउनुभयो । अर्गानिक खानेकुराका बारेमा पनि जानकारी दिनुभयो । उहाँका सबै कुरा हामीले त्यति बुझेनौँ। उहाँपछि हामीले माइला काकालाई हामीले नबुझेका कुरा सोध्यौँ। उहाँले सरल भाषामा डाक्टरले भनेका कुरा स्पष्ट पारिदिनुभयो। हामीले ताजा तरकारी र फलफूलबाट हुने फाइदाका विशिष्ट विषयलाई सरल र सामान्य रूपमा बुझ्यौँ ।

तपाईंको छिमेकमा च्याउ खाने वा नखाने विषयलाई लिएर दुई जनाबिच विवाद भयो। कुरा बुझाउन नसक्दा आपसमा भनाभन नै हुनपुग्यो । यस्तो अवस्थामा तपाईँ त्यहाँ पुग्नुभयो । उक्त विवादलाई तपाईँ कसरी समाधान गर्नुहुन्छ ? लेख्नुहोस् ।

# भाषिक संरचना र वर्णविन्यास

## १. वर्तमान काल, भूत काल र भविष्यत् काल जनाउने शब्दलाई तालिकामा लेख्नुहोस् :

| वर्तमान काल | भूत काल | भविष्यत् काल |
|---|---|---|
| ऊ गीत गाउँछ । | प्रवेश बजार गयो । | महेश बिहान उठ्ने छ । |
| ऊ राम्ररी लेख्छ । | उसले आँप किन्यो । | ऊ खाना खाने छ । |
| ऊ मिहिनेत गर्छ । | ऊ स्वदेश फर्क्यो । | त्यसपछि काममा जाने छ । |
| उसले पुरस्कार पाउँछ । | साथीहरू पसलमा थिए । | ऊ दिनभरि काम गर्ने छ । |
| उस सबैको इजजत गर्छ । | उसले बहिनी भेट्यो । | ऊ खाना खाने छ । |
| ऊ समाजसेवा गर्छ । | साथीहरू खुसी भए । | साथीहरू पनि काम गर्ने छन् । |

माथिको तालिकामा भएका रातो रङका शब्दले समय बुझाएका छन् । पहिलो तालिकामा भएका क्रियापदले अहिलेको समयलाई बुझाएका छन् । दोस्रो तालिकामा भएका क्रियापदले बितेको समय बुझाएका छन् । तेस्रो तालिकामा भएका क्रियापदले पछिको समयलाई बुझाएका छन् । बितेको समय बुझाउने क्रियाका काल भूत काल, अहिलेको समय बुझाउने क्रियाका काल वर्तमान काल र पछिको समय बुझाउने क्रियाका काल भविष्यत् काल हुन् ।

**२. कोष्ठकमा दिइएका निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) रजनी आमा समूहको बैठकमा सधैँ उपस्थित हुन्छिन् । (भूत काल)

(ख) हामीले बाघचाल खेल्यौँ । (वर्तमान काल)

(ग) मैले चिउरा राम्ररी चपाएँ । (भविष्यत् काल)

(घ) सोल्टिनी सहर जान्छिन् । (भूत काल)

(ङ) हामीले ताजा तरकारी किन्यौँ । (भविष्यत् काल)

(च) केटाकेटीहरू ध्यान गर्ने छन् । (वर्तमान काल)

**३. पाठबाट वर्तमान काल बुझाउने क्रियापद प्रयोग भएका कुनै पाँचओटा वाक्य टिप्नुहोस् ।**

**४. पाठको अन्तिम अनुच्छेदका वाक्यलाई भविष्यत् कालमा परिवर्तन गर्नुहोस् ।**

**५. जा, खा, पढ्, लेख्, भन् धातुका भविष्यत् काल बुझाउने क्रियापद बनाई तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

**६. उठ्छु, जान्छु, पढाउनुहुन्छ, खेल्छु, आउँछु क्रियापदको प्रयोग गरी पाँच वाक्यमा आफ्नो दैनिकी लेख्नुहोस् ।**

## ७. भूतकालका कुनै पाँचओटा क्रियापद प्रयोग गरी आफूले गरेको कामको वर्णन गर्नुहोस् ।

## ८. तल दिइएको तालिका पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :

| कारक | विभक्ति | चिह्न |
|---|---|---|
| कर्ता | प्रथमा | ले |
| कर्म | द्वितीया | लाई |
| करण | तृतीया | ले, द्वारा |
| सम्प्रदान | चतुर्थी | लाई |
| अपादान | पञ्चमी | देखि, बाट |
| | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी |
| अधिकरण | सप्तमी | मा |

## ९. तल दिइएका वाक्य पढ्नुहोस् र रेखाङ्कन गरिएका शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् :

(क) म विद्यालय जान्छु ।

(ख) उसले गृहकार्य गरेको छ ।

(ग) दिदी बहिनीलाई पढाउनुहुन्छ ।

(घ) विद्यार्थीहरू कलमले लेख्छन् ।

(ङ) रुखबाट आँप झऱ्यो ।

## १०. रेखाङ्कन गरिएका शब्दहरूको कारक र विभक्तिको नाम लेख्नुहोस् :

उनीहरू मैले अक्षर लेखेको हेरिरहन्थे । म खुट्टाले कलम समातेर लेख्थेँ । उनीहरूको विचारमा मलाई भगवान्ले लीला गर्न धरतीमा पठाएका थिए । डेरामा बस्नेहरूले पनि मेरो कुरा गरे । हाम्रो घरमा मलाई हेर्न भनेर धेरै मानिस आउन थाले ।

## ११. तल दिइएका विभक्ति चिह्नको प्रयोग गरी १० ओटा वाक्यको एउटा अनुच्छेद लेखेर सुनाउनुहोस् :

ले, बाट, द्वारा, देखि, मा, को, रो, ना, लाइ, नो

## १२. तलका शब्द पढ्नुहोस् र तालिकाको निर्देशनअनुसार मिल्ने शब्द लेख्नुहोस् :

ले, बाट, द्वारा, देखि, मा, को, रो, ना, लाइ, नो

| 'ब' लेखेर 'ब' नै बोलिने शब्द | 'व' लेखेर 'व' नै बोलिने शब्द | 'व' लेखेर 'ब' बोलिने शब्द |
|---|---|---|
| | | |

## १३. पाठको पहिलो अनुच्छेदबाट 'ब' र 'व' वर्ण प्रयोग भएका शब्द टिप्नुहोस् ।

## १४. तल दिइएका वाक्यलाई शुद्ध गरी लेख्नुहोस् :

(क) बन्यजन्तुको संरक्षणमा सवैले ध्यान दिनु आबश्यक छ ।

(ख) बाताबरणको बिनाश भयो भने हामीलाई धेरै बेफाइदा हुन्छ ।

(ग) जव तिमी राम्ररी पढ्छौ तव तिमी बिद्यालयमा लिइने सवैपरीक्षामा सफल हुन्छौ ।

## १५. तलका मध्ये कुन शुद्ध शब्द हो पहिचान गरी लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | (अ) विश्वव्यापी | (आ) विश्वब्यापी | (इ) विश्ववयापी | (ई) बिश्वब्यापी |
| (ख) | (अ) बन्दोबस्त | (आ) वन्दोवस्त | (इ) बन्दोवस्त | (ई) वन्दोबस्त |
| (ग) | (अ) बास्तविक | (आ) वास्तविक | (इ) बास्तबिक | (ई) वास्तबिक |
| (घ) | (अ) वेवारिस | (आ) बेबारिस | (इ) वेबारिस | (ई) बेवारिस |

# सुनाइ बोलाइ

## तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

### कपालभाति



कपालभाति भन्नाले मस्तिष्कको तेज वा प्रकाश भन्ने बुझिन्छ । कपालभाति प्राणायामका विभिन्न प्रकारमध्ये एक हो । यो प्राणायाम गर्दा दुई आँखाको बिचको भागमा ध्यान लगाएर मन्द गतिमा नाकबाट सास फाल्ने काम गरिन्छ । यस प्रक्रियामा सास फोक्सामा पस्ने र बाहिर निस्कने हुन्छ । यसमा सास लिनेभन्दा फाल्ने प्रयास गर्नुपर्छ । यो प्राणायाम नियमित गर्दा मस्तिष्क सुदृढ हुनुका साथै अनुहारमा तेज बढ्छ । यो प्राणायाम गर्दा साससँगै आफ्ना सम्पूर्ण रोगहरू बाहिर निस्किएको भाव मनमा लिनुपर्छ । आफू स्वस्थ हुँदै छु भन्ने भाव मनमा राख्नुपर्छ । यो प्राणायाम पाँचदेखि तिस मिनेटसम्म गर्न सकिन्छ । यसमा सासको गतिमा निकै ध्यान दिनुपर्छ । यो प्राणायाम गर्दा ढाड, कम्मर र गर्धन सिधा राख्नुपर्छ । कपालभाति गर्नाले कफ, दम, एलर्जी, पिनास, छाती, पेट र मस्तिष्कसम्बन्धी रोगहरू क्रमशः हट्दै जान्छन् । मोटोपना, कब्जियत, मधुमेह, अम्लपित्त, मिर्गौला वा प्रोस्ट्रेटसम्बन्धी रोगमा यसले निकै फाइदा पुऱ्याउँछ । मन शान्त, स्थिर र प्रसन्न हुन्छ । यो प्राणायाम गर्नाले हामीमा रहेका नकारात्मक विचार हटाई मनको एकाग्रता बढाउँछ । जीवनलाई सक्रिय र सकारात्मक बनाउन यस प्राणायामले विशेष मदत गर्छ ।

## १. पाठ सुनेर खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) कपालभाति भन्नाले मस्तिष्कको .................. बुझिन्छ । (तेज, शक्ति, तौल)

(ख) कपालभाति प्राणायाम गर्दा .................. को गतिमा ध्यान दिनुपर्छ ।
(पेट, सास, आज्ञाचक्र)

(ग) यो प्राणायाम गर्दा ढाड, कम्मर र .................. सिधा राख्नुपर्छ ।
(हात, खुट्टा, गर्धन)

(घ) कपालभाति प्राणायम गर्दा मनको .................. बढ्छ ।
(शक्ति, एकाग्रता, अशान्ति)

## २. पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कपालभाति भन्नाले के बुझिन्छ ?

(ख) यो प्राणायाम गर्दा पेटको स्थिति के हुन्छ ?

(ग) यो प्राणायम गर्दा के फाइदा हुन्छ ?

(घ) कपालभाति प्राणायाम कति समयसम्म गर्न सकिन्छ ?

# सिर्जनात्मक कार्य

'स्वास्थ्यको महत्त्व' शीर्षकमा १५० शब्दसम्ममा एउटा प्रबन्ध लेख्नुहोस् ।

# पाठ ६

## पूर्वपठन

तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :










(क) माथि के केका चित्र दिइएका छन् ?

(ख) यी केका लागि प्रयोग हुन्छन् ?

(ग) यीमध्ये तपाईँले कुन कुन प्रयोग गर्नुभएको छ ?

# भाइलाई चिठी

भान्कुवर, क्यानडा

मिति : २०८०।०८।१५

प्यारो भाइ सामीप्य,

असीम माया !



तिमीले पठाएको पत्र पाएँ । म यहाँ सन्चै छु र त्यहाँ सबैमा कुशलताको कामना गर्छु ।

यहाँ बस्न त ठिकै छ तर काम भने धेरै गर्नुपर्छ । खर्च गरेर पैसा जोगाउन निकै गारो छ । आफ्नो खर्च जोगाएर मैले तिमीलाई एउटा मोबाइल किनेर पठाएकी थिएँ । त्यो पाउँदा तिमी ज्यादै खुसी भएको खबर पनि पाएकी थिएँ । तिमी मोबाइलबाट सहयोग लिई पढाइमा राम्रो गर्दै छौ होला । हेर भाइ, आजको युग विज्ञान र प्रविधिको युग हो । प्रविधिको प्रतिस्पर्धामा नयाँ नयाँ सामग्री उत्पादन भएका छन् । मोबाइल पनि सूचना र प्रविधिको फाइदा लिन सकिने विद्युतीय सामग्री हो । हामीले यसका नराम्रा पक्षलाई छाडेर राम्रा पक्षको अनुसरण गर्न जान्नुपर्छ ।

इन्टरनेटको प्रयोगले गर्दा केटाकेटी मोबाइलमा घन्टौँ समय बिताउँछन् । खेलको लतमा परेर अन्य काममा ध्यान दिँदैनन् । मोबाइलबाट सामाजिक सञ्जालको समुचित प्रयोग गर्न जान्दा तिमीलाई फाइदा हुन्छ । इमेलको प्रयोग गरेर महत्त्वपूर्ण सामग्री आदानप्रदान गर्न सक्छौ । आफ्ना सिर्जनात्मक रचना पत्रपत्रिकामा छाप्न सक्छौ । इपुस्तकालयको समुचित उपयोग गरेर आफ्नो ज्ञान बढाउन सक्छौ ।

मोबाइल फोन सम्पर्क गर्न, सूचना आदानप्रदान गर्न, ज्ञान बढाउन र मनोरञ्जन गर्नका लागि प्रयोग गरिन्छ । यो बहुउपयोगी विद्युतीय सामग्री हो । तिमी पनि यसको सकारात्मक प्रयोग

गर । बढी समय मोबाइलको प्रयोग गर्दा तिम्रो आँखा कमजोर भई मस्तिष्कमा नकारात्मक असर पर्न सक्छ । समय किन्न सकिँदैन । तसर्थ तिमीले समयको महत्त्व बुझेर जीवनमा अघि बढ्नुपर्छ । उपलब्ध प्रविधिको उपयोग गर्न जान्नुपर्छ । मोबाइलबाटै विभिन्न किसिमका रचनात्मक काम गरेर पुरस्कृत हुने पनि छन् । तिमीले आफूलाई सिर्जनात्मक कार्यमा व्यस्त राख्नुपर्छ । भाइ ! तिमी मोबाइलमा मात्र नभुल्नु है । आफ्नो पढाइमा राम्ररी ध्यान दिएर घरको काम पनि सघाउनू । म घर आउन नपाएको पनि तीन वर्ष पुगेछ । यसपालिको दसैँमा घर आउने कोसिस गर्ने छु । विदेशमा आफ्नै खुट्टामा उभिएर प्रगति गर्न, पढाइ र कामको तालमेल मिलाउन निकै कठिन हुँदो रहेछ । देशको माया त विदेशमा आएपछि पो बढी लाग्दो रहेछ ।

ल भाइ आजलाई यत्ति नै । बाँकी कुरा आगामी पत्रमा लेख्दै गरुँला । बाआमालाई ढोग छ ।

**उही तिमीलाई माया गर्ने दिदी**
**श्रुतिश्री शर्मा**

## खामको नमुना

**टिकट**

**पठाउने**
**श्रुतिश्री शर्मा**
**भान्कुवर, क्यानडा**

**पाउने**
**श्री सामीप्य शर्मा**
**मध्यपुर थिमि नगरपालिका -३, भक्तपुर**
**बागमती प्रदेश, नेपाल**

## शब्दभण्डार

### १. तल दिइएका शब्दबाट शिष्टाचार र सम्बोधन जनाउने शब्द पहिचान गरी भन्नुहोस् :

सभाध्यक्ष महोदय, नमस्कार, शुभाशिष, पूजनीय, दण्डवत, सादर प्रणाम, पूज्य, प्रधानाध्यापकज्यू, निर्णायक मण्डल, प्यारी, धेरै धेरै माया, असीम स्नेह, गुरुवर्ग, प्यारी बहिनी, महिला तथा सज्जनवृन्द, आशीर्वाद

### २. मिल्दो शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) ममतामयी | मित्र |
| (ख) श्रद्धेय | स्नेह |
| (ग) आत्मीय | आमा |
| (घ) सम्माननीय | महोदय |
| (ङ) सभापति | प्रधानन्यायाधीश |
| (च) माया | गुरुवर्ग |
| | असल |

### ३. कोष्ठकबाट उपयुक्त शुद्ध शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(क) कार्यक्रममा ………… प्रधानमन्त्रीको आगमन भयो । (श्रीमान्, माननीय, सम्माननीय)

(ख) आज ………… सांसदले सामुदायिक सिकाइ केन्द्रको भ्रमण गर्नुभयो । (आत्मीय, माननीय, महोदय)

(ग) हामीले ………… गुरुवर्गलाई अभिवादन गर्नुपर्छ । (आदरणीय, प्रणाम, आभार)

(घ) दसैँमा ठुलाले सानालाई ………… दिन्छन् । (कपडा, मोबाइल, आशीर्वाद)

## ४. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

मोबाइल, कम्प्युटर, सूचना, प्रविधि, विज्ञान, प्रतिस्पर्धा, ल्यापटप

# बोध र अभिव्यक्ति

## १. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

प्रविधि, प्रतिस्पर्धा, सञ्जाल, सिर्जनात्मक, पुरस्कृत, पत्र

## २. 'भाइलाई चिठी' पाठ मौनवाचन गर्नुहोस् र तल दिइएका विषय बुझ्नुहोस् :

(क) चिठीको संरचना

- आदि भाग (मिति, ठेगाना, सम्बोधन, शिष्टाचार)
- मध्य भाग/मुख्य भाग (कुशलकामना/विषय प्रवेश, मुख्य कुरा, टुङ्ग्याउनी)
- अन्त्य भाग (सम्बोधितसँगको सम्बन्ध, हस्ताक्षर वा लेखकको नाम)
- खामको नमुना (प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम)

(ख) चिठीको विषयवस्तु तथा सन्देश

## ३. तल दिइएका प्रश्नको एक वाक्यमा उत्तर लेख्नुहोस् :

(क) विदेशमा के सजिलो र के गारो छ ?

(ख) विद्युतीय सामग्रीको प्रयोग कसरी गर्नुपर्छ ?

(ग) मोबाइल फोनबाट के के सिक्न सकिन्छ ?

(घ) दिदी कहिले घर आउँछिन् ?

(ङ) यो चिठी कसले कसलाई लेखेको हो ?

(च) चिठी कुन विषयमा लेखिएको छ ?

## ४. तल दिइएको अनुच्छेद पढ्नुहोस् र साथीलाई सोध्न पाँचओटा प्रश्न बनाउनुहोस् :

मोबाइल फोन सम्पर्क गर्न, सूचना आदानप्रदान गर्न, ज्ञान बढाउन र मनोरञ्जन गर्नका लागि प्रयोग गरिन्छ । यो बहुउपयोगी विद्युतीय सामग्री हो । तिमी पनि यसको सकारात्मक प्रयोग गर । बढी समय मोबाइलको प्रयोग गर्दा तिम्रो आँखा कमजोर भई मस्तिष्कमा नकारात्मक असर पर्न सक्छ । समय फिर्ता किन्न सकिँदैन । तसर्थ तिमीले समयको महत्त्व बुझेर जीवनमा अघि बढ्नुपर्छ । उपलब्ध प्रविधिको उपयोग गर्न जान्नुपर्छ । मोबाइलबाटै विभिन्न किसिमका रचनात्मक काम गरेर पुरस्कृत हुने पनि छन् । तिमीले आफूलाई सिर्जनात्मक कार्यमा व्यस्त राख्नुपर्छ । भाइ ! तिमी मोबाइलमा मात्र नभुल्नु है । आफ्नो पढाइमा राम्ररी ध्यान दिएर घरको काम पनि सघाउनू । म घर आउन नपाएको पनि तीन वर्ष पुगेछ । यसपालिको दसैँमा घर आउने कोसिस गर्ने छु । विदेशमा आफ्नै खुट्टामा उभिएर प्रगति गर्न, पढाइ र कामको तालमेल मिलाउन निकै कठिन हुँदो रहेछ । देशको माया त विदेशमा आएपछि पो बढी लाग्दो रहेछ ।

## ५. ‘भाइलाई चिठी’ पाठ पढेर तपाईंले के सन्देश पाउनुभयो, भन्नुहोस् ।

## ६. ‘भाइलाई चिठी’ को प्रत्युत्तर लेख्नुहोस् ।

## ७. तल दिइएको सन्दर्भ पढ्नुहोस् :

नवीन मामाले मलाई विदेशबाट आउँदा एउटा ल्यापटप ल्याइदिनुभएछ । मलाई त्यो ल्यापटप चलाउन आएन । म ल्यापटप बोकेर दौडिँदै साहित्यकहाँ गएँ । साहित्यले ल्यापटप खोल्न र बन्द गर्न सिकाइदियो । मैले ल्यापटपको उपयोगिताको बारेमा सोधेँ । उसले मलाई लेखपढ गर्ने, गुगल खोल्ने जस्ता तरिका बतायो । चिठी पत्रका लागि मेल पठाउने तरिका बतायो । पढाइसँग सम्बन्धित सामग्री डाउनलोड गर्ने तरिका पनि सिकायो । मैले उसलाई सोधेका र मलाई थाहा नभएका अन्य आवश्यक कुरा पनि सिकाइदियो । बेला बेलामा ल्यापटपलाई भाइरस तथा ह्याकरहरूले समस्या पार्ने जस्ता कुरा पनि सिकाइदियो । आजभोलि म ल्यापटपबाटै लेखपढ गर्न थालेको छु ।

तपाईंले राम्ररी जानेको तर तपाईंको साथीले नजानेको कुनै विषयमा तपाईंलाई सोध्यो भने तपाईं उसको जिज्ञासालाई कसरी समाधान गरिदिनुहुन्छ, भन्नुहोस् ।

८. तलको बधाई तथा कृतज्ञता ज्ञापन पत्र पढी तपाईँ पनि त्यस्तै बधाई तथा कृतज्ञता पत्र बनाउनुहोस् :

**(क) बधाई ज्ञापन पत्र**

**बधाई ज्ञापन**

यस विद्यालयको तह ३ मा अध्ययनरत छात्रा सुश्री सुमना भट्टराईले जिल्लास्तरीय लोक गायन प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल हुनुभएकामा यहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्छौं ।

प्राचार्य तथा

कृष्ण माध्यमिक विद्यालय परिवार

**ताप्लेजुङ**

**(ख) कृतज्ञता ज्ञापन पत्र**

**बधाई ज्ञापन**

मिर्गौला पीडित भई औषधी उपचार गर्न नसकेको अवस्थामा समाजसेवी, गाउँकै अग्रज व्यक्तित्व तपाईँ श्री रामचन्द्र दर्नालज्यूबाट मेरो स्वास्थ्य उपचारका लागि गर्नुभएको आर्थिक सहयोगप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्छु ।

प्रार्थी

नरेन्द्रसिंह राठौर

कालिकेश्वरी गाउँपालिका ६

**दैलेख**

९. तलको निवेदन पढ्नुहोस् र कुनै विषयमा यस्तै निवेदन लेख्नुहोस् :

**श्रीमान् प्रधानाध्यापक,**

श्री दुर्गा माध्यमिक विद्यालय

धनगढी नगरपालिका २, धनगढी

**विषय : शैक्षिक भ्रमणमा सहभागी हुन पाउँ भन्ने सम्बन्धमा**

महोदय,

उपर्युक्त सम्बन्धमा हाम्रो सिकाइको अङ्गका रूपमा हामीले लुम्बिनी तथा देवघाट शैक्षिक भ्रमण जाने सल्लाह गरेकाले हाम्रो इच्छालाई कदर गर्दै उक्त कार्यक्रमको व्यवस्थापन गरिदिनुहुन तह ३ का सबै विद्यार्थीको तर्फबाट यो निवेदन गरेकी छु ।

निवेदक

प्रियंवदा स्वाँर

तह ३

## भाषिक संरचना र वर्णविन्यास

१. तलको तालिका पढ्नुहोस् र तपाईँ पनि यीभन्दा बाहेक तीनओटै कालका अपूर्ण पक्षका पाँच पाँचओटा क्रियापदको सूची बनाउनुहोस् :

| वर्तमान काल : अपूर्ण पक्ष | भूत काल : अपूर्ण पक्ष | भविष्यत् काल : अपूर्ण पक्ष |
|---|---|---|
| खेल्दै छ | खेल्दै थियो | खेल्दै हुने छ |
| पढ्दै छु | पढ्दै थिएँ | पढ्दै हुने छु |
| लेख्दै छौ | लेख्दै थियौ | लेख्दै हुने छौ |
| हाँस्दै छिन् | हाँस्दै थिइन् | हाँस्दै हुने छिन् |

## २. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :

(क) म साथीलाई चिठी लेख्छु । (वर्तमान : अपूर्ण पक्ष)

(ख) उनीहरू खेल्न गए । (भूत : अपूर्ण पक्ष)

(ग) रबिना गृहकार्य गर्ने छिन् । (भविष्यत् : अपूर्ण पक्ष)

(घ) आमा कार्यालयबाट आउनुहुन्छ । (भूत : अपूर्ण पक्ष)

(ङ) तिमीले राम्ररी सुनेका छौ । (भविष्यत् : अपूर्ण पक्ष)

(च) हामी चउरमा खेल्छौँ । (वर्तमान : अपूर्ण पक्ष)

## ३. तलका क्रियापद मनमनै पढ्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लढ्दै छन्, खेल्दै थिए, गाउँदै हुने छन्, गन्दै थियो,लाउँदै छौ, भाँच्दै छे, हाँस्दै हुनुहुने छ, लुकाउँदै हुनुहुन्छ

## ४. कोष्ठकमा धातु र सङ्केतका आधारमा खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) ऊ बजार .......................... । (जा : वर्तमान : अपूर्ण पक्ष)

(ख) मामा खाना बनाउँदै .......................... । (हु : भूत : अपूर्ण पक्ष)

(ग) मेरा साथीहरू इलाम .......................... । (घुम् : भविष्यत् : पूर्ण पक्ष)

(घ) केटाकेटीहरू चउरमा .......................... । (खेल् : वर्तमान : अपूर्ण पक्ष)

(ङ) गुरुले व्याकरण .......................... । (पढ् : भूत : अपूर्ण पक्ष)

## ५. तालिकामा दिइएका द्वित्व शब्द पढ्नुहोस् र तपाईं पनि यीबाहेक अन्य पाँच पाँचओटा द्वित्व शब्द लेख्नुहोस् :

| **समूह (क)** | | **समूह (ख)** | | **समूह (ग)** | |
|---|---|---|---|---|---|
| दिइएका शब्द | मैले थपेका शब्द | दिइएका शब्द | मैले थपेका शब्द | दिइएका शब्द | मैले थपेका शब्द |
| घर घर | | ससानो | | भुटभाट | |
| वन वन | | आआफ्नो | | आलोपालो | |
| गाउँ गाउँ | | झैझगडा | | पैसासैसा | |
| मिठो मिठो | | मरमसला | | आनीबानी | |
| तल तल | | तात्तातो | | चिठीसिठी | |

## ६. उदाहरण हेरी तलका द्वित्व शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

उदाहरण : घर + घर = घर घर, सानो + सानो = ससानो, भात + भात = भातसात

ऐँचोपैँचो, चियासिया, खरखाँचो, बाटैबाटो, गरगहना, झैझगडा, छिटो छिटो, सरसहयोग, आआफ्नो, सरसल्लाह

## ७. तल दिइएका वाक्य पढ्नुहोस् र तिनका क्रियापदको भाव वा अर्थबारे बुझ्नुहोस् :

तिमी खेल्छौ । (सामान्य जानकारी दिइएको)

तिमी राम्ररी पढ । (आग्रह गरिएको)

तिमी राम्ररी गए । (इच्छा व्यक्त गरिएको)

तिमी राम्ररी पढौला । (सम्भावना व्यक्त गरिएको)

राम्ररी पढे सफल भइन्छ । (कार्य र कारण प्रस्तुत गरिएको)

## ८. तल दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

म बिहान सबेरै उठ्छु । हातमुख धुन्छु । एकछिन पढ्छु र लेख्छु । त्यसपछि खेतमा काम गर्न पुग्छु । म जस्तै अरू साथीहरू पनि बिहानै उठुन् । आआफ्ना काम गरुन् । त्यसपछि हामी सबै जनाको विद्यालयमा भेट होओस् । शनिबार हामी मिलेर खेलौँला । सँगै खाजा खाऔँला । बेलुकाघर पुगौँला । आमाबुबाले हातमुख धोऊ, खाजा छिटो खाऊ अनि पढ्न बस भन्नुभयो ।

### प्रश्न

(क) माथिको अनुच्छेदबाट सबै प्रकारका भाव/अर्थका क्रियापद पहिचान गरी तालिकामा भर्नुहोस् :

| सामान्यार्थ | आज्ञार्थ | इच्छार्थ | सम्भावनार्थ |
|---|---|---|---|
| | | | |
| | | | |

## ९. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) सबै विद्यार्थीले 'मुनामदन' .............................. (पढ् : इच्छार्थ)

(ख) भोलि उनीहरू सिलगढी .............................. । (पुग् : सम्भावनार्थ)

(ग) कन्याममा पर्यटकहरू .............................. । (आउ : सामान्यार्थ)

(घ) हर्क गाउँमै .............................. । (बस् : इच्छार्थ)

(ङ) सरुले राम्ररी पढे डाक्टर .............................. । (बन् : सङ्केतार्थक)

(च) तिमीहरू चन्दननाथको दर्शन गर्न .............................. । (जा : आज्ञार्थ)

### १०. पाँचओटा फरक फरक इच्छार्थ क्रियापदको प्रयोग गरी आफ्नो समुदाय बारेमा वर्णन गर्नुहोस् ।

### ११. तल दिइएका वाक्य पदयोग वा पदवियोग गरी लेख्नुहोस् :

सामीप्य साथी सँग क्रिकेट खेल्छन् । क्रिकेट बारे उनले धेरै लाई बताएकाछन् । उनी सित म सधैँ क्रिकेट खेल्छु । उनी हामी भन्दा निकै फुर्तिला छन् । म पनि उनी बाट सिक्दैछु ।

### १२. तल दिइएका शब्द पढ्नुहोस् र यस्तै 'य' र 'ए' वर्ण प्रयोग भएका अन्य पाँच पाँचओटा शब्द लेख्नुहोस् :

'य' वर्ण प्रयोग भएका शब्द

यज्ञ, यक्ष, यान, यात्रा, नियम, विजय, जय, यज्ञस्थल, कार्य, विद्यालय, वर्गीय, द्वितीय, विधेयक, सौन्दर्य

'ए' वर्ण प्रयोग भएका शब्द

एक, एसिया, एघार, एकतारे, एकीकरण, एकीकृत, एउटा, एकता, एकोहोरो, एकाइ, एक्कासि, एकान्त, खाएर, एवम्, गएर

### १३. पाठबाट 'य' र 'ए' वर्ण प्रयोग भएका शब्द टिपोट गर्नुहोस् ।

### १४. शुद्ध गरी लेख्नुहोस् :

(क) एस्तै हो मैले पनी सएर बसेको भय कीन झगडा हुन्थ्यो र ?

(ख) एस्ता खेलको लत्मा परेपछी मानीस यकोहोरिने र पढाई वा अन्ए काममा ध्यान नदीने गर्न थाल्दछ ।

## सुनाइ बोलाइ

### तलको अंश सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

खेतबारीमा बालीनालीलाई हुर्काउन र धेरै उत्पादन लिन कृषिमलको प्रयोग गरिन्छ । यसको उचित प्रयोगबाट बोटबिरुवा सप्रन्छन् । कति जमिनमा, कुन बालीमा कति मात्रामा मल प्रयोग गर्ने ज्ञान किसानलाई हुनुपर्छ । माटो, पानी र मल सबै कुरा मिलेको जमिनमा बढी उब्जनी हुन्छ । यसका लागि उन्नत बिउ, मलजल, गोडमेल, उर्वर माटो, घामपानी आदिको आवश्यकता पर्छ । मानिसलाई पौष्टिक आहाराको आवश्यकता परे जस्तै बोटबिरुवालाई मलको खाँचो पर्छ । प्राङ्गारिक र रासायनिक गरी कृषिमल दुई प्रकारका हुन्छन् ।

### १. माथिको अंश सुनेर तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) कृषिमलको प्रयोग किन गरिन्छ ?

(ख) किसानलाई के कुराको ज्ञान हुनुपर्छ ?

(ग) कस्तो जमिनमा बढी उब्जनी हुन्छ ?

(घ) कृषिमल कति प्रकारका हुन्छन् ?

### २. कृषिमलको प्रयोग गर्नाले के के फाइदा हुन्छन्, भन्नुहोस् ।

## सिर्जनात्मक अभ्यास

### १. सहरमा बस्ने आफ्नो साथीलाई जडीबुटीको महत्त्व दर्साई एउटा चिठी लेख्नुहोस् ।


# पाठ ७

# पूर्वपठन



तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :





(क) मानिसहरू किन झगडा गर्छन् होला ? माथिको चित्र हेरेर भन्नुहोस् :

(ख) माथिको चित्र हेरेर एउटा कथा बनाउनुहोस् :

# चम्किला अनुहारहरू

*अनन्त वाग्ले*

मालाखर्क घरहरूको माला जस्तै थियो । त्यही सुन्दर गाउँभित्र ढुङ्गे छाना भएका दुई घरहरूबिचको मेलमिलाप गजबको थियो । दुवै घरका पाका मान्छेदेखि साना नानीसम्म पनि असाध्यै मिल्थे । वल्लो घरको सुखमा पल्लो घर मुस्कुराउँथ्यो । पल्लो घरमा दुःख पर्दा वल्लो घर दिक्दार बन्थ्यो । दुवै घरका परिवारमा वल्लो घरकी गरिमा र पल्लो घरकी मालिका मिल्ने साथी हुन् । लाग्थ्यो यिनीहरूको त मन, मुटु नै एउटै छ । उस्तै उमेर, उही कक्षा अनि एकै थालमा खाँदै हुर्केका यिनीहरूका मित्रता रहर लाग्दो थियो । एउटीबिना अर्की एकछिन पनि बस्नै सक्दैनथे ।



एक दिनको एउटा घटनाले भने ती दुई घरको मिलापमा हलचल ल्यायो । भयो के भने सबै जना काममा गएका थिए । गरिमा पनि गाई चराउन गएकी थिई । गाईले सँगैको मालिकाको बारीमा लहलहाइरहेका हरिया र कल्कलाउँदा मकैका बिरुवा सखाप पाऱ्यो । मालिकाका बुबाले बारीमा मस्त मकै खाइरहेको गाई देखे । गोठालो लागेकी गरिमाको अत्तोपत्तो थिएन । मालिकाका बुबा सुरुमा त पशुले गरेको, जे हुनु भइहाल्यो भन्ने सोच्दै थिए । आधा पाटो मकै खाइसक्दा पनि धपाउन कोही नआएको देख्दा भने उनलाई झनक्क रिस उठ्यो । उनले काठको ठेउको टिपेर प्रहार गरे । ठेउकाले गाईको पेटमै लाग्यो । गाई रन्थनियो । त्यो बाँबाँ

कराउँदै गोठतिर दगुऱ्यो ।

साँझ सबै जना कामबाट घर फर्किए । गरिमाका गाईले मकै खाएको विषयमा मालिकाका घरमा चर्काचर्की सुनियो । मालिकाकी आमा भनिरहेकी थिइन्, "हाम्रो पनि वर्ष दिन खाने बाली हो, बसाहा पालेपछि राम्ररी बाँध्न पनि त सक्नुपऱ्यो नि, केटाकेटीका भरमा छाडेर हुन्छ !"

मालिकाकी आमाको च्याँट्ठिएको आवाज सामुन्नेको गरिमाको घरमा नठोक्किने कुरै भएन । गल्ती आफ्नैबाट भएकाले गरिमाका बुबा, आमा केही नबोली बसिरहे । गरिमा त डरले थुरथुर थिइन् । आमाबुबा पनि उनले गाई राम्ररी नहेरेको भनी झपारिरहेका थिए । गरिमाको परिवारले नोक्सानअनुसार हर्जानातिर्ने विचार गरे । भोलिपल्ट पो यो घटनाले ठुलो रूप लिन पुग्यो, जब गरिमाको गाई तुहियो । नौ महिनामा ब्याउनुपर्ने गाईले चार महिनामै बाछो जस्तो आकृति र रगतका फाल्सा खसाल्यो । सुरुमा त गरिमाको परिवारलाई थाहा थिएन । पछि मालिकाका बुबाले अगिल्लो दिन गाईलाई ठेउकाले हानेको कुरा एक जना गाउँलेले बताइदियो । यो थाहा पाएपछि उनीहरूले साह्रै चित्त दुखाए । फेरि चर्काचर्की भयो । हात हालाहाल हुन भने छिमेकीले रोके । यो घटनापछि गरिमा र मालिकाका आमाबुबाहरूको एकआपसमा बोलचाल बन्द भयो ।

"अब त्योसँग नहिँड्नु नि, गरिमाले गर्दा यो सबै भएको हो ।" मालिकाकी आमाले चेतावनी दिइन् । मालिकालाई नरमाइलो लाग्यो तर आमाको कुरा काट्ने हिम्मत आएन । गरिमाकी आमाले पनि मालिकासँग बसउठ नगर्न भनिन् । गरिमालाई आमाका कुराले झनक्क रिस उठ्यो । आफ्नै मुटु हुत्तिएर बाहिर निस्केजस्तो भयो तैपनि उनले जबाफ फर्काइनन् । त्यस दिन गरिमा र मालिका दुवै गह्रौँ मन, मुटु लिएर विद्यालयतिर लागे । सधैँ झैँ हात समाउँदै र अङ्कमाल गर्दै होइन, दुवै जना एक्लाएक्लै । गरिमाले मनभरि कुरा खेलाउँदै बिस्तारै पाइला चालिरही, "साँच्चै मालिकाले अब मलाई माया गर्दिन त ? नत्र किन एक्लै लम्केकी ?"

सल्लाघारीको गैरो काट्नासाथ गरिमाले मालिकालाई देखी । मालिका एउटा सानो रुखको फेदमा बसेर सुँक्कसुँक्क गरेकी थिई । उसको मुन्टो निहुरिएको थियो र आँखा उदास थिए । गरिमा पनि भक्कानिई । उसले गम्लङ्ङ मालिकालाई अँगालो हाली । दुवै जना केही बोल्न सकेनन् । बरु दुवै सुक्सुकाउन थाले । दुवै जनाका आँखा रसाए र तिनका चेपबाट बिस्तारै आँसुले बाटो लियो । केही बेरसम्म दुवै एकअर्काको अँगालामा कस्सिइरहे ।

"आमाबुबाहरू जेसुकै गरुन् । गाईलाई ठिक भइहाल्छ नि । हामी त उस्तै हुनुपर्छ है !", मालिकाले मधुरो आवाजमा भनी, "मेरो बुबाले गाईलाई नोक्सानै पार्न त खोज्नुभएको होइन रे । धपाउँदा लाग्न पुग्यो भनेर दुःख मान्दै हुनुहुन्थ्यो । फेरि जानाजान तिमीहरूले पनि गाई बारीमा लगाएका होइनौ । बित्थामा नराम्रो भयो ।"

"म पनि तिमीलाई यही भन्न खोज्दैथेँ" गरिमा पनि सम्हाँलिदै बोली, "म तिमीलाई उस्तै माया गर्छु, अझ बढी माया गर्छु । जे जे भयो, सकियो ।"अनि दुवै जना सधैँ झैँ हात समातेर विद्यालयतिर लागे । गरिमा र मालिकाको मित्ती उस्तै भए पनि दुवैका आमाबुबाहरूको भने एकआपसमा बोलचाल बन्द थियो । ऐँचोपैँचो चल्न छाडेको थियो । मिठोचोखो पाक्दा पहिले झैँ एकले अर्कालाई सम्झन र एक घरबाट अर्कोमा लगिदिन पनि छाडेका थिए ।

गरिमा र मालिका दुवै जनालाई आमाबुबाहरूको तरिका मन परेको थिएन । "झन् ठुला मान्छेहरूको मन चाहिँ कत्ति सानो !", उनीहरू भन्थे । उनीहरू चाहन्थे ऐँचोपैँचो – सरसापटी रुपियाँ पैसा वा सरसामान सापट दिने र लिने काम आमाबुबाहरूको बोलचाल होस् । मित्ती होस् । पहिले जस्तै सम्बन्ध सुमधुर होस् । घण्टा, दिन र साता हुँदै केही महिना बिते । गरिमा र मालिकाका आमाबुबाहरू पनि एकआपसको मिलेमतो टुटेकामा नरमाइलो मान्न थाले ।

"केटाकेटीले हेरेका पशुले गरेको बिराममा पनि म कत्ति आवेशमा आँएछु है त्यस दिन !" एक दिन आमासँग बुबा पछुताइरहनुभएको मालिकाले सुनिन्, "गरिमाका आमाबुबा नराम्रा मान्छे त होइनन् । केही चिज पैँचो लगे भने कत्ति हत्तारिएर तिर्न ल्याइहाल्थे । दिएर बिर्सने तर लिएर कहिल्यै नबिर्सने बानीका यस्ता मान्छे कहाँ पाउनु !"

आमाले पनि गरिमाका परिवारको झनै प्रशंसा गरिन्, "हाम्री मालिका कुन, उनीहरूकी गरिमा कुन ! उनीहरू मालिकालाई पनि त आफ्नै छोरी जस्तो गर्थे ।"

बुबाआमाको कुराले मालिकाको मनमा ठुलो खुसी सल्बलायो ।

गरिमाका बुबाले पनि त खेतमा सबै खेतालाको अघिल्तिरै भनेथे, "आखिर हामी दुवै गरिखाने परिवार हौँ । सँगै भएपछि कहिलेकाहीँ यस्तो हुनु ठुलो कुरा होइन । तिललाई पहाड बनाउनेहरूले जेसुकै भनुन् तर हामी उनीहरूको नराम्रो सोच्नै सक्दैनौँ ।"

त्यही बेला गरिमाकी आमाले पनि थपेकी थिइन्, "कृषिमा केही नयाँ बोटबिउ आयो कि उनैले हामीलाई नि ल्याइदिन्थे । बित्थामा सानो निहुँले नराम्रो मात्रै भयो ! हाम्रो गाई फेरि ब्याउने भइहाल्यो ।"

त्यति बेला सिरानघरेका खेतमा भेला भएका सबै खेतालाले पनि 'हामी आआफ्नो गरिखानेहरू नै यसरी फुट्यौँ भने त कसरी उँभो लाग्ला यो गाउँ' भन्दै खिन्न मन पारेका थिए ।

त्यसै दिनको खाजा खाने बेला छापका कुलानन्द काकाले भनेका कुरा बिराम, कसुर, भुलचुक, काममा बाधाअझै घत लाग्दो थियो । यो सम्झदा गरिमा अहिले पनि दङ्ग पर्छिन् । काका कुलानन्दले भनेका थिए, "यी ठुला भनाउँदा बाउबाउ र आमाआमा नबोलेका त हुन् नि । ज्यानले ठुला, चित्तले साना । तिनका छोरीहरूबाट पो सिक्नु छ त हामीले ।

हेरहेर तिनको मिल्ती । यति विधि मिलेर काम गर्छन् ती । एउटीलाई हाच्छ्युँ आए पनि अर्कीसँग सोधेर मात्र गर्छन् जस्तो छ । सम्बन्ध भनेको त यस्तो पो बाबै ।"

काका कुलानन्दले थपेका थिए, "एकै ठाउँ भएपछि कहिलेकाहीँ भाँडा पनि बज्छ, यस्तै हो, आखिर छोरीहरूलाई हेरेर पनि यिनीहरू नमिली सुक्खै छैन ।"

"आज त जतिसुकै अबेर होस् । सबै कार्यक्रम नसकिएसम्म नजाने है गरिमा !", विद्यालयमा पुस्तक मेलाको दिन मालिकाले भनी । हुन पनि त्यस दिन विद्यालयमा निकै रमाइलो थियो । कविता, हाजिरीजवाफ, कथावाचन, निबन्ध लेखन अनि पुस्तक प्रदर्शनी । थरीथरीका किताब हेर्दै, छान्दै र पढ्दै सबै जना रमाइरहेका थिए । साँझ अबेरसम्म पनि छोरीहरू नफर्केपछि घरतिर भने सोधीखोजी हुन थाल्यो ।

"चितुवाको बिगबिगी छ गाउँमा, जानुस् लिन", गरिमाकी आमाको बोली भुइँमा के खसेथ्यो, उनका बुबा गरिमालाई लिन भनी हिँडे । सल्लाघारीको गहिरामा मालिकाका बुबा पनि विद्यालयतिरै गइरहेका भेटिए । दुवै जना नबोली नबोली अघि बढिरहे ।

अलि पर पुगेपछि हात समातेर हाँसीहाँसी फर्किरहेका गरिमा र मालिकालाई उनीहरूले देखे । छोरीहरूका हँसिला मुहार देखिरहेका बुबाहरूका आँखा एकआपसमा जुध्न पुगे । अनि अनायास दुवै मुसुक्क हाँसे ।

"हामी मात्र त नबोलेका रहेछौँ नि, छोरीहरू त उत्तिकै छन् ।" गरिमाका बुबाले लजाउँदै मुख फोरे, "तेलपानी एकै, पिना बाहिर भनेको यही त हो नि !"

कहिले बोल्न पाइएला जस्तो गरी उभिएका मालिकाका बुबाले पनि भनिहाले, "केटाकेटी भनेका साच्चै निर्दोष हुँदा रहेछन् । केको इख, केको रिस । बित्थामा हामी मात्र... !"

बुबाहरूको बोलचाल भएको खुसीमा गरिमा र मालिकालाई खुट्टा भुइँमा छन् कि छैनन्

जस्तो भइरहेथ्यो । चारै जना कुराकानी गर्दै घरतिर लागे ।

घरनजिकैको पिपलको फेदमा छोरीहरू र छोरीहरूलाई लिन गएका बुबाहरूलाई हेर्दै गरिमा र मालिकाका आमाहरू पर्खिरहेका थिए । त्यहाँ पनि कस्तो भएछ भने गरिमाकी आमा यसो पिपलचौतारीमा निस्केर के चिहाउँदै थिइन्, मालिकाकी आमा पनि त्यहीँ आइपुगिछन् । दुवैलाई असजिलो असजिलो लागेछ ।

गरिमाकी आमा पिपलको फेदमा दायाँतिर बसिछन् । मालिकाकी आमा बायाँतिर । अलिबेरमा हँसिलो अनुहारका छोरीहरू अघि लगाएर मुस्कुराउँदै बुबाहरू पिपलचौतारीमा देखा परे । छोरीहरू त मिल्थे नै । बुबाहरूको पनि बोलचाल भएको आमाहरूले चाल पाए । "ए ! हामी मात्र किन नबोली नबोली भित्रभित्रै जलिरहने मालिकाकी आमा ?" गरिमाकी आमाले भनिन्, "मेरो पेटमा त नराम्रो केही छैन है अब !"

"मलाई पनि त कहिले बोलूँ भइरहेको थियो नि दिदी !", मालिकाकी आमाले भनिन्, "आवेशमा जुन बेला जे भयो, सकियो । सधैँलाई इख लिएर किन हुन्थ्यो ।"

दुवै आमाहरूको अनुहारमा अनौठो मुस्कान देखियो । बुबाहरू त झन् खुसी छँदै थिए । अनि गरिमा र मालिकाको मिल्ती त सधैँ उस्तै नै थियो ।

यति बेला भने तिनका अनुहारमा विशेष ज्योति जगमगाइरहेको थियो । जुनेली रातमा चम्किरहेका छ जनाको अनुहार बिस्तारै तिनै ढुङ्गे छानाका दुई घरतिर बाँडिए । पिपलका पातहरूबाट खुसीको एक झोक्का मधुर हावा सुस्तरी मालाखर्कतिर लाग्यो ।

## शब्दभण्डार

### १. दिइएका अनेकार्थी शब्दहरूसँग मिल्ने अर्थमा जोडा मिलाउनुहोस् :

| अर्थ – १ | अनेकार्थी शब्द | अर्थ – २ |
|---|---|---|
| राजस्व | रहर | एक दिशा |
| बालक | उत्तर | गैँडाको बच्चा |
| चाहना | साँचो | चाबी |
| सहर | कर | 'गर' को अकरणबोधक क्रिया |
| जबाफ | केटा | एक किसिमको दाल |
| सत्य | नगर | ढिपी |

### २. दिइएका पदावली र अर्थबिच जोडा मिलाउनुहोस् :

| पदावली | अर्थ |
|---|---|
| हात हालाहाल गर्नु | आँखाबाट आँसु आउनु |
| चेतावनी दिनु | ठुलो बरबादी हुनु |
| आँखा रसाउनु | कुटाकुट गर्नु |
| भित्रभित्रै जल्नु | रातोपिरो हुनु |
| सत्यनाश हुनु | भित्रभित्रै पिल्सिनु |
| | सचेत गराउनु |

## ३. तलका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

(क) टाउकामा टेक्नु (मात्तिएर हेप्नु), तालुमा आलु फल्नु (भाग्य सप्रनु), घुँडा टेक्नु (हार खानु), बाचा बाँध्नु (प्रतिज्ञा गर्नु), लख काट्नु (अड्कल गर्नु), हातमुख जोर्नु (जीविका चलाउनु), कम्मर कस्नु (आँट गर्नु), घैँटामा घाम लाग्नु (बुद्धि खुल्नु), नाक काट्नु (बेइज्जत हुनु)

(ख) जङ चल्नु, कुरा खेल्नु, खुट्टा तान्नु, जुँगा उखेल्नु, तेल लगाउनु, सही थाप्नु, मुख लाग्नु, हात छाड्नु, मुटुमा भक्कानो पर्नु, रिसले चुर हुनु, गुजरा गर्नु, हात थाप्नु

## ४. तल दिइएका उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् :

(क) जसले मह काढ्छ उसले हात चाट्छ, (परिश्रम गर्नेले फल पाउँछ ।)

(ख) अकबरी सुनलाई कसी लगाउनुपदैन (राम्रो कुरालाई जाँच्नुपर्दैन ।)

(ग) अचानाको पिर खुकुरीले जान्दैन (भोग्नेलाई मात्र वास्तविक पीडा थाहा हुन्छ ।)

(घ) आकाशको फल आँखा तरी मर (असम्भव कुरामा प्रयास गर्नु ।)

(ङ) ढुङ्गा खोज्दा देउता मिल्नु (सामान्य वस्तु खोज्दा मूल्यवान् वस्तु फेला पर्नु ।)

(च) हुने बिरुवाको चिल्लो पात (राम्रो मान्छेको लक्षण सानैदेखि राम्रो हुनु ।)

## ५. तलका उखान र टुक्काको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

डाँडा काट्नु, कान खानु, मुटु काप्नु, आए आँप गए झटारो, दुवै हातमा लड्डु, हात्तीको मुखमा जिरा

## बोध र अभिव्यक्ति

१. 'चम्किला अनुहारहरू' कथा सस्वरवाचन गर्नुहोस् ।

२. दिइएका शब्द शुद्ध उच्चारण गर्नुहोस् :

ढुङ्गेछाना, मुस्कुराउँथ्यो, मित्रता, ठेउको,अङ्कमाल, पछुताइरहनुभएको, हाच्छ्यूँ, प्रदर्शनी, पिपलचौतारी, ज्योति

३. पाठको पहिलो अनुच्छेद पढी दिइएका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :

(क) मालाखर्कका घर कस्ता थिए ?

(ख) को को मिल्थे ?

(ग) को को मिल्ने साथी हुन् ?

(घ) साथी साथीबिच कस्तो मित्रता थियो ?

(ङ) वल्लोपल्लो घर के कारण दिक्दार मान्थे ?

(च) मालिका र गरिमाबिचको मेल कस्तो थियो ?

४. पाठ पढी कथामा भएका पुरुष र महिला पात्रका बारेमा एक एक वाक्य लेख्नुहोस् ।

५. पाठको अन्तिम अनुच्छेद पढी साथीलाई सोध्न दुईओटा प्रश्न बनाउनुहोस् ।

## ६. पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :

(क) मालिकाका बाले किन गाई कुटेका हुन् ?

(ख) गरिमा र मालिकाका बाआमाको बोलचाल किन बन्द भयो ?

(ग) गरिमा र मालिकाको किन विछोड भयो ?

(घ) कुलानन्द काकाले के भने ?

(ङ) मालिकाका आमाबुबाले किन पछुतो मानेका होलान् ?

(च) "केटाकेटी भनेका साँच्चै निर्दोष हुँदा रहेछन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(छ) गरिमा र मालिकाका विद्यालयमा भएका कार्यक्रमको सूची बनाउनुहोस् ।

(ज) यस कथाको शीर्षक 'चम्किला अनुहारहरू' राख्नु कत्तिको सान्दर्भिक छ ?

## ७. भाव विस्तार गर्नुहोस् :

(क) एकै ठाउँ भएपछि कहिलेकाहीँ भाँडा पनि बज्छन् ।

(ख) तिललाई पहाड बनाउनेहरूले जेसुकै भनुन् तर हामी उनीहरूको कहिल्यै नराम्रो सोच्नै सक्दैनौँ ।

## ८. गरिमा र मालिकाका परिवारमा भएको झगडा कसरी अन्त्य भयो, पाठका आधारमा लेख्नुहोस् ।

## ९. गरिमा र मालिकाको मिलाप नभएको भए उनीहरूका आमाबुबाको झगडा के हुन्थ्यो होला ? तार्किक उत्तर दिनुहोस् ।

## १०. तपाईंको टोलछिमेकमा कसरी सामाजिक सद्भाव बढाउन सकिन्छ, लेख्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

**१. दिइएको तालिकामा भएका वाक्य पढ्नुहोस् र रेखाङ्कित क्रियापदमा ध्यान दिनुहोस् । यी पूर्ण पक्ष जनाउने क्रियापद हुन् ।**

(क) सान्निध्य बजार गएको थियो । सान्निध्यले सामान किनेको थियो । साथीहरू हिँडेका थिए । मैले उनीहरूलाई भेटेको थिएँ । संसृति पनि गएकी थिई ।

(ख) सान्निध्य बजार गएको छ । सान्निध्यले सामान किनेको छ । साथीहरू हिँडेका छन् । मैले उनीहरूलाई भेटेको छु । संसृति पनि गएकी छे ।

(ग) सान्निध्य बजार गएको हुने छ । सान्निध्यले सामान किनेको हुने छ । साथीहरू हिँडेका हुने छन् । मैले उनीहरूलाई भेटेको हुने छु । संसृति पनि गएकी हुने छ ।

माथिका रेखाङ्कित क्रियाहरूले कुनै निश्चित समयमा काम सम्पन्न भएको बुझाएका छन् । त्यसैले सबै क्रियापदले पूर्ण पक्षलाई बुझाएका छन् ।

**२. कोष्ठकमा दिइएका निर्देशनअनुसार वाक्य पूरा गर्नुहोस् :**

(क) मानिसहरू घर .............................. । (जा : भूत काल, पूर्ण पक्ष)

(ख) हामी खेल्न .............................. । (जा : वर्तमान काल, पूर्ण पक्ष)

(ग) तिमीले कथा .............................. । (पढ् : भविष्यत् काल, पूर्ण पक्ष)

(घ) मन्जिशले मलाई .............................. । (भेट् : वर्तमान काल, पूर्ण पक्ष)

(ङ) तपाईंले राम्ररी .............................. । (खेल् : भूत काल, पूर्ण पक्ष)

## ३. तलको तालिकामा दिइएका वाक्य पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|
| (क) भाइ काम गर्छ । | भाइबाट काम गरिन्छ । | |
| (ख) बहिनी पार्लर जान्छे । | | (बहिनीबाट) पार्लर गइन्छ । |
| (ग) गायकले गीत गाए । | गायकबाट गीत गाइयो । | |
| (घ) बिरामी राम्ररी सुत्यो । | | (बिरामीबाट) राम्ररी सुतियो । |
| (ङ) सानी पाठ पढ्ने छे । | सानीबाट पाठ पढिने छ । | |
| (च) लासाङ घरमा बस्ने छे । | | (लासाङबाट) घरमा बसिने छ । |

वाक्यमा कर्ता, कर्म र भावमध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक कोटिलाई वाच्य भनिन्छ । कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको रूप बदल्ने वाच्य कर्तृवाच्य हुन् । माथि पहिलो टेबलमा दिइएका वाक्य कर्तृवाच्य हुन् । वाक्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको रूप बदल्ने वाच्य कर्मवाच्य हुन् । माथि दोस्रो टेबलमा दिइएका वाक्य कर्मवाच्य हुन् । यसै गरी वाक्यमा क्रियाको भाव मुख्य मानी रूप बदल्ने वाच्य भाववाच्य हुन् । माथि तेस्रो टेबलमा दिइएका वाक्य भाववाच्य हुन् ।

## ४. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :

(क) उनीहरू काम गर्छन् । (कर्मवाच्य)

(ख) सुरभीले स्याउ खाई । (कर्मवाच्य)

(ग) पासाङबाट हिमाल चढियो । (भाववाच्य)

(घ) तीर्थालुहरू पाथिभरा जाने छन् । (कर्तृवाच्य)

(ङ) धनियाँद्वारा भात खाइयो । (भाववाच्य)

## ५. तलको अनुच्छेद मौनवाचन गर्नुहोस् र 'रि' र 'ऋ' लागेका शब्द पहिचान गरी लेख्नुहोस् :

रिजन कृषि ऋण लिन कृषि विकास बैङ्क गए । बैङ्कमा ऋषि, ऋचा, सृष्टि, प्रिया र कृति अघि नै आइसकेका थिए । बैंकले ऋण नदिएपछि रिजन रित्तै हात घर फर्किए । घरमा आएर उनी आफूले ऋण नपाएको टिपोट लेखाउन वडाका ऋषि सरकहाँ गए । ऋषि सरले रित नपुगी आएको निवेदन आफूले नबुझ्ने कुरा बताउनुभयो ।

## ६. दिइएका जोडा शब्दमध्ये सही शब्दमा गोलो घेरा लगाउनुहोस् :

| | |
|---|---|
| रिसी ऋषि | रिचा ऋचा |
| रिस ऋष | ऋषभ रिसभ |
| रितु ऋतु | रिक्त ऋक्त |
| ऋद्धि रिद्धि | रिग्वेद ऋग्वेद |

## ७. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

रित्तो, ऋणी, रिक्सा, ऋतु, रिट्ठो

## सुनाइ बोलाइ

### तलको पाठ सुनेर उत्तर दिनुहोस् :

कुनै गाउँमा मानबहादुर नाम गरेको व्यक्ति थियो । ऊ माइलो सन्तान भएकाले गाउँलेहरू उसलाई माइला भनेर बोलाउँथे । दाजुभाइका बिचमा अंशबन्डा हुँदा उसको भागमा मतान घर परेकाले ऊ त्यहीँ बस्थ्यो । गाउँलेहरू उसलाई मताने माहिला भनेर बोलाउँथे । मताने माहिलाका दुई छोरा थिए । जेठो छोरोलाई ठुले र कान्छोलाई साने भनेर बोलाउने गरिन्थ्यो । तिनीहरूको उमेरमा दुई वर्षको मात्र फरक थियो । बुबाले दुवै छोराहरूलाई सधैँ मिलेर बस्नुपर्छ र इमानदार हुनुपर्छ भनेर अर्ती दिन्थे ।

### १. पाठ सुनेर तल दिइएका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) मानबहादुर घरको जेठो सन्तान थियो ।

(ख) मानबहादुरलाई अंशमा मतान घर परेको थियो ।

(ग) मानबहादुरको छोराहरूको उमेरमा पाँच वर्षको फरक थियो ।

(घ) मताने माइलाका दुई भाइ छोरा थिए ।

### २. पाठका आधारमा तल दिइएका प्रश्नको मौखिक उत्तर भन्नुहोस् :

(क) मानबहादुरलाई गाउँलेहरूले के नाम राखेका थिए ?

(ख) मानबहादुरका कति भाइ छोरा थिए ?

(ग) मानबहादुरका छोराहरूको नाम के के थियो ?

(घ) मानबहादुर छोराहरूलाई कस्तो अर्ती दिन्थ्यो ?

## सिर्जनात्मक कार्य/परियोजना कार्य

१. तल दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षकसमेत राख्नुहोस् :

किसानको घरमा एउटा राम्रो कुकुर हुनु ......... कुकुरले इमान्दार पूर्वक घरको हेरचाह गर्नु ......... किसानले कुकुरलाई निकै माया गर्नु ......... कुकुर बुढो हुँदै गएपछि किसानले बेवास्ता गर्नु ......... खानेबस्ने कुरामा ध्यान नदिनु ......... पिट्नसमेत थाल्नु ......... कुकुर निराश भएर घर छाडेर हिँड्नु ......... स्यालसँग भेट हुनु ......... मित्रतासमेत हुनु ......... कुकुरले आफ्नो कहानी स्याललाई सुनाउनु ......... चलाख स्यालले जुक्ति निकाल्नु ......... किसानकी श्रीमती खेतमा काम गर्दै ......... छोरालाई छेउमा सुताएकी ......... स्याल त्यहाँ पुग्नु ......... शिशुलाई लिएर जङ्गलतिर पुग्नु ......... कुकुरले भुक्दै स्याललाई पछ्याउनु ......... किसानकी पत्नी बेहोस हुनु ......... कुकुरले एकैछिनपछि शिशुलाई लिएर आउनु ......... आफ्नो बच्चालाई बचाएको ठानी किसानका पतिपत्नीले कुकुरलाई पहिलोको भन्दा धेरै माया गर्नु ......... कुकुर खुसी हुनु ......... कसैलाई पनि हेला गर्न नहुने

२. पत्रपत्रिकाबाट एउटा कथा खोजेर लेख्नुहोस् र सुनाउहोस् ।

# पाठ ८

# पूर्वपठन

तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :





(क) माथिको चित्रमा के के देख्नुभयो ?

(ख) यी कुन कुन नदी होलान् ?

(ग) नदीको उपयोगिता के के हुन सक्छ ?

# माटो

प्रह्लाद पोखरेल

सृष्टिको समग्र स्रोत
राम्ररी समेटेर राखेकी छौ आफूमा
तिमी माटो म माटो
हामी आफ्नै माटाका सिर्जनशील कण
जागृतिको लहर चलाएर मेचीदेखि महाकालीसम्म
स्वाभिमानको महासागर छचल्किएको छ छातीमा
कसले खोस्न सक्छ हामीबाट
आमासित खेल्ने हाम्रो जागरणशील क्षण ?
तिमी माटो, म माटो
हामी आफ्नै माटाका सिर्जनशील कण ।
तिमीबाटै जागृत भएर जीवन्तता
तिम्रै ममताको न्यानो पाएर
उमारेका छौँ चेतनाका ऊर्ध्वगामी पिपिराहरू
तिम्रै जीवनरसबाट रसयुक्त भएर
फुलाएका छौँ सिर्जनाका शक्तिकामी सुनगाभाहरू ।
तर किन
हिमाल पगिलएर आँखाबाट
कतै गण्डकी भएर पिर पोख्छ्यौ ?
कतै कर्नाली बनेर आँसु बहन्छ्यौ ?
छोड

अब कोसी भक्कानिन छोड

तिम्रा आँसुहरूमा हामी अवश्य पनि बाँध बाँध्छौँ

अब कोरिनुपर्छ

स्वाभिमानी नेपाली हत्केलाहरूमा

ठेलाका पौरखपूर्ण भाग्यरेखाहरू

पर्व

जाँगरका गैँती चलाएर परिश्रमका पहाडहरूमा

हामी आफ्नै माटामा

आत्मनिर्भरताको द्यौराली उठाउँछौँ ।

## शब्दभण्डार

१. **तल दिइएका लय मिल्ने शब्द पढ्नुहोस् र अन्य उस्तै शब्द लेख्नुहोस् :**

उदाहरण : वहर = रहर – सहर – कहर

रात, चार, माटो, जालो, हार, आगो, छाल

२. **दैवज्ञराज न्यौपानेको कविता पढ्नुहोस् र लय मिल्ने शब्दको सूची बनाउनुहोस् :**

कर्मवीर नेपालीको कर्म चिन्ने देश

हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

शङ्करले बास चुने पहिलो सृष्टि खोली

चेतनाको पहिलो ज्योति छर्थे वेद बोली

ज्ञानभूमि जनकको बुद्ध बोल्ने देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

जात मेरो नेपाली हो जहाँ गए पनि
नाम पनि नेपाली हो जसले भने पनि
आफ्नै धर्ती आफ्नै माटो चुम्न सक्ने देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

उँभो हेर्दा लेकैलेक उँधो हेर्दा बेँसी
जति हेर्‍यो त्यति ठिक्क छैन कमबेसी
पहाड र तराईले प्रीति रच्ने देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

### ३. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

स्वाभिमान, जागरणशील, पिपिरा, शक्तिकामी, सुनगाभा, भाग्यरेखा, गैँती

## बोध र अभिव्यक्ति

### १. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

सृष्टि, जागृति, जागरणशील, जीवन्तता, सिर्जनशील, उर्ध्वगामी, आत्मनिर्भर, द्यौराली

### २. 'माटो' कविता हाउभाउसहित वाचन गरी सुनाउनुहोस् ।

## ३. छुटेका शब्द भरी कविताको अंश पूरा गर्नुहोस् :

अब ........................ भक्कानिन छोड

तिम्रा आँसुहरूमा हामी अवश्य पनि ........................ बाँध्छौँ

अब कोरिनुपर्छ

स्वाभिमानी ........................ हत्केलाहरूमा

ठेलाका ........................ भाग्यरेखाहरू

पर्ख

जाँगरका ........................ चलाएर परिश्रमका पहाडहरूमा

हामी आफ्नै ........................

आत्मनिर्भरताको ........................ उठाउँछौँ ।

## ४. तल दिइएका प्रश्नको एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) हामी के हौँ ?

(ख) किन हाम्रो जागरणशील क्षण खोस्न सकिँदैन ?

(ग) चेतनाका ऊर्ध्वगामी पिपिराहरू कसरी उमारिएका छन् ?

(घ) गण्डकी र कर्नालीले के गर्छन् ?

(ङ) हामी केको देउराली उठाउँछौँ ?

## ५. तल दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) किन आमासँग खेल्ने क्षण खोस्न सकिँदैन भनिएको होला ?

(ख) सुनगाभाहरू कसरी फुलेका छन् ?

(ग) भाग्यरेखा कसरी कोर्न सकिन्छ ?

(घ) किन कविले तिमी र मलाई माटो भनेका हुन् ?

(ङ) 'माटो' कवितामा कविले प्रकृतिको कस्तो चित्रण गरेका छन् ?

(च) 'माटो' कविताको मूल भाव लेख्नुहोस् ।

## ६. तल दिइएका उद्धरणको व्याख्या गर्नुहोस् :

(क) कसले खोस्न सक्छ हामीबाट
आमासित खेल्ने हाम्रो जागरणशील क्षण ?

(ख) तिम्रै जीवनरसबाट रसयुक्त भएर
फुलाएका छौँ सिर्जनाका शक्तिकामी सुनगाभाहरू ।

(ग) हामी आफ्नै माटामा
आत्मनिर्भरताको द्यौराली उठाउँछौँ ।

## ७. 'माटो' पाठमा कविले प्रकृतिको कस्तो चित्रण गरेका छन्, पाठका आधारमा स्पष्ट पार्नुहोस् ।

## ८. तल दिइएका अनुच्छेद सुन्नुहोस् र जस्ताको त्यस्तै लेख्नुहोस् :

हाम्रो देश वीर गोर्खालीहरूको देश हो । त्यसैले हाम्रो इतिहासभरि हाम्रा पुर्खाहरूको वीरताको गाथा पाइन्छ । यस्ता बहादुरीको कथा पढ्दा मलाई सेना वा प्रहरी बनेर देशको सेवामा खटिने रहर जाग्छ । वीरताको इतिहासले रङ्गिएको हाम्रो देशमा अझै पनि कतिपय अन्धविश्वास छन् । अन्याय, अत्याचार र भ्रष्टाचार पनि छन् । त्यसैले यस्तो अन्धविश्वास, अत्याचार र भ्रष्टाचार निर्मूल गर्नका लागि मलाई समाजसेवा गर्न मन लाग्छ । राजनीतिमा लाग्न मन लाग्छ र समय सुहाँउदो नियम, कानुन बनाएर देशमा सुशासन कायम गर्न मन लाग्छ । विकासको मूल फुटाएर एउटा विकसित देशका रूपमा सगरमाथाको देश नेपाललाई विश्वभर चिनाउन मन लाग्छ । सुशासनको कुरा गर्दा कर्मचारीको भूमिका महत्त्वपूर्ण भएर आउँछ । त्यसैले मलाई कर्मचारी बनेर जनताको सेवा गर्ने रहर लाग्छ ।

९. 'माटो' पाठमा माटाका सम्बन्धमा भनिएका कुरा छलफल गर्नुहोस् र माटाको महत्त्वका बारेमा आफ्नो धारणा लेखेर सुनाउनुहोस् ।

१०. तपाईँको परिवेशमा गाइने लोकगीत सङ्कलन गरी लय हालेर गाउनुहोस् ।

११. तल दिइएको सन्दर्भ पढ्नुहोस् :

एक दिन गाउँमा एक जना कवि आउनुभयो । गाउँमा कविता वाचन गर्ने दिन थियो । कविले एउटा गीतिकविता लयबद्ध वाचन गरेर सुनाउनुभयो । हामीले पनि पालैपालो लयवाचन गऱ्यौँ । भूमिकाको पालो आयो । उनको लयबद्ध वाचनकलाबाट सबै प्रभावित भए । तालीले सभास्थल गुन्जियो । सबैले भूमिकाको प्रशंसा गर्न थाल्नुभयो । सबैले भूमिकामा भविष्यमा महान् गायक बन्न सक्ने खुबी रहेको बताए । यस कुराले भूमिकालाई भावुक बनायो । उनी कल्पनामा चुर्लुम्म डुबिन् ।

भूमिकाको जस्तै तपाईँमा पनि कुनै न कुनै प्रतिभा छन् । देशका कुनै महान् व्यक्तिलाई भेटेपछि तपाईँका मनमा पनि विभिन्न भाव उत्पन्न हुन सक्छन् । ती परिकल्पनालाई अभिनयसहित प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

(क) सूचीकारले धेरै परिश्रम गऱ्यो । सूचीकार सफल भयो ।

(ख) वनमा काफल पाक्यो । चराहरू रमाउन थाले ।

(ग) गाउँलेहरूले श्रमदान गरे । गाउँलेहरूले बाटो बनाए ।

(घ) अस्मिता आज मेलामा आइन् । अस्मिताले जादु हेरिन् ।

(ङ) पूर्वमा उज्यालो देखियो । कुखुराका भाले बास्न थाले ।

## २. तल दिइएका वाक्यलाई दुई भिन्न वाक्यमा विश्लेषण गर्नुहोस् :

(क) किसानले असारमा मिहिनेत गरे अनि मङ्सिरमा धेरै धान फलाए ।

(ख) रमाले विज्ञान पढिन् अनि उनी वैज्ञानिक बनिन् ।

(ग) मानेगाउँमा वृक्षारोपण गरियो त्यसैले हरियाली भयो ।

(घ) म कपाल काट्छु अनि सिनेमा जान्छु ।

(ङ) नुमा मिलनसार छिन् त्यसैले उनका धेरै साथी छन् ।

## ३. तल दिइएको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

आज बुबा भान्साघरमा हुनुहुन्छ । आमा भने पानीघट्ट जानुभएको छ । हाम्री चन्द्रमुखी भाउजू गाईगोठ जानुभएको छ । हामी दिदीबहिनी फूलपाती टिप्दै छौँ ।

| समस्त शब्द | विग्रह |
|---|---|
| भान्साघर | भान्साको घर |
| पानीघट्ट | पानीको घट्ट |
| चन्द्रमुखी | चन्द्र जस्तो मुख भएकी |
| गाईगोठ | गाईको गोठ |
| दिदीबहिनी | दिदी र बहिनी |
| फूलपाती | फूल र पाती |

## ४. तल दिइएका शब्द समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् :

जस्तै :- वनमा + भोज = वनभोज

पूजालाई + सामग्री = पूजासामग्री

पेटपूजा, वारि पारि, भान्दाइ, अन्न र पानी, पञ्चामृत, लामो छ पुच्छर जसको, दोबाटो, अघि वा पछि, पछिल्तिर, पानबुट्टे

## ५. तल दिइएका समस्त शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गहुँगोरो, पढेलेखेको, हात्तीपाइले, सप्तर्षि, नुनतेल, नवयुवक, कामलायक, लेखेअनुसार, कोसीपारि, चरणकमल, लोकलाज, चौबाटो, लालमोहर

## ६. तल दिइएका वाक्य शुद्ध वा अशुद्ध के छन् ? अशुद्ध भए शुद्ध पारेर सार्नुहोस् :

(क) बाँदर रुख मा चढ्यो ।

(ख) हामी मुगु तिर साथी सँगगयौँ ।

(ग) किसानले इनार बाट पानी झिक्यो ।

(घ) सासू बुहारी भान्सा कोठामा छन् ।

(ङ) पूजा ले पूजा लाई फूल टिपी ।

(च) कर्मचारीले देश सेवा गरेका छन् ।

## ७. तल दिइएका शब्द शुद्ध गरी लेख्नुहोस् :

काली माटी, पढेन छ, नेपालीतथा हिन्दी, खाँदैथियो, नघामनपानी, हिजो देखि, खाए छ, दायाँ तर्फ

## ८. तल दिइएका वाक्यलाई शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :

(क) सानोभाइ मेला बाट साँझपख घर तिर हिँडे छ ।

(ख) हरि अरू भन्दा कामगर्न जाँगरिलो पनि छ ।

(ग) भान्जीले मिठोगीत भाकाहाली गाउँदै गरेकोदेखेर सबैजना चकितभए ।

(घ) केटा केटी सँगे पढ्नजाँदा साह्रैनै रमाएकाथिए भनी काकीले सुनाउनु भयो ।

(ङ) उनी कथा लेख्नसिपालु भएकोकुरा हामी लाई आजैमात्र थाहा भयो नित ।

# सुनाइ बोलाइ

## तलको पाठ पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पानी रङ, स्वाद, गन्धविहीन एक रासायनिक पदार्थ हो । पानी पृथ्वीको एक मुख्य तत्त्व हो । यसले पृथ्वीका प्रकृति, जीवजीवात्मालाई बचाइराखेको हुन्छ । पानी हाम्रो जीवन हो । यो सम्पूर्ण प्राणी तथा वनस्पतिको आधार हो । पृथ्वीमा तीन भाग पानी र एक भाग माटो छ । हाम्रो शरीरलाई पनि प्रशस्त मात्रामा पानी चाहिन्छ । पानी सर्वव्यापी घोलक तत्त्व पनि हो । पानीको ठोस रूप बरफ हो । पानी बाफ, झरी, खोलानाला, नदी, समुद्र हुँदै फेरि बाफ नै बनेर यही चक्रमा पृथ्वीमा बहिरहन्छ । पानी पृथ्वीबाहेक अन्य ग्रहमा भएको पाइएको छैन । हिजोआज सबै प्राणी तथा वनस्पतिका लागि पानीको अभाव हुन थालेको छ । प्रकृतिको विनाश र वातावरण प्रदूषणसँगै पानीको आपूर्तिमा विकराल समस्या आउने देखिन्छ ।

## १. पाठ सुनेर तल दिइएका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) पानीको ठोस रूप ........................ हो । (हिउँ, बरफ, माटो)

(ख) पानी पृथ्वीको ........................ तत्त्व हो । (मुख्य, सहायक, गौण)

(ग) पानी, प्राणी तथा वनस्पतिको ........................ हो । (परिधार, आधार, पर्याधार)

(घ) पानी सर्वव्यापी घोलक ........................ हो । (तत्त्व, जीव, पन्छी)

२. पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) पानी कस्तो रासायनिक पदार्थ हो ?

(ख) पानीको ठोस रूप के हो ?

(ग) पानी कसरी बनेको हुन्छ ?

(घ) पानी सम्पूर्ण जीवनका लागि किन आवश्यक छ ?

## सिर्जनात्मक कार्य/परियोजना कार्य

१. 'माटाको माया' शीर्षकमा कविता लेखी कक्षामा वाचन गर्नुहोस् ।

२. पुस्तकालयमा गई प्रकृतिका विषयमा लेखिएका कविता खोजेर ल्याउनुहोस् र सुनाउनुहोस् ।

# पाठ ९ पूर्वपठन

तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :





(क) चित्रमा तपाईँले के के देख्नुभयो ?

(ख) बोल्ने बानीले के के फाइदा हुन्छन् ?

(ग) हामीले किन पढ्नुपर्छ ?

# पढ्ने बानी बसालौँ

*(विद्यालयको वार्षिक कार्ययोजनाअनुसार आज विद्यालयमा वक्तृत्वकला प्रतियोगिताको आयोजना हुँदै छ । कार्यक्रमको अध्यक्षता विद्यालयका प्रधानाध्यापकले गर्नुभएको छ । मञ्चमा तीन सदस्यीय निर्णायक मण्डलको उपस्थिति भइसकेको छ । समय हेर्न तह ३ का नरेन्द्र सार्की र कार्यक्रम सञ्चालन गर्न पञ्जिला परियार खटिएका छन् ।)*

उद्घोषक

यस कार्यक्रमका सभाध्यक्ष महोदय, आदरणीय शिक्षक वर्ग र उपस्थित साथीहरूमा स्वागत छ । आज वक्तृत्वकला प्रतियोगिता हुँदै छ भन्ने सबैलाई थाहै छ । सर्वप्रथम म प्रतियोगीले पालन गर्नु पर्ने नियम बताउँछु ।

(क) वक्तालाई बोल्न पाँच मिनेट समय दिइने छ । चार मिनेटपछि जनाउ घन्टी बज्ने छ । अन्तिम घन्टी बज्नासाथ वक्तव्य टुङ्ग्याउनुपर्ने छ ।

(ख) वक्ताले बोल्दा कुनै धर्म, जातजाति, वर्ण, लिङ्ग र संस्कृतिमा आघात पुऱ्याउन पाइँदैन । साम्प्रदायिक भावनालाई उत्प्रेरित गर्ने खालका विचार राख्न पाइने छैन ।

(ग) वक्ताले लिखित सामग्री हेरेर बोल्न पाउने छैनन् ।

(घ) प्रतियोगीको मूल्याङ्कनमा निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

आजका वक्ताले वर्णानुक्रममा पालैपालो आफ्ना विचार राख्नुहुने छ । सर्वप्रथम म अचला शर्मालाई आफ्ना विचार राख्न मञ्चमा बोलाउँछु ।

## अचला शर्मा

आदरणीय अध्यक्षज्यू,

श्रद्धेय अतिथिगण,

निर्णायक मण्डल,

शिक्षक वर्ग,

उपस्थित विद्यार्थी साथीहरू !

आजको यस वक्तृत्वकला प्रतियोगितामा म पढ्ने बानी बसालौँ भन्ने विषयमा आफ्ना कुरा प्रस्तुत गर्दै छु ।

पढाइ जीवनको अत्यन्त महत्त्वपूर्ण सिकाइ हो । मानिसले लामो समय पढाइमा बिताउँछ । पढाइ बौद्धिक सिकाइ र मानसिक व्यायाम हो । शारीरिक स्वास्थ्यका लागि व्यायाम जति महत्त्व छ दिमागका लागि पनि पढाइ त्यतीनै महत्त्व छ । विभिन्न खाले पुस्तक पढ्दा हाम्रो मनमस्तिष्क स्वस्थ र आनन्दित हुन्छ । शरीरमा एक प्रकारको स्फूर्ति आउँछ । पुस्तक ज्ञानको समुद्र भएकाले मानिसको ठुलो सम्पदा पनि हो । असल पुस्तक आनन्द, प्रेरणा र ऊर्जाको स्रोत हो । यसैले हामीले पाठ्यपुस्तकबाहेकका अन्य रुचिकर पुस्तक पढ्ने बानी बसाउनुपर्छ । नियमित पुस्तक पढ्ने बानीले पढ्ने रुचि समेत विकास हुन्छ ।

हामीले नियमित पढ्ने बानी बसाउन सक्यौँ भने यसले ज्ञानको दायरा बढाउँछ । कुनै विषयमा सोच्ने र कुरा बुझ्ने शैली पनि फराकिलो हुन्छ । यस्तो बानीले जीवन समृद्ध बनाउँछ र बाँच्नका लागि सुदृढ आधार तयार पार्छ । अझ घरमा एउटा पुस्तकालयको व्यवस्था गर्ने र उत्कृष्ट पुस्तकहरू सङ्कलन गर्ने बानी बसाउन सके त त्यसले घरको शोभा नै बढाउँछ । यसले पढाइलाई संस्कार र संस्कृतिको रूपमा विकास गर्छ । पढ्ने बानीले मोबाइल फोन वा डिजिटल प्रविधिको लतबाट मुक्त गराई मस्तिष्कको विकास गर्न पनि सहयोग गर्छ । यसैले हामीले दैनिक खाना खाएजस्तै दैनिक पुस्तक पढ्ने बानी बसाउनुपर्छ ।

पुस्तक ज्ञान र मानको साधन हो । पढाइ उन्नतिको आधार हो । पुस्तकले हामीलाई नयाँ कुराको जानकारी मात्र दिँदैन, नयाँ सोच र प्रश्न पनि पैदा गरिदिन्छ । यसले हामीलाई नयाँ संसारमा पसेर इच्छानुसारको ज्ञानआर्जन गर्न तथा ज्ञानको प्रयोग गरी जीविकाको बाटो खोजी गर्न सघाउँछ । यसले परम्परादेखि समाजमा रहेको ज्ञानलाई आधुनिक ज्ञानसँग तुलना गर्न सिकाउँछ । हाम्रा व्यवहारमा रहेका खराब पक्षलाई सुधार्छ । व्यक्तिलाई समाजसापेक्ष व्यवहार विकास गर्न सिकाउँछ । मेरो विचारमा पुस्तक बानी सुधार्ने र सामाजिक परिवर्तन गर्न सघाउने साधन हो । पढ्ने बानी राष्ट्रिय समृद्धिको कारक हो । नेता, अभिनेता, कलाकार, पत्रकार, व्यापारी, प्रशासक सबले नयाँ नयाँ पुस्तक पढ्नुपर्छ । पढाइलाई साथी बनाउनुपर्छ । यस्तो बानीले समाजलाई सभ्य र सुसंस्कृत बनाउँछ । अनुसन्धानले समेत पुस्तक पढ्ने बानीले मानसिक रोगको भय कम हुने देखाएको छ । पढ्ने बानी रोग निको पार्ने औषधी हो ।

## अध्यक्ष महोदय,

लेख्ने कलाको विकास भएपछि मानिसले पढ्ने बानीलाई ज्ञान प्राप्तिको आधार बनायो । मानिसका धार्मिक, सांस्कृतिक आदि विभिन्न काम गर्न पुस्तक सहायक बन्यो । पुस्तककै आधारमा दैनिक तथा धार्मिक कार्य, सामाजिक कार्य र विकास कार्य गर्न थालियो । पुस्तक अर्थ, कानुन र शासनका आधार बने । यसले पढ्ने बानीलाई अझ परिष्कृत बनायो ।

पढ्ने बानी भनेको नियमित रूपमा दर्शन, विचार, राजनीति एवम् संस्कृतिका पाठ्यसामग्रीको अध्ययन तथा चिन्तन गर्ने संस्कार हो । यसले आफूले अध्ययन गरेका विषय तथा मूल्यमान्यतामा बहस गर्ने बानी बसाउँछ । व्यक्तिका विचारलाई तर्कसङ्गत ढङ्गले समर्थन या विरोध गर्ने क्षमताको विकास गर्छ । पढ्ने बानीले ज्ञान, बुद्धि, विवेक एवम् सामाजिक मूल्यमान्यता ग्रहण गर्न सहयोग गर्छ । विषयवस्तुमा गहिरो ज्ञान प्राप्त गर्न र ती ज्ञानलाई व्यवहारमा उपयोग गर्न पढ्ने बानी उपयोगी हुन्छ । यसले आफ्ना विचार, दृष्टिकोण, मूल्यमान्यतालाई परिष्कृत र परिमार्जन गर्न सहयोग गर्छ । पढ्ने बानीकै कारण नयाँ विचार, दर्शन एवम् दृष्टिकोण विकास हुन्छ । यसले मानिसलाई वास्तविक संसार चिनाउँछ । अध्ययनले मानिसलाई पूर्ण बनाउँछ । पढ्ने बानीले हरेक व्यक्तिलाई फराकिलो र उच्च चेतयुक्त बनाउँछ । यसले व्यक्तिलाई चिन्तनशील र सिर्जनशील बनाउँछ । यसले विज्ञान र प्रविधिमा आएको विकासको अध्ययन गर्न सक्ने बनाउँछ । मेरो विचारमा पुस्तक पढ्ने बानीका कुनै दुर्गुण नै छैनन् । व्यक्तिले आफ्नो सिङ्गो जीवनको भोगाइ एक पुस्तकमा समेट्न सक्छ । पुस्तक पढ्नेले जीवनका धेरै पक्षको अनुभव एउटै पुस्तकबाट प्राप्त गर्न सक्छ ।

पढ्ने बानी भएका व्यक्तिले बसमा यात्रा गर्दा, विभिन्न कामको चापको बिचमा, पैदल यात्राबाट थाकेको अवस्थामा पनि ध्यानमग्न भएर गहिरिएर पढ्न सक्छन् । पुस्तकमा लेखिएका पाठबाट सार खिचेर निचोड निकाल्न सक्छन् । पढ्ने बानी नभएका व्यक्तिलाई पुस्तक पढ्न विशेष समय आवश्यक पर्छ । लामो समय पढ्दा पनि त्यस्ता व्यक्तिले निष्कर्ष निकाल्न सक्दैनन् । पुस्तक ज्ञान वा विद्याको भण्डार हो । विद्याविहीन मानिस पशुसरह हुन्छ भनिएको छ । कुनै काम गर्न हामी व्यावहारिक निष्कर्षमा पुग्नुपर्छ । पुस्तक पढ्ने बानीले कामको निष्कर्ष निकाल्न सिकाउँछ । समाज परिवर्तन गर्न पुस्तक पढ्ने, ज्ञान प्राप्त गर्ने, ज्ञानका विभिन्न पक्षमा बहस गर्ने अभियान सञ्चालन गर्नु आवश्यक छ । समाजको परिवर्तन चाहने तथा समाजबाट अज्ञान र विकृति हटाउन चाहनेले सधैँ पढ्नुपर्छ । पठन संस्कृति निर्माण कार्य विद्यार्थीको मात्र नभई समाजका अगुवा र नेतृत्वमा रहेका व्यक्तिको पनि चासोको विषय

हो । पढ्ने बानी विकास गर्नमा पुस्तकालयको विशेष भूमिका हुन्छ । घरपरिवार र समुदायमा पुस्तक पढ्ने बानी छ, पुस्तकालय छ र अग्रजहरूले पुस्तक पढ्छन् भने बालबालिकामा पुस्तक पढ्ने र पुस्तकबाट सिक्ने बानी बस्न सक्छ । (जनाउ घन्टी बज्छ ।)

## अध्यक्ष महोदय,

हाम्रा विभिन्न संस्कारमा पुस्तकलाई पूजा गर्ने चलन छ । पुराण, कुरान, रामायण जस्ता पुस्तक पढेर सुन्ने चलन छ । असल धार्मिक पुस्तक घरमा राख्दा शान्ति हुने विश्वास छ । विशेष ज्ञान भएका पुस्तक विश्वप्रसिद्ध छन् । ती पढेर सबैले नवीन ऊर्जा प्राप्त गर्नुपर्छ । थोरोले पुरानो कोट लगाऊ नयाँ पुस्तक पढ भनेर त्यसै भनेका होइनन् । हामीले नयाँ यात्रा गर्नु छ भने नयाँ पुस्तक पढ्ने बानी बसाउनुपर्छ । मानिसहरूका बिचमा आफूलाई भिन्न देखाएर मानवताको यात्रा जित्नु छ भने पढ्ने बानी बसाउनुपर्छ । उपस्थित सबैसँग म अनुरोध गर्छु, तपाईंहरू पनि आफ्ना सन्तानलाई जन्म दिनमा पाँचओटा नयाँ पुस्तक दिनुहोस् । विद्यालयमा पाठ्यपुस्तकबाहेक अन्य पुस्तक पनि पढाइयुन् । घर र टोलमा पुस्तकालय बनाउन राज्यले योजना बनाओस् । सबैभन्दा धेरै पुस्तक पढेर समीक्षा गर्नेलाई सम्मान गरियोस् । युवाहरू पुस्तक पसल पुगेर नयाँ पुस्तक खोजुन् । ज्येष्ठ नागरिकको समय सदुपयोग गर्ने साधन पुस्तक नै बनोस् । पुस्तक हाम्रो तलतल मेटाउने आधार बनोस् । हामी सबैका वरिपरि पुस्तकको सुवासित बगैँचा बनोस् । यिनै कुरा राख्दै म मेरा कुरा टुङ्ग्याउँछु । (घन्टी बज्छ ।)

धन्यवाद ।

## उद्घोषक

श्रोता गण, आज चार जना सहभागीले आफ्ना विचार राख्नुभयो । अखिलेश सुनारको वक्तव्यसहित आजको अन्तिम चरणको वक्तृत्वकला प्रतियोगिता यहीँ समाप्त हुन्छ । प्रतियोगितामा आफ्ना विचार राख्ने अचला शर्मा, हरेराम पासवान, सुनमाया लिम्बु र अखिलेश सुनारलाई विशेष धन्यवाद छ । अब निर्णायकबाट निर्णय सुनाइने छ । सभाध्यक्षबाट विजेतालाई पुरस्कार प्रदान गरिने छ । अन्त्यमा सभाध्यक्षको मन्तव्यसहित सभा विसर्जन हुने छ । म उद्घोषक पञ्जिला परियार पनि बिदा चाहन्छु । धन्यवाद ।

## शब्दभण्डार

### १. तल दिइएका अर्थ र शब्द जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| (क) | बेकाममा यताउति हिँडिरहने | पेवा |
| (ख) | प्रार्थना गर्दा उपर्युक्त किसिमले दुई हत्केला जोड्दा हुने मुद्रा | क्षितिज |
| (ग) | आधा नयाँ र आधा पुरानो | अल्लारे |
| (घ) | मुर्दालाई ढाक्ने र बेर्ने सेतो कपडा | बुइँगल |
| (ङ) | चारैतिर आकाश र पृथ्वी जोडिए जस्तो देखिने ठाउँ | आकाश |
| (च) | घरको सबैभन्दा माथिल्लो तला | अर्धानो |
| (छ) | निजी, व्यक्तिगत | कात्रो |
| | | नमस्कार |

### २. तल दिइएका अर्थसँग मिल्ने सिङ्गो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) साठी वर्ष उमेर पार गरेका वृद्धवृद्धा

(ख) अकारादि मिलाई राखिएको क्रम

(ग) समारोह आदिमा विशेष सम्मानका साथ निम्त्याइएको व्यक्ति

(घ) विभिन्न विषयका पुस्तक सङ्ग्रह गरेर राखिएको घर

(ङ) राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त

(च) कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा पक्रिया

३. तल दिइएका सिङ्गो शब्दका अर्थ लेख्नुहोस् :

सुत्केरी, नाबालक, लैनो, बकेर्नो, हलसारो, मझेरी, मैतालु, लमी, बिस्कुन, पोगटो, नुवागी

३. तल दिइएका सिङ्गो शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

संस्कृति, अभिनेता, विज्ञान, ऊर्जा, वक्तव्य, निर्णायक

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

वक्तृत्वकला, स्फूर्ति, समृद्ध, समाजसापेक्ष, पाठ्यसामग्री, दृष्टिकोण, सिर्जनशील, विद्यालय, सभाध्यक्ष

२. 'पढ्ने बानी बसालौँ' पाठ हाउभाउसहित पालैपालो सस्वरवाचन गर्नुहोस् ।

३. 'पढ्ने बानी बसालौँ' पाठ पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) वक्तृत्वकला कार्यक्रम कहाँ हुँदै छ ?

(ख) वक्तृत्वकला प्रतियोगिता कहिले हुँदै छ ?

(ग) वक्तृत्वकला कार्यक्रमको विषय के हो ?

(घ) पढाइ के हो ?

(ङ) ज्ञानको दायरा कसरी फराकिलो हुन्छ ?

(च) कसकसले पुस्तक पढ्नुपर्छ ?

(छ) केले पढ्ने बानीलाई परिष्कृत बनायो ?

(ज) पुस्तकबाट के अनुभव गर्न सकिन्छ ?

(झ) मानवताको यात्रा जित्न के गर्नुपर्छ ?

## ४. पाठमा कुन पहिले आएको छ ? मिलाएर लेख्नुहोस् :

(..............) सर्वप्रथम म प्रतियोगीहरूले पालन गर्ने नियम बताउँछु ।

(..............) नियमित पुस्तक पढ्ने बानीले पढ्ने रुचि समेत विकास हुन्छ ।

(..............) हामीले दैनिक खाना खाएजस्तै दैनिक पुस्तक पढ्ने बानी बसाउनुपर्छ ।

(..............) पढ्ने बानी रोग निको पार्ने औषधी हो ।

(..............) मेरो विचारमा पुस्तक पढ्ने बानीका कुनै दुर्गुण नै छैनन् ।

(..............) पुस्तक अर्थ, कानुन र शासनका आधार बने ।

(..............) पढाइ जीवनको अत्यन्त महत्त्वपूर्ण सिकाइ हो ।

(..............) पढ्ने बानीकै कारण नयाँ विचार, दर्शन एवम् दृष्टिकोण विकास हुन्छ ।

(..............) हामी सबैका वरिपरि पुस्तकको सुवासित बगैँचा बनोस् ।

(..............) पुस्तक ज्ञान वा विद्याको भण्डार हो ।

(..............) हामीले नयाँ यात्रा गर्नु छ भने नयाँ पुस्तक पढ्ने बानी बसाउनुपर्छ ।

## ५. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) वक्तृत्वकलाका नियम के के थिए ?

(ख) पुस्तक पढ्दा हुने कुनै पाँच फाइदा लेख्नुहोस् ।

(ग) पुस्तक पढ्ने बानी कसरी विकास भयो ?

(घ) पढाइले के केमा सहयोग गर्छ ?

(ङ) पुस्तक पढ्ने बानी कसरी बस्छ ?

(च) पढ्ने बानीप्रति हाम्रो समाजको सोच सम्बन्धमा आफ्नो धारणा लेख्नुहोस् ।

### ६. 'पढ्ने बानी बसालौँ' वक्तृत्वकलाको सार लेख्नुहोस् ।

### ७. 'ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व' शीर्षकमा वक्तृत्वकला प्रतियागितामा भाग लिनका लागि आवश्यक मुख्य मुख्य बुँदा तयार पार्नुहोस् ।

### ८. तलको अनुच्छेद पढी मुख्य मुख्य कुरा पाँच बुँदामा लेख्नुहोस् :

आमाबुबाले आफ्ना असीमित इच्छा मारेर सन्तानको पालनपोषण, शिक्षा र समृद्धिका लागि आफ्नो तन, मन, धन सबै समर्पित गरेका हुन्छन् । यस्ता आदर्शका पर्याय ज्येष्ठ नागरिलाई बुढेसकालमा हामीले हेरचाह गर्नु दायित्व हुन आउँछ । विकसित मुलुकहरूमा ज्येष्ठ नागरिकका लागि पर्याप्त आर्थिक, सामाजिक र स्वास्थ्यसम्बन्धी सुरक्षाको व्यवस्था गरिएको हुन्छ । यसैले गर्दा त्यहाँका ज्येष्ठ नागरिकहरूले खाने, बस्ने, उपचार गर्ने र पैसाको अभावमा समस्या झेल्नु पर्दैन । आफ्ना सन्तति टाढिए पनि राज्यले प्रदान गर्ने सेवासुविधाका कारण सुखी जीवन बाँचिरहेका हुन्छन् । हाम्रो देशको सन्दर्भमा भने यस्तो अवस्था पूर्ण रूपमा सिर्जना भइसकेको छैन तर भविष्यका दिनमा आशा गर्न भने सकिन्छ । राज्यबाट प्राप्त हुने वृद्धभत्ता र अन्य सुविधा पर्याप्त छैन । यसतर्फ सरकारको ध्यान जान आवश्यक छ । हाम्रो देशमा कतिपय असहाय वृद्धवृद्धाका लागि भनेर वृद्धाश्रमहरू खोलिएका छन् । तिनीहरूको विद्यमान भौतिक अवस्थालाई सुधार गर्दै ज्येष्ठ नागरिक मैत्री बनाई सुधार गरिनु समाज र राष्ट्रको दायित्व हो । समाजले लिने दायित्व भनेको ज्येष्ठ नागरिकलाई विभिन्न समयमा सम्मान, उनीहरूको भेला तथा ज्ञानको आदानप्रदान जस्ता कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक ठान्छु । राष्ट्रले उनीहरूप्रति दीर्घकालीन योजनाहरू तर्जुमा गरी लागु गर्नुपर्छ । उनीहरूप्रतिको सुरक्षा, हेरचाह, सुविधा आदिका लागि कानुनको निर्माण र त्यसको नियमन गर्नुपर्छ । उनीहरूका स्वास्थ्य, मनोरञ्जन, खानपान जस्ता अत्यावश्यक कुराको उचित प्रबन्ध मिलाउनुपर्छ ।

## ९. तलको भनाइ पढ्नुहोस् र यसप्रति तपाईँलाई लागेका कुरा लेख्नुहोस् :

सम्पत्तिमा सबैको हाइहाइ भन्ने भनाइ त्यसै बनेको होइन । सम्पत्ति भएमा सबैले सम्मान दिन्छन् । सम्पत्ति भए आफूले चाहेको सबै कुरा प्राप्त गर्न सकिन्छ । जहाँसम्म खुसीको कुरा छ, त्यो त सम्पत्तिको बलमै अडिएको छ भने पनि हुन्छ । सम्पत्ति भए आफूलाई मन लागेको कुरा किनेर खान सकिन्छ । आफूले चाहेको ठाउँमा जान, घुमफिर गर्न सकिन्छ । आफूलाई मन पर्ने लुगा किनेर लगाउन सकिन्छ । आवश्यक परेका बेलामा कुनै व्यक्ति, समाज र देशलाई सहयोग गर्न सकिन्छ । दानदातव्य गर्न सकिन्छ । प्राकृतिक वा अन्य विपत्तिका बेला के तपाईँले कहिल्यै कुनै स्वस्थ, हट्टाकट्टा मान्छेले यति सहयोग गऱ्यो भनेको सुन्नुभएको छ, अवश्य छैन । यस्तो सहयोग जससँग सम्पत्ति हुन्छ, उसैले मात्र गर्न सक्छ । अरूलाई सङ्कट परेका बेलामा सम्पत्ति नभएकाहरूले गर्न सक्ने कुरा केवल सहानुभूतिका शब्दहरू मात्र बर्साउने हो । स्वस्थ शरीरबाट निस्केका सहानुभूतिका शब्दहरूले भोकले तड्पिरहेका मान्छेहरूको पेट भर्न सक्दैन । यस्तो बेलामा उनीहरूलाई भौतिक सहयोगको खाँचो हुन्छ । आर्थिक सहयोगको खाँचो हुन्छ र त्यस्तो सहयोग आफूसँग सम्पत्ति भएकाहरूले मात्र गर्न सक्छन् । अभावले छट्पटाइरहेका मान्छेहरूलाई आर्थिक सहयोग गर्दा पाइने सन्तुष्टि अलौकिक हुन्छ । यसरी आफूसँग भएको सम्पत्तिका कारणले आफूले चाहेका सबैथोक गर्न पाएपछि मान्छे खुसी नभएर के रुँदै हिँड्छ त?

## १०. तल दिइएका सन्दर्भ पढ्नुहोस् :

"आमा, ढोग गरेँ !"

"भाग्यमानी भए बाबु ! तिम्रो पढाइ कस्तो चल्दै छ ? अनि तिमीलाई कस्तो छ ?"

"बुबा, हजुर र सानी बहिनीलाई कस्तो छ नि ?"

"यता सबैलाई सन्चै छ । घरको चिन्ता लिनुपर्दैन । पढाइमा लागेर असल मानिस बन है बाबु ।

"आज बुबा पनि तिमीलाई केही खर्च जुटाउन माइला काकाकहाँ जानुभएको छ । त्यही भन्न फोन गरेकी हुँ ।"

"हस् आमा म राम्रोसँग पढ्दै छु । सधैँ राम्रो पढ्छु ।"

आमा र छोराले गफ गरेजस्तै तपाईँ पनि दिदीलाई गाउँमा पहिरो आएर खेत बगाएको विषयमा गरिएको कुराकानी अरूले पनि बुझ्ने गरेर लेखी प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. तल दिइएका वाक्य पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| | करण | अकरण |
|---|---|---|
| (क) | किसानहरू धान रोप्दै छन् । | किसानहरू धान रोप्दै छैनन् । |
| (ख) | ऊ गीत गाउन सिपालु छ । | ऊ गीत गाउन सिपालु छैन । |
| (ग) | उनीहरू बराहक्षेत्र घुम्न जालान् । | उनीहरू बराहक्षेत्र घुम्न नजालान् । |
| (घ) | हामी इलामको चियाबगान पुग्यौँ । | हामी इलामको चियाबगान पुगेनौँ । |

### २. तल दिइएका वाक्यलाई करण भए अकरण र अकरण भए करण वाक्यमा बदल्नुहोस् :

(क) केटीहरू जाँगरिला छन् ।

(ख) मैले कन्काई नदी देखेको छैन ।

(ग) प्रेमिकाले प्रेमीलाई चिठी लेखिछ ।

(घ) परिश्रम नगरे फल पाइन्न ।

(ङ) पर्यटक मुक्तिनाथ जान्छन् ।

(च) उनीहरू हाम्रा नातेदार हुन् ।

(छ) केटाले गृहकार्य गरेनछन् ।

## ३. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) हामीले गोसाइँकुण्डमा नुहायौँ । (अकरण)

(ख) साथीहरू इलाम गएनछन् । (करण)

(ग) म उनीहरूसँग तेह्रथुम जाँदै छु । (अकरण)

(घ) मजदुरहरू कन्याममा चिया टिप्दै थिए । (करण)

(ङ) तपाईँ कामप्रति लगनशील हुनुहुन्छ । (अकरण)

(च) पर्यटकहरूले सौराहामा गैँडा देखेनछन् । (करण)

(छ) दिदीहरू भरतताल पुग्नुभएछ । (अकरण)

## ४. तलका आधारपदमा एर, आलु, आहा, ओट, पन, ली, आडी, ईय, इक प्रत्यय लगाई दुई दुईओटा शब्द निर्माण गर्नुहोस् :

पाल्पा, दुध, गफ, समाज, आत्मा, बन्, ठग्, पिर्, गाँस्, जुम्सो, गोर्खा, खर्च, अर्थ, केन्द्र, खेल्, भद्दा, मिच्, सुत्

## ५. 'पढ्ने बानी बसालौँ' पाठबाट प्रत्यय लागेर बनेका दशओटा शब्द खोजेर तिनको निर्माण प्रक्रिया देखाउनुहोस् ।

## ६. तल दिइएका शब्दको आधारपद र प्रत्यय देखाउनुहोस् :

जस्तै : सिपालु – (सिप+आलु), पढेर – (पढ्+एर)

नशालु, ठिटोपन, फटाहा, स्वर्गीय, बौद्धिक, रिसाहा, खर्चालु, जुवाडे, मोटोपन, रोल्पाली, गफाडी, मानवीय, अमेरिकाली, गँसोट, लेखोट, हाँसेर, गएर, हेपाहा

## ७. तल दिइएका शब्दजोडीबाट शुद्ध शब्द टिपोट गर्नुहोस् :

हंस–हङ्स, संज्ञा–सङ्ज्ञा, अंशु–अम्शु, सन्सार–संसार, संलग्न–सम्लग्न, कंस–कङ्स, संहार–सम्हार, सँस्था–संस्था, संस्कार–सँस्कार, सँयोजन–संयोजन, सङ्रक्षण–संरक्षण

८. पाठबाट शिरबिन्दु ( ं ) लागेका शब्द टिपी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

## सुनाइ बोलाइ

### तलको पाठ पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

जातीय छुवाछुत समाज उत्थानको बाधक हो । सबै मानिस एकै हुन् । उच्च जात र घरानिया परिवारमा जन्मिएर मात्र मानिस ठुलो हुँदैन । मानिस ठुलो वा सानो त असल चरित्र, उदार र परमार्थी विचारले मात्र हुन्छ । जातीय छुवाछुत समाजको कथित उपल्लो वर्गले बनाएको मान्यता हो । मानिसलाई ठुलो बनाउने उसको शुद्ध आचरण नै हो । देवकोटाले पनि 'मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन' भनेका छन् । जातीय छुवाछुतको भेदभाव सामाजिक दृष्टिले निन्दनीय र कानुनी रूपले दण्डनीय छ । भान्छामा उनीहरूले बनाएको भाँडाकुँडा चल्छन् । उनीहरूले बनाएका मूर्ति मन्दिरमा राखिन्छन् तर उनीहरूलाई अछुत भनेर घृणा गर्दै प्रवेश गर्न दिइँदैन । आजको एक्काइसौँ शताब्दीमा जातीय छुवाछुतमा कुनै वैज्ञानिक आधार भएको पाइँदैन । चीन, जापान, अमेरिका, फ्रान्स आदि विकसित राष्ट्रहरूमा यो विभेद छैन । देश तथा समाज निर्माणमा लागेका गान्धी, मदर टेरेसा, मन्डेला, विवेकानन्द आदि कोही जातीयताले ठुला भएका होइनन् । हाम्रै देशका देवकोटा, घिमिरे, पृथ्वीनारायण, अमरसिंह, भीमसेन थापा, बलभद्र आदि सबै देशभक्ति भावले महान् र अमर भएका हुन् । अतः धर्म र जातका आधारमा ईश्वरको सृष्टिलाई गलत अर्थ लगाई मानिस मानिसबिच भेदभाव गर्नु अन्धविश्वास हो । समाज उत्थानको बाधक हो ।

१. पाठ सुनेर तल दिइएका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) जातीय छुवाछुत समाज उत्थानको बाधक हो ।

(ख) मानिस उच्च जात र घरानिया परिवारमा जन्मेर मात्र ठुलो हुन्छ ।

(ग) जातीय छुवाछुतमा वैज्ञानिक आधार छैन ।

(घ) मानिसलाई ठुलो बनाउने उसको शुद्ध आचरण नै हो ।

२. पाठका आधारमा सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मानिस ठुलो वा सानो केले हुन्छ ?

(ख) साना र ठुलाको सम्बन्धमा देवकोटाले के भनेका छन् ?

(ग) छुवाछुतको भेदभाव कसले बनाएको हो ?

(घ) मानिस कसरी महान् र अमर हुन्छन् ?

## सिर्जना/परियोजना


१. 'असहाय बालबालिकाप्रति हाम्रो दायित्व' भन्ने विषयमा वक्तृता तयार पारी प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको गाउँसमाजमा घरेलु हिंसाका घटना घटेका भए खोजी गरी त्यसबारेमा लेखेर सुनाउनुहोस् ।

# पाठ १०

## पूर्वपठन

तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :









(क) माथिका चित्रमा तपाईं के के देख्नुहुन्छ ?

(ख) मानिसहरू किन नयाँ ठाउँमा घुम्न चाहन्छन् ?

(ग) तपाईंलाई हिमाल, पहाड र तराईमध्ये कुन मन पर्छ ? किन ?

# काली गण्डकीको किनारै किनार

*विष्णुप्रसाद अधिकारी*

यात्रा गर्ने रहर सायद सबैलाई हुन्छ । मलाई पनि प्राकृतिक सौन्दर्यले भरिएको रमणीय स्थलको भ्रमण गर्न निकै मन लाग्छ । मैले धेरै पहिले राष्ट्रकवि माधव घिमिरेको 'काली गण्डकी' शीर्षकको कविता पढेको थिएँ । त्यस कविताले मलाई मुक्तिक्षेत्रको यात्रा गर्ने रहर जगाएको थियो । त्यही रहरलाई पूरा गर्न म र मेरा आफन्तजन २०७६ सालको जेठ महिनामा एउटा गाडी रिजर्भ गरेर मुक्तिनाथको दर्शनलाई केन्द्रमा राखी यात्रामा निस्क्यौँ । पाँच दिने यो यात्रा प्राकृतिक सौन्दर्यको दृश्यावलोकन र धार्मिक पर्यटनका दृष्टिले समेत निकै रोचक र अविस्मरणीय रह्यो ।

जेठ १९ गतेको मिर्मिरे उज्यालोसँगै हाम्रो यात्रा सुरु भयो । भक्तपुरको सूर्यविनायकबाट हामी दुई र काठमाडौँको चाबहिलबाट पाँच जनासमेत जम्मा सात जनालाई बोकेर हाम्रो गाडी कलङ्की र थानकोटको जाम छिचोल्दै अघि बढ्यो । त्रिशूली र मर्स्याङ्दीको किनारै किनार हाम्रो गाडी दौडिरह्यो । तनहुँको डुम्रेमा पुगेपछि हाम्रो पेटले आहारा मागे जस्तो लाग्यो र एउटा होटेलमा खाना खान पस्यौँ । केही समय पहिले नै ड्राइभरले खानाको अर्डर गरिरसकेकाले हामीलाई धेरै बेर त्यहाँ कुर्नु परेन । केही समय त्यहाँ विश्राम गरेर हामी अघि बढ्यौँ । हरिया डाँडापाखा, रमणीय खेतबारी र सुन्दर गाउँबस्तीलाई गाडीको झ्यालबाट अवलोकन गर्दै पोखरातर्फ लाग्यौँ । त्यस दिन कम्तीमा म्याग्दीको तातोपानी पुग्ने लक्ष्य राखेर हामी अघि बढ्यौँ । गाडीमा घन्केको सुमधुर सङ्गीत र बेलाबेलामा हामीबिच हुने रमाइला कुराकानीले गर्दा यात्रा निकै रोचक बनेको थियो । ड्राइभर पनि निकै रसिक प्रकृतिका रहेछन् । तिनको उन्मुक्त हाँसो मेरो स्मृतिपटलमा अझै ताजा छ । पोखराबाट बेनीसम्म त हामी उज्यालोमै पुग्यौँ । बेनीमा पुगेपछि मलाई 'बेनीको बजार जता माया उतै छ नजर' भन्ने प्रसिद्ध लोकगीत गुनगुनाउन मन लाग्यो । म्याग्दीको सदरमुकाम बेनी बजार निकै रमाइलो ठाउँ रहेछ । त्यहाँ एकएक कप चिया खाएपछि वरिपरिका दृश्यलाई आँखामा कैद गरेर गोधूलि साँझसँगै हामी अघि बढ्न थाल्यौँ । क्रमशः अँध्याराले राज गर्न थाल्यो । वरिपरिका रमाइला डाँडाहरू पनि देखिन छाडे ।

हाम्रो कानमा कालीगण्डकी सुसाएको आवाज मात्रै आइरह्यो । बाटो पनि त्यति राम्रो रहेनछ । त्यही बाटोसँग मितेरी गाँस्दै अघि बढ्यौँ । कच्ची बाटामै यात्रा गर्ने बानी परिसकेका हामी

नेपालीलाई राम्रो होस् कि नराम्रो होस्, केबल बाटो भए पुग्छ । गाडी कहिले दायाँ त कहिले बायाँ जता ढल्किन्थ्यो हामी पनि त्यतै ढल्किन्थ्यौँ । गाडीमै पिङ खेल्न पाएकामा बेलाबेलामा गलल्ल हाँस्थ्यौँ पनि । रातको नौ बजेतिर हामी तातोपानी पुग्यौँ । त्यहाँ पुग्न त पुग्यौँ तर खानेबस्ने होटेलको पहिल्यै प्रबन्ध नगर्दा केही दुःख पनि पायौँ । बल्लबल्ल एउटा होटेल फेला पऱ्यो । त्यहाँ कोठा लिई खाना अर्डर गरेर हामी तातोपानीमा नुहाउन भनी टर्च बालेर कुण्डतिर झऱ्यौँ । स्थानीय मानिसहरू रातपरेपछि नुहाउन पाइँदैन भन्दै थिए । केही बेरको भलाकुसारीपछि निर्धारित शुल्क तिरेर तातोपानीमा डुबुल्की माऱ्यौँ । गाडीको लामो यात्राले गर्दा थाकेको शरीर तातोपानीको अँगालोबाट निस्कँनै मानेन । त्यहाँका मानिसले हामीलाई धेरै बेर डुबुल्की मार्न दिएनन् । करिब आधा घन्टा त्यहाँ बिताएर होटेलमा आयौँ । त्यसपछि खानपिन गरेर सुत्ने यत्न गर्नतिर लाग्यौँ । कालीगण्डकी एकनासले सुसाइरहेको थियो । मलाई धेरै बेरसम्म निन्द्रा लागेन । झ्याल खोलेर केही देखिन्छ कि भनेर बाहिर हेरेँ । केवल अन्धकार मात्र देखेँ अनि कालीगण्डकीको आवाजमा आफूलाई समाहित गरेँ । निकै मिठो अनुभूति भयो र सुत्ने प्रयत्नमा केही प्रहर बिताएँ ।

दोस्रो दिन जेठ २० गते हामी प्रभातमै चराको चिरबिरे आवाजमा रम्दै नित्यकर्म सकेर छ नबज्दै गाडी चढ्यौँ । कच्ची बाटोमा पुनः पिङ खेल्दै र तलतिर कालीगण्डकीको प्रवाहलाई नियाल्दै अघि बढ्यौँ । बाटैमा घासा भन्ने ठाउँ पर्दो रहेछ । त्यहाँ खाना खान र सुत्नका लागि केही होटेल पनि रहेछन् । बाटो निर्माण कार्य भइरहेकाले समय समयमा केही घन्टाका लागि बाटो अवरुद्ध हुँदो रहेछ । नभन्दै हामी सात बजेतिर लेते भन्ने ठाउँमा के पुगेका थियौँ, हाम्रो गाडीलाई अघि बढ्नै दिइएन । डोजर बाटो निर्माणमा सक्रिय थिए । १० नबजी त्यहाँबाट जान नपाइने भन्ने सुनेपछि केही बेर फोटो खिच्नतिर लाग्यौँ । चारैतिर ठुलाठुला पहाड, कतै हरिया डाँडा त कतै फुङ्ग उडेका पाखा हेर्दै केही समय बितायौँ । नजिकै कालीगण्डकीको विशाल बगर र त्यसको प्रवाह देखेपछि मलाई शालिग्राम खोज्ने रहर जाग्यो । कवि माधव घिमिरेले 'काली गङ्गा ! भनन कसरी कुँद्दछ्यौ शालिग्राम ?' भन्ने कवितांशको उत्तर खोज्न मन लाग्यो । अनि त म, विशु दाइ, शारदा र रन्जु चारै जना कालीको बगरतिर झऱ्यौँ । कालीगण्डकीमा बाढी आएकाले पानी धमिलो देखिन्थ्यो । नदीमा त जाने कुरै भएन । बगरमा ससाना काला ढुङ्गा हेर्दै र खोज्दै हामी निकै परपर पुग्यौँ । 'मैले त साँच्चिकै शालिग्राम भेट्टाएँ' भन्दै रमायौँ । केही ढुङ्गा बटुलेर पकेटमा हालेर ल्यायौँ पनि । ती शालिग्राम हुन् कि होइनन् पत्ता लगाउन भने सकिएन । आखिर विश्वास न हो, आस्था भए ढुङ्गामा पनि देवता भेटिन्छ, नभए मन्दिरमा पनि भेटिँदैन । केही समयपछि गाडीहरूले हर्न दिने थाले । हाम्रो बाटो पनि खुलेछ । हामीले धेरै बेर कुर्नुपरेन । त्यसपछि हस्याङफस्याङ गर्दै गाडीमा चढ्यौँ,

अनि धुलो उडाउँदै ड्राइभरले गाडी हुइँक्याइहाले । केही समय अघिबढेपछि कालीगण्डकीको बगरैबगर हिँडेको हाम्रो गाडी बाटो बिराएर खोलामा फस्यो र तान्नै नसक्ने गरी थला पऱ्यो । अब पऱ्यो फसाद, कति प्रयास गर्दा पनि गाडी खोलाबाट ननिस्किएपछि ड्राइभरले गाडी ठेल्नुपऱ्यो भने । म र दाइ हत्त न पत्त खोलामा पसेर गाडी ठेल्न थाल्यौँ । चिसो पानीमा गोडा कटक्क काटे जस्तो भयो । केही समयको प्रयासपछि बल्ल बल्ल हाम्रो गाडी निस्कियो । त्यसपछि खुसीको सास फेर्दै अघि बढ्यौँ । बाटामै प्रसिद्ध कवि भूपि शेरचनको जन्मस्थल थाकटुकुचे पर्दो रहेछ । त्यहाँ बनाइएको उनको सालिकलाई श्रद्धाले शिर झुकाउँदै हामी अघि बढ्यौँ । झन्डै बाह्र बजेतिर मुस्ताङको सदरमुकाम जोमजोम पुग्यौँ । त्यहाँ बेलुका फर्किएर आएपछि खानबस्नका लागि होटेलको प्रबन्ध गरी हामी अघि बढ्यौँ । त्यसपछि हामी केही समयपश्चात् कागबेनी पुग्यौँ । कागखोला र कालीगण्डकीको सङ्गममा रहेको कागबेनीमा तर्पणश्राद्ध गरी मुक्तिनाथको दर्शन गर्दा पितृहरूको उद्धार हुन्छ भन्ने मान्यता रहेछ । सोहीअनुरूप हामीले पनि त्यहाँ श्राद्ध गऱ्यौँ । त्यसपछि त्यहाँको चिसो सिरेटो खाँदै मुक्तिनाथको दर्शनका लागि अघि बढ्यौँ । त्यहाँ चलेको बेतोडको हावाको स्पर्श पाएपछि मलाई 'जोमसोमे बजारमा बाह्रबजे हावा सरर' भन्ने कर्णप्रिय गीत गुनगुनाउन मन लाग्यो । झन्डै एक घन्टा कागबेनीमा बिताएर हामी मुक्तिनाथको दर्शन गर्न आतुर हुँदै अघि बढ्यौँ । बाटोमा चिया र जुसबाहेक अरु केही नखाएकाले केही गाह्रो महसुस पनि भएको थियो । कागबेनीदेखि मुक्तिनाथसम्मको बाटो निकै राम्रो रहेछ । कच्ची र बगरको बाटो हिँड्दा हिँड्दा वाक्क भएका हामीले एकछिनका लागि भए पनि पिच बाटो भेट्टायौँ । त्यहाँ बाटो मात्र होइन, प्रकृति नै निकै सुन्दर रहेछ । हरियालीविहीन डाँडाहरू निकै मनमोहक र कलात्मक देखिन्थे । नजिकै धवलागिरि उभिरहेको थियो, नीलगिरि पर्वतले पनि हामीलाई ठिङ्ग उभिएर स्वागत गरिरहेको थियो ।

हामी हिमालपारिको जिल्लामा पुगेका थियौँ । धवलागिरि हिमाल मुक्तिनाथतिरबाट हेर्दा त दक्षिणतिर भए जस्तो लाग्दो रहेछ । मन्दिर बन्द हुन्छ कि भन्ने डरैडरले हामी अघि बढ्यौँ । मन्दिर पुग्न कि घोडा चढ्नुपर्ने कि पैदल नै हिँड्नुपर्ने रहेछ । अशक्त घोडा चढेर पनि जाँदा रहेछन् । हामी सबैले पैदल हिँडेरै जाने इच्छा गऱ्यौँ । मन्दिर केही माथि थियो । उकालो बाटो, त्यसमा पनि अक्सिजनको कमी हुने हिमाली क्षेत्र परेकाले हिँड्दा केही कठिनाइ पक्कै भयो । बेलुका चार बजेतिर हामी मुक्तिनाथ पुग्यौँ । एक सय आठ धाराको हिमाली चिसो पानीमा दौडँदै नुवाएर कपडा फेरी मन्दिरमा पूजा, पाठ र दर्शनका लागि लाइनमा बस्यौँ । मुक्तिनाथको सुन्दर मूर्तिको दर्शन गर्न पाउँदा मन नै आनन्दित भयो । मुक्तिनाथ धार्मिक सहिष्णुताको सङ्गमस्थल पनि रहेछ । मुक्तिनाथ हिन्दु र बौद्धमार्गी दुवैको एक महत्त्वपूर्ण

तीर्थस्थल रहेछ । हिन्दुहरू मुक्तिनाथलाई भगवान् नारायणको अवतारका रूपमा पुज्दार हेछन् । यसै गरी बौद्ध धर्मावलम्बीहरू भगवान् बुद्धको प्रतीक आर्यावलोकितेश्वरका रूपमा पूजा गर्दा रहेछन् । यहाँको नित्यपूजा बौद्धधर्मावलम्बी झुमा र हिन्दु धर्मावलम्बी ब्राह्मण दुवैले गर्दा रहेछन् । त्यस मन्दिरको नजिकै ज्वालादेवीको मन्दिर पनि रहेछ । प्राङ्गणमै दुईओटा ससाना जलकुण्ड पनि रहेछन् । मन्दिर त्यति ठुलो नभए पनि निकै कलात्मक रहेछ । मुक्तिनाथको दर्शन गर्न छिमेकी देश भारतबाट पनि धेरै श्रद्धालु भक्तजनहरू आउँदा रहेछन् । यो ठाउँ एउटा पर्यटकीयस्थल पनि भएकाले यहाँ आन्तरिक र बाह्य पर्यटकहरूको घुइँचो नै लाग्दोरहेछ । केहीबेर त्यहाँका रमाइला दृश्यहरूलाई क्यामेरामा कैद गरेर बुद्धका गुम्बा र मूर्तिहरूको अवलोकन गर्दै हामी ओरालो झर्‍यौँ । तल आएर एकएक कप चिया खाएर गाडी चढी प्रकृतिको सुन्दर दृश्यहरू आँखाभरि सजाएर जोमसोमतिर लाग्यौँ ।

नेपाल प्राकृतिक र सांस्कृतिक दृष्टिले धनी देश रहेछ । यहाँको सुन्दर प्रकृतिलाई भौतिक पूर्वाधारले पनि सजाउन पाए कति राम्रो हुन्थ्यो होला भन्ने मलाई लाग्यो । लाखौँ पर्यटकहरूलाई भित्र्याएर मुलुकलाई समृद्ध पार्न सके युवाशक्ति किन विदेशतिर पलायन हुन्थ्यो होला भन्ने जस्ता विचार पनि मनमा उत्पन्न भए । यिनै विचार अनि शान्त र स्वच्छ प्रकृतिलाई मन र मस्तिष्कभरि सजाएर झमक्क साँझमा जोमजोममा बास बस्न होटेलभित्र पस्यौँ । होटेलमा बास बस्न पुगेपछि मलाई त्यस क्षेत्रका बारेमा केही बुझ्ने उत्सुकता पैदा भयो । म लहोटेलका सञ्चालक थकाली दाइसित केही बेर कुराकानी गर्न थालेँ । उनले बताएअनुसार मुस्ताङ नेपालकै सबैभन्दा कम पानी पर्ने जिल्ला रहेछ । शीतोष्ण प्रकारको हावापानी भएको यस क्षेत्रमा सल्लो, धुपी, भोजपत्र, लालीगुराँस जस्ता वनस्पति पाइँदा रहेछन् । हिउँचितुवा, घोरल, कस्तूरी, खरायो आदि वन्यजन्तु भेटिँदा रहेछन् । यसैगरी डाँफे, मुनाल, कालिज जस्ता वन्यपन्छीहरू पनि पाइँदा रहेछन् । यार्सागुम्बा, पाँचऔँले, चुत्रो जस्ता जडीबुटी पनि भेटिँदा रहेछन् । याक, चौँरी, भेडा, च्याङ्ग्रा, घोडा, खच्चड आदि यहाँ पाइने घरपालुवा जनावर रहेछन् । विभिन्न जातजातिको बसोबास भएको यस क्षेत्रमा थकाली र गुरुङ समुदायको बाहुल्य रहेछ । दामोदर कुण्डबाट उत्तत्ति भएको कालीगण्डकी यहाँको प्रसिद्ध नदी रहेछ । यस नदीलाई स्थानीय भाषामा थाकखोला भन्दा रहेछन् । यहाँको प्रसिद्ध हिमाल धवलागिरि रहेछ । तेस्रो दिन अर्थात् जेठ एक्काइस गते बिहान सबेरै उठी बाहिर हेर्दा सायद मलाई देखेर होला हिमाल मुसुक्क मुस्कुराइरहेको रहेछ । त्यति नजिकैबाट मैले हिमाल पहिले कहिल्यै देखेको थिइनँ । हिमाली चिसो बतासको स्पर्शले मेरो शरीर पनि चिसो भएको थियो । त्यो सुन्दर प्रकृति अनि ती सेता हिमालको मृदु मुस्कानले मलाई मोहनी लगायो । हिमालमा परेको झुल्के घाम मलाई छाड्नै मन लागेन ।

जोमसोम निकै सुन्दर स्थल रहेछ । त्यहाँ एयरपोर्ट पनि रहेछ । हवाईमार्गबाट पनि कतिपय पर्यटकहरू यस क्षेत्रको भ्रमण गर्न आउँदा रहेछन् । विशेष गरी थकाली समुदायको बाहुल्य रहेको यो क्षेत्र त्यस जातिको जीवनशैलीको सङ्ग्रहालय नै जस्तो लाग्यो । त्यहाँ एकछिन मोबाइलबाट फोटाहरू खिच्यौँ । त्यसपछि गाडीचढेर पोखरातिर लाग्यौँ । मार्फामा गाडी रोकेर चिया खान थाल्यौँ । त्यहाँको सुन्दरतामा पनि एकछिन लट्ठै पऱ्यौँ । जताततै हरिया स्याउका बोट देखिए । ती स्याउका बोट देख्दा मलाई 'क्या राम्रो स्याउबारी मार्फा गावैमा' भन्ने गीत गुनगुनाउन मन लाग्यो । चिसो बतासमा हल्लिरहेका ती स्याउका बोटले मलाई पाकेका राता र पहेँला स्याउ खान भोलिपर्सि आउन निम्तो गरे जस्तो लाग्यो । त्यहाँको सुन्दर परिवेशलाई आँखाभरि सजाएर चिया खाने क्रममै केहीबेर फोटो र भिडियो खिच्यौँ । जति खिचे पनि आखिर प्रकृतिको सुन्दरता नघट्ने रहेछ । मार्फाको शान्त प्रकृति र त्यहाँको हरियालीले मलाई मोहनी लगायो । हामी कालीगण्डकीको किनारै किनार गाडीमा हुइँकिरह्यौँ । आउँदै गर्दा बाटामा प्रसिद्ध रुप्से झर्ना देखियो । एकछिन त्यहाँ रोकियौँ । झर्ना देख्नेबित्तिकै सबैले आहा ! भन्दै फोटो खिच्न थाल्यौँ । त्यो झरना मनमोहक र आकर्षक रहेछ । त्यति ठुलो झर्ना मैले पहिले कहिल्यै देखेको थिइनँ । त्यहाँबाट हामी बाटोमा पर्ने गलेश्वर महादेव र बाग्लुङ कालिकाको दर्शन गरेर म्याग्दीको सदरमुकाम बेनीमा आएर खाना खाई पोखरातिर लाग्यौँ । बेलुका झमक्क साँझ परेपछि हामी पोखराको लेक साइडको एउटा होटेलमा बास बस्न पुग्यौँ ।

चौथो दिन अर्थात् जेठ २२ गते हामी बिहानै उठेर पोखराको भ्रमणलाई थाती राखी गुल्मी, पर्वत र स्याङ्जाको सङ्गममा पर्ने कालीगण्डकीको किनारमा अवस्थित ठुलो शालिग्रामको दर्शन गर्ने उद्देश्यले त्यसतर्फ लाग्यौँ । त्यो दिन बिहानैदेखि पानी पर्न थालेको थियो । बिच बाटामा पुगेपछि त मुसलधारे पानी पर्न थाल्यो । कालीगण्डकीमा डुङ्गा चढेर त्यहाँ जाने रहर भने पूरा हुन सकेन । बर्खा लागेपछि त्यस ठाउँमा डुङ्गा चल्दा रहेनछन् । कालीगण्डकीको भीषण रूप देख्दा डर पनि लाग्यो । भर्खरै बनाउँदै गरेको कच्ची बाटामा निकै कष्टका साथ यात्रा गरेर शालिग्रामको दर्शन गर्न पुगियो र त्यसै दिन पोखरा आएर पुनः त्यही होटेलमा बास बसियो ।

पाँचौँ अर्थात् अन्तिम दिन जेठ २३ गते बिहान नित्यकर्म सकेर हामी पोखराका प्रसिद्ध स्थलको भ्रमणमा निस्क्यौँ । सबैभन्दा पहिले हामीले विन्ध्यवासिनी मन्दिरमा पुगेर देवीको पूजाआराधना गऱ्यौँ । त्यहाँ एकछिन बसेर बिहानी पखको पोखराको सुन्दरतालाई नियाल्यौँ । त्यसपछि हामीले के.आई.सिंह पुलमा आएर सेती नदीको प्रवाहलाई नजिकैबाट हेऱ्यौँ । दुध जस्तै सेतो पानी सलल्ल बगेको देख्दा मेरो मन पनि त्यही पानीसँगै बग्न थाल्यो । त्यहाँबाट

हामी पोखराका प्रसिद्ध गुफाहरूमध्ये पर्ने गुप्तेश्वर गुफामा गयौँ । आश्चर्यलाग्दो त्यस गुफाको बनोट देखेर अनि सेती नदीको आवाज सुनेर मन निकै हर्षित भयो । पातले छाँगो नजिक पुगेपछि त सेती नदीको वास्तविक रूप देख्न पाइयो । सेतीको अजश्र प्रवाह लिएर झरेको त्यस छाँगोलाई डेभिड फल्स पनि भनिँदो रहेछ । त्यहाँबाट हामी पोखराकै प्रमुख आकर्षण मानिने फेवातालतर्फ लाग्यौँ । त्यहाँ गरिएको नौका विहार, तालबाराहीको दर्शन र माछापुच्छ्रे हिमालको दृश्यावलोकन हाम्रा लागि अविस्मरणीय रहे ।

त्यसै दिन घरतिर फर्कने योजना भएकाले पोखराका धेरै रमाइला ठाउँ जस्तै, महेन्द्रगुफा, शान्तिस्तुपा, बेगनासताल, चमेरेगुफा, साराङकोट आदि स्थलमा अर्को पटक घुम्न आउने बाचाका साथ त्यहाँ केहीबेर फोटो खिच्न थाल्यौँ । त्यसपछि लेकसाइटको एक होटलमा आएर खाना खायौँ । त्यहाँबाट पोखराको सुन्दरतालाई आँखाले देखुन्जेल मनभरि सजाएर हामी काठमाडौँतर्फ प्रस्थान गर्‍यौँ । त्यसै दिन झन्डै मध्यरातमा आफ्नो निवासमा आइपुगेर सारा थकाइ मेट्यौँ । यसरी मुक्तिनाथ जाने धोको पूरा हुन पाएकामा र सकुशल यात्रा गर्न सकिएकामा हामी निकै खुसी भयौँ ।

## शब्दभण्डार

### १. तल तालिकामा दिइएका विषयवस्तु पढ्नुहोस् र मौलिक र आगन्तुक शब्दका बारेमा जानकारी लिनुहोस् :

संसारमा विज्ञानको आविष्कारले विद्युतीय सञ्चार क्षेत्रको प्रभाव बढ्दै गएको छ । सहरका युवा कम्प्युटर, ल्यापटपमा बसेर इन्टरनेटमार्फत् नयाँ नयाँ सूचनाको खोजिरहेका छन् । गाउँमा पनि घरको छानामा टिभीको एन्टिना झुन्ड्याएको देख्न सकिन्छ । प्रविधिका कारण टाउकामा नाम्लो पिठिउँमा डोको र काँधमा खर्पन बोक्ने चलन हराउँदै गएको छ ।

| मौलिक शब्द | | आगन्तुक शब्द |
|---|---|---|
| तत्सम शब्द | तद्भव शब्द | |
| विज्ञान, आविष्कार, विद्युतीय, सञ्चार, क्षेत्र, प्रभाव, युवा, सूचना, प्रविधि, चलन | आज, अझ, नयाँ, हिजो, गाउँ, घर, छाना, टाउको, नाम्लो, पिठिउँ, डोको, नाम्लो, काँध | कम्प्युटर, इन्टरनेट, टिभी, एन्टिना, सहर, ल्यापटप, खर्पन |

२. तल दिइएका शब्द पढ्नुहोस् र कुन कुन मौलिक र कुन कुन आगन्तुक शब्द हुन्, पहिचान गर्नुहोस् :

चोलो, हँसिया, थुन्से, घर, गाउँ, विद्यालय, धर्मशाला, टाई, सरकार, गाई, दोबाटो, मन्दिर, पुस्तक, विद्यार्थी, कलम, स्कुल, गहिरो, चाउमिन, खाना, पर्वत, हिमाल, मुक्तिक्षेत्र, प्रदेश, रमणीय,अखबार, फ्रिज

३. पाठको पहिलो अनुच्छेदबाट पाँचओटा मौलिक शब्द टिपी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

४. पाठबाट कुनै सातओटा आगन्तुक शब्द टिपी ती कुन कुन भाषाबाट आएका हुन्,शब्दकोश हेरेर पत्ता लगाउनुहोस् ।

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

दृश्यावलोकन, अविस्मरणीय, स्मृतिपटल, अवरुद्ध, पूर्वाधार, अजस्र, प्रस्थान

## २. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| रसिक | मुक्त गरिएको, स्वतन्त्र |
| उन्मुक्त | मनलाई तान्ने |
| गोधूलि | सूक्ष्म रूपमा हेर्ने काम |
| प्रवाह | धेरै हुनाको भाव, अधिकता गति, बहाव |
| मनमोहक | गति, बहाव |
| अवलोकन | रस वा स्वाद लिने, पारख गर्न जान्ने |
| बाहुल्य | बेलुकाको घाम डाँडामा बस्ने बेला भएको समय |

## ३. 'काली गण्डकीको किनारै किनार' पाठ कक्षामा पालैपालो सस्वरवाचन गर्नुहोस् र नियात्राको विषयवस्तुका बारेमा छलफल गर्नुहोस् ।

## ३. पाठको दोस्रो दिनको वर्णन पढेर उत्तर दिनुहोस् :

(क) यात्रुहरू किन अघि बढ्न सकेनन् ?

(ख) लेखकले समय कसरी बिताए ?

(ग) शालिग्राम खोज्दा लेखकले कसरको कविता सम्झिए ?

(घ) भूपिको जन्मस्थल कहाँ रहेछ ?

(घ) जोमसोमको सिरेटोले लेखकलाई कुन गीत सम्झायो ?

(ङ) कागबेनीको आसपासको वातावरण कस्तो थियो ?

(च) पाठका आधारमा मुक्तिनाथको वर्णन गर्नुहोस् ।

## ४. व्याख्या गर्नुहोस् :

(क) मुक्तिनाथ धार्मिक सहिष्णुताको सङ्गमस्थल पनि रहेछ ।

(ख) यस सुन्दर प्रकृतिलाई भौतिक पूर्वाधारले पनि सजाउन पाए कति राम्रो हुन्थ्यो होला ।

## ५. तल दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) म पात्रले पहिलो दिनको यात्रामा अनुभव गरेका मुख्य कुरा के के हुन् ?

(ख) म पात्रको तेस्रो दिनको यात्रा अनुभव कस्तो रह्यो ?

(ग) जोमसोम, कागबेनी र मुक्तिनाथको वातावरणका दुई दुई विशेषता लेख्नुहोस्

(घ) ठुलो शालिग्रमको दर्शन गर्न जाँदा उत्पन्न भएका कठिनाइको वर्णन गर्नुहोस् ।

(ङ) 'पोखरा एक पर्यटकीय स्थल हो' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

(च) पाठमा मुक्तिनाथका बारेमा कस्ता कुरा लेखिएका छन् ?

(छ) यस पाठबाठ सिक्न सकिने मुख्य मुख्य कुरा के के हुन् ?

## ६. लामो उत्तर लेख्नुहोस् :

(क) 'काली गण्डकीको किनारै किनार' पाठमा लेखकले उल्लेख गरेका धार्मिक तथा पर्यटकीय स्थलको महत्त्व वर्णन गर्नुहोस् ।

(ख) 'नेपाल प्राकृतिक र सांस्कृतिक दृष्टिले धनी देश रहेछ ।' यस भनाइलाई पाठ र तपाईँका तर्कका आधारमा पुष्टि गर्नुहोस् ।

## ७. 'काली गण्डकीको किनारै किनार' पाठबाट मुख्य बुँदा टिपोट गरी विषयवस्तुको सार लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

## ८. तपाईँले घुमेको कुनै रमणीय स्थलको बारेमा यात्रा वर्णन लेख्नुहोस् ।

## ९. 'काली गण्डकीको किनारै किनार' पाठबाट तपाईँले के सन्देश पाउनुभयो, लेखेर सुनाउनुहोस् ।

१०. यस नियात्रामा म पात्रलगायत अन्य यात्रुले आफूहरू सवार रहेको गाडी कालीगण्डकीमा फस्दा उनीहरूलाई ठुलो आपत् पर्‍यो । तपाईँलाई पनि तीर्थयात्रामा जाँदा गाडी बिग्रेर यस्तै आपत् पर्‍यो भने के गर्नुहुन्छ ? वर्णन गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएको अनुच्छेदबाट रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याई लेख्नुहोस् :

आहा ! कति स्वच्छ वातावरणमा कालिका माईको मन्दिर छ । म त्यस मन्दिरमा पहिलो पटक पुगेँ । त्यहाँ मेरा धेरै साथी छन् । उनीहरूले मलाई मन्दिर र गुम्बा घुमाए । । मैले हिमालको अवलोकन पनि गर्न पाएँ । म पढाइ र भ्रमण दुवैमा रुचि राख्छु । हाम्रा बाआमा पनि किताबी ज्ञान र व्यावहारिक सिप दुवै भए पो तिमी जीवनमा सफल हुन्छौ त भन्नुहुन्छ ।

२. तल तालिकामा दिइएका शब्द पढ्नुहोस् र त्यस्तै अन्य पाँच पाँचओटा शब्द थप्नुहोस् :

| नाम | सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|---|
| हरि | म | असल | जान्छ |
| रमा | हामी | खराब | खान्छ |
| | | | |

३. तल तालिकामा दिइएका शब्द पढी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| नामयोगी | क्रियायोगी | संयोजक | विस्मयादिबोधक | निपात |
| --- | --- | --- | --- | --- |
| सँग, सित | अघि, पछि | र, पनि | ओहो | र |
| तिर, तर्फ | तल, माथि | तर, किनकि | आहा | पो |
| पट्टि, प्रति | भित्र, बाहिर | त्यसैले | छि : | त |
| झैँ, जस्तै | हिजो, आज | अनि | धत् | नि |
| अनुसार | भएर, खाएर | जब | हरि | हे |
| बमोजिम | थचक्क, | तब | कठ, | क्यारे |
| बारे | पिटिक्क | नत्र, भने | स्याबास् | ब्यारे |
| | निकै, बेसरी | किनभने | आम्मै | लौ |
| | राम्ररी | | थुक्क | खै |

४. तल दिइएका शब्द कुन कुन वर्गमा पर्छन्, पहिचान गरी लेख्नुहोस् :

बेसरी, सँग, सित, अनुसार, पनि, अनि, जसरी, त्यसरी, भने, तर, पर्यन्त, हस्याङफस्याङ, कटक्क, ओहो, है, धत्, आत्था, क्यारे, ब्यारे, मुसुमुसु, उनी, हाम्रो, तिम्रो, आफ्नो, रमणीय, हिमाली, पहाड, मुक्तिक्षेत्र, भएर, निकै, राम्ररी,ल, धत्, नदी, प्रकृति, दयालु, दया, नेपाल, सुन्दर, उसलाई, पढ्छु, जाने छ, लेख्दै थियो

५. पाठको अन्तिम अनुच्छेदबाट तीन तीनओटा नाम, सर्वनाम, विशेषण र क्रियापद शब्दको पहिचान गरी लेख्नुहोस् ।

### ६. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पूरा गर्नुहोस् :

(क) म रुरुक्षेत्र ................................ । (जा : पूर्ण वर्तमान)

(ख) उनीहरू मस्जिदको सरसफाइ ................................ । (गर् : सामान्य भविष्यत्)

(ग) लखन क्रिकेट ................................ । (खेल्: पूर्ण भूत)

(घ) काकीले मलाई खाजा ................................ । (दि : अपूर्ण वर्तमान)

(ङ) फतिमा समाजसेवामा ................................ । (लाग् : अज्ञात भूत)

(च) दोजे नाम्चेबजारमा ................................ । (बस् : पूर्ण भविष्यत्)

### ७. तल दिइएका शब्द उच्चारण गर्नुहोस् र त्यस्तै अन्य दशओटा पञ्चम वर्ण प्रयोग भएका शब्द लेख्नुहोस् :

पञ्चामृत, सङ्ग्रह, सम्भावना, सञ्चयकोष, चिरञ्जीवी, पञ्चामृत, झन्डा, घण्टा, घन्टी, पङ्खा, वन्यजन्तु, पाण्डव, ताण्डव, संयोग, संवाद ।

## सुनाइ बोलाइ

### तलको पाठ सुनेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

लुम्बिनी एक पवित्रस्थल हो । यो बौद्धधर्मावलम्बीहरूको प्रमुख तीर्थस्थल हो । यस पुण्यस्थलमा बर्सेनि हजारौँ पर्यटक आउँछन् । वैशाख पूर्णिमाका दिन गौतम बुद्धको जन्म भएको थियो । यस दिन यहाँ ठुलो मेला लाग्छ । उनले ज्ञान प्राप्त गरेको र निर्वाण पनि प्राप्त गरेको दिन पनि यही भएकाले यस दिन लुम्बिनीमा दर्शनार्थीको विशेष घुइँचो लाग्छ । पुरातात्त्विक र ऐतिहासिक महत्त्वले भरिएको यस ठाउँमा आउँदा सबैलाई आनन्द लाग्छ, शान्तिको भाव जागृत हुन्छ । शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल भएकै कारणले यस ठाउँको महत्त्व बढेको हो । स्वदेशी तथा विदेशी पर्यटक यस स्थलको भ्रमण गर्न चाहन्छन् । आवश्यक पूर्वाधारको निर्माण गरी लुम्बिनीलाई विश्वकै एक धार्मिक र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न नेपाल सरकार प्रयासरत छ ।

## १. पाठ सुनेर खाली ठाउँ भर्नुहोस् :

(क) लुम्बिनी एक ·············· हो ।

(ख) लुम्बिनीमा दर्शनार्थीहरूको निकै ·············· लाग्दछ ।

(ग) स्वदेशी तथा विदेशी पर्यटकहरू यस स्थलको ·············· चाहन्छन् ।

(घ) यस पुण्यस्थलमा बर्सेनि हजारौँ ·············· आउँछन् ।

## २. पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) लुम्बिनी कहाँ पर्दछ ?

(ख) लुम्बिनी कसको प्रमुख तीर्थस्थल हो ?

(ग) वैशाख पूर्णिमाको महत्त्व किन छ ?

(घ) लुम्बिनीको महत्त्व बढ्नुको मुख्य कारण के हो ?

(ङ) नेपाल सरकार के गर्न प्रयासरत छ ?

# सिर्जनात्मक कार्य

## १. 'मेरो जन्स्थलको सौन्दर्य' शीर्षकमा निबन्ध लेखेर सुनाउनुहोस् ।

# पाठ ११ पूर्वपठन

## तलका चित्र हेरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :










(क) यी केका चित्र हुन् ?

(ख) मानिसले किन वृद्धाश्रममा बस्नुपर्छ ?

(ग) के आमाबालाई वृद्धाश्रममा पठाउनु ठिक हो ?

# मायाको घर

*माया ठकुरी*

"बाबु ! ए बाबु ! दुध स्वाट्टै पार त ।"

"हत्तेरी हजुरआमा ! मलाई डिस्टब नगर्नू न । विद्यालय बस आउनै लाग्यो होला । आज म अलिक हतारमा छु क्या, हजुरआमा ।" नकुल उसकी हजुरआमालाई हरेक बिहान यस्तै तर्कवितर्कले अलमल्याउँथ्यो ।

"मेरो प्यारो नातिले राम्रोसँग खायो भने पो बलियो हुन्छ अनि राम्रोसँग पढ्न सक्छ ।" हजुरआमाले भन्नुभयो ।

"ए नकुल ! तिमीले हजुरआमालाई कति दुःख दिएको हँ ? एक गिलास त हो नि स्वाट्ट पार बाबु ! मेरो छोरो ज्ञानी छ । हेर त, आफ्नी प्यारी हजुरआमाले कत्ति माया गरेर दिनुभएको । ल ल ल फट्ट पिइहाल ।" नकुलकी आमाले भन्नुभयो ।

"ओहो ! हाम्री हजुरआमाले पनि कति जिद्दी गर्नुभएको होला ।" नकुलले हजुरआमाको हातबाट दुधको गिलास लियो र घटघटी पियो ।

हजुरआमाले नातिलाई हेर्दै मुस्कुराउनुभयो र 'स्याबास मेरो नाति' भन्दै रित्तो गिलास लिएर भित्र पस्नुभयो । नकुल विद्यालय जाने तयारीमा जुत्ता लगाउँदै थियो । हजुरआमा हातमा स्विटर बुन्दै आएर नकुललाई भन्नुभयो, "म मेरो प्यारो नातिलाई जाडो हुन्छ भनेर स्विटर बुन्दै छु । खै त, यो स्विटर नापौँ । यसपालिको जाडामा मेरो नातिलाई नयाँ स्विटर, हा...हा..।"

"हजुरआमा पनि ! गाडी आइसक्यो होला, मलाई अबेर भइसक्यो । चाहिँदैन यो स्विटर स्विटर । म त हिडेँ है ।" नकुल झोला बोकेर घरबाहिर निस्कियो ।

विद्यालय पुग्नासाथ उसले आफ्नो मिल्ने साथी मिलनसँग कुरा गर्न थाल्यो । "आज हामी कहाँ जान्छौँ होला ? कुन नयाँ ठाउँ जाने होला है ? निकै रमाइलो पो हुने भयो, हैन त नकुल !" मिलनले भन्यो ।

ठिक त्यसै समयमा कक्षा शिक्षक टुप्लुक्क कक्षामा आउनुभयो । "हेर्नुहोस् नानीबाबुहरू ! हरेक महिना जस्तै आज पनि हामी शैक्षिक अवलोकन भ्रमणमा जाँदै छौँ । भ्रमणमा देखेका, सुनेका

अनुभव गरेका कुरा टिपोट गरेर भोलि सबैले कक्षामा सुनाउनुपर्छ । त्यसैले कापीकलम बोक्न चाहिँ नबिर्सनुस् है ।"

"हुन्छ गुरुआमा, तर आज हामी कहाँ जाने नि गुरुआमा ?" नकुलले उत्सुक हुँदै सोध्यो ।

"आज हामी 'मायाको घर' भन्ने वृद्धाश्रममा जाँदै छौँ । त्यहाँ वृद्ध हजुरबुबा हजुरआमाहरू बस्नुहुन्छ ।" गुरुआमाले भन्नुभयो ।

"के हजुरबुबा हजुरआमाहरू बस्ने पनि छुट्टै घर हुन्छ र गुरुआमा ?" नकुलले उत्सुक भएर सोध्यो ।

मिलन केही बोलेन । निरुता, कल्पना, शान्ता, सुशीला, रूपक, चमेली, अखिलेश, रतिया, भोजमानहरू मिठा मिठा गफ गर्दै गाडीमा चढे । मिलन यात्राभरि केही नबोली चुपचाप बस्यो । "ए मिलन ! किन चुप लागेको ? साथीहरू कस्तो रमाएका छन् । तिमी भने किन एक्लै धुमधुमती बसेको ?" नकुलले सोध्यो ।

"मलाई अलि सन्चो भएन, त्यसै त्यसै रिँगटा लागे जस्तो भयो ।" मिलनले भन्यो ।

केही बेरमै गुडिरहेको बस एउटा गेटका अगाडि घ्याच्च रोकियो । सबै जना बसबाट हुरुरु तल ओर्लिए । गेटमा ठुला अक्षरले 'मायाको घर' लेखिएको थियो । सबै जना गेटभित्र गए । गुरुआमाले अभिवादन गरेर सबै जनासँग परिचय आदानप्रदान गराउनुभयो । त्यहाँ धेरै जना पाका आमाबुबा हुनुहुन्थ्यो । दुई दुई जना विद्यार्थीहरूका समूह बनाएर प्रत्येक हजुरबुबा हजुरआमासँग अनुभव साटासाट गर्ने कार्यक्रम बनाइयो । नकुल र मिलनको समूह एक जना वृद्धसँग पऱ्यो । तीनै जना चउरमा रहेका ठुलो रुखको फेदका बसेर कुरा गर्न थाले ।

"नमस्ते हजुरबुबा ! मेरो नाम नकुल अनि मेरो साथीको नाम मिलन । हामी हजुरबुबालाई केही प्रश्न सोध्न सक्छौँ ?" नकुलले चउरमा बस्दै भन्यो ।

"नमस्ते बाबुहरू ! मेरो नाम हर्कजित हो । यहाँ तपाईंहरू जस्तै नानीबाबुहरू आउनुहुन्छ । विभिन्न जिज्ञासा राख्नुहुन्छ । रमाइलो गरेर जानुहुन्छ । कसैले त आफ्नो जन्मदिन पनि यहीँ मनाउनुहुन्छ ।" चस्मा मिलाउँदै हजुरबुबाले भन्नुभयो ।

"तपाईंको घर कहाँ हो हजुरबुबा ? किन यहाँ बस्न आउनुभएको ?" नकुलले सोध्यो ।

"मेरो घर त काठमाडौँ नै हो ।" वृद्ध बुबाले भन्नुभयो ।

"तपाईँको घरमा को को हुनुहुन्छ त ? किन यहाँ एक्लै बस्न आउनुभएको ? के तपाईँलाई घरको याद आउँदैन हजुरबुबा ?" नकुलले जिज्ञासा राख्यो ।

"म छोरा बुहारी र नाति नातिनीसँग बस्थेँ । मेरी नातिनीले मलाई धेरै माया गर्थिन् । सधैँ चकलेट बाँडेर मात्र खान्थिन् । छोरा बुहारी दुवै जागिरे थिए । नातिनी पनि विद्यालय जाने उमेरकी भइन् । म आफैँ नातिनीलाई विद्यालय लाने ल्याउने गर्थेँ । नातिनी अत्यन्त चञ्चल स्वभावकी थिइन् । बाटामा मलाई विभिन्न प्रश्न सोधिरहन्थिन् । उनका प्रश्नको उत्तर दिन पाउँदा मलाई पनि औधी रमाइलो लाग्थ्यो । उनी मुसुक्क हाँस्थिन् । मेरो सारा थकाइ मेटिन्थ्यो । समय यसै गरी बित्दै थियो । एक दिन मेरी बुहारीले यो 'मायाको घर' का बारेमा बताइन् । अब त नातिनी पनि एक्लै विद्यालय आउन जान सक्ने भइन् । छोरा बुहारी दिनभरि जागिरमा जाने, म एक्लै धुमधुमती घरमा बसेर पट्यार लाग्दो जिन्दगी बाँचिरहेको थिएँ । बुहारीले वृद्धाश्रमको कुरा गरेपछि मेरो मन त्यतै तानियो । छोरा र नातिनीले घरमै बस्न अड्डी कसेका थिए । मलाई बुहारीको कुरा ठिकै जस्तो लाग्यो । म यहाँ आएँ । आएको पनि एक वर्ष भइसक्यो । समय समयमा नातिनी आउँछिन्, घन्टौँसम्म मसँग खेल्छिन्, रमाउँछिन् । अनि घर जाने बेलामा आँखाभरि आँसु पार्दै मलाई घर फर्किन अनुरोध गर्छिन् । म आफ्नो मुटु दह्रो पार्छु । सकेसम्म आँसु लुकाउने प्रयास गर्छु । अनायासै बरर आँसु झर्छन् । नातिनी आउँछिन् र आँसु पुछिदिन्छिन् । म नातिनी गएको बाटो हेर्दाहेर्दै कहिलेकाहीँ यही चौतारीमा टोलाएर भुसुक्कै निदाउँछु । यहाँ म जस्ता धेरै पाकाहरू बस्छौँ । सुखदुःखका कुरा गर्छौँ ।" वृद्ध बुबाले भन्नुभयो ।

हजुरबुबाका कुरा सुनेर मिलन सुँक्कसुँक्क रुन लाग्यो । नकुलले मिलनलाई सोध्यो, "के भयो तिमीलाई मिलन ? किन रोएको यसरी ? ल ल, धेरै भावुक नबन । बरु तिम्रो मनमा केही लागेको भए हामीलाई भन । आफ्नो मनको कुरा भनेपछि हलुका हुन्छ ।"

"मलाई आज मेरो हजुरबुबाको झलझली याद आयो । हजुरबुबाले मलाई असाध्यै माया गर्नुहुन्थ्यो । मलाई भने हजुरबुबाको गनथन पटक्कै मन पर्दैनथ्यो । हजुरबुबा कान कम सुन्नुहुन्थ्यो । बोल्दा पनि ठुलो स्वर निकाल्नुहुन्थ्यो ।

मलाई कथा त सुनाउनुहुन्थ्यो तर मलाई पटक्कै मन पर्दैनथ्यो । म मेरो हजुरबुबालाई धेरै दुःख दिन्थेँ तर उहाँ मुसुक्क हाँस्नु मात्र हुन्थ्यो । घरमा आमाबुबाले पनि हजुरबुबाको बानी मन पराउनुहुन्नथ्यो । बुबाले लुकाएर दिएको खानेकुरा लुगाफाटो आमाले थाहा पाउँदा घरै उचालेर कराउनुहुन्थ्यो । म आमाको पक्ष लिएर कुरा लगाउँथेँ । बुबा चुप लागिरहनुहुन्थ्यो ।

हजुरबुबा मन अमिलो पारेर आँखाभरि आँसु बोकेर नबोली बस्नुहुन्थ्यो । समय यसरी नै बित्दै गयो । एक दिन बुबाले हजुरबुबालाई खै कहाँको वृद्धाश्रममा छाडेर आउनुभएछ । तीन वर्ष भयो मैले हजुरबुबालाई नभेटेको, हजुरबुबाको काखमा सुतेर कथा नसुनेको, हजुरबुबाको औँला समातेर नघुमेको, म मेरो हजुरबुबालाई भेटेर माफी माग्न चाहन्छु । सँगै लिएर घर जान चाहन्छु । आज मलाई पछुतो लागेको छ । मैले मेरो हजुरबुबालाई चिन्नै सकिनँ ।" मिलन रुन थाल्यो ।

"ल नानी नरोऊ, यसमा तिम्रो केही गल्ती छैन । हामी बुढाबुढीहरूको अलि कचकचे बानी हुन्छ, अनि केटाकेटीहरूको चकचके । तिमीले आफ्ना मनका कुरा आफ्ना आमाबुबालाई भन । उहाँहरूले अवश्य तिम्रो कुरा सुन्नुहुने छ । तिम्रो हजुरबुबासँग अवश्य भेट गराउनुहुने छ ।" हर्कजितले भन्नुभयो ।

"उहाँहरूले मान्नुहोला त ?" मिलनले जिज्ञासा राख्यो ।

"अवश्य मान्नुहुने छ । तिमी चिन्ता नगर । ढुक्क पर ।" हर्कजितले धाप मार्दै भन्नुभयो ।

मिलनले आँसु पुछेर पुलुक्क हेर्दै भन्यो, "साँच्चै हो हजुरबुबा ?"

"मिलन ! हजुरबुबाले भनेको साँच्चै हो । मेरो त हजुरआमा घरमै हुनुहुन्छ । मलाई त हजुरआमाको अत्ति नै माया लाग्छ । हजुरआमाको काखमा सुतेर कथा नसुनी निद्रै लाग्दैन !" नकुलले भन्यो ।

गुरुआमा र अरू साथीहरू चौतारीको वरिपरि भेला भए । आआफ्नो खाजा खाए । रमाइला गीत गाए, नाचे, रमाए । हजुरबुबा हजुरआमाका अनुभवका कथा सुने, सुनाए । आँखाका नानी जस्ता बालबालिकाहरू अनुभवका खानी पाकाहरूको सम्मानमा रमाए, ताली बजाए । तीन बजेपछि 'मायाको घर' बाट बिदा लिएर विद्यालय फर्की आआफ्ना घर गए । घरमा पुग्नासाथ गेटबाटै 'हजुरआमा' भन्दै नकुल दौडियो । सधैँ झैँ हजुरआमा मुसुमुसु हाँसेर उभिइरहनुभएको थियो ।

"लौ मेरो नाति आएछ । झट्ट लुगा फेर । मैले नातिलाई मन पर्ने खाजा खिर बनाएकी छु । कपाकप खाऊ अनि घुम्न पनि जाऔँला ।" हजुरआमाले भन्नुभयो । नकुलले खुसी हुँदै भन्यो, "पहिला हजुरआमाले मलाई बुनिदिनुभएको स्विटर हेरौँ न । कलर चाहिँ मलाई मन पर्ने हुनुपर्छ है ।"

## शब्दभण्डार

१. उस्तै अर्थ दिने शब्दहरूबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पहिलो | मुलुक |
| कर्म | पृथ्वी |
| बास | प्रथम |
| धर्ती | काम |
| प्रीति | घर |
| देश | बाटो |
| विज्ञापन | एक्कासि |
| बुबा | माता |
| स्नेह | प्रचार |
| अचानक | माया |
| आमा | पिता |
| | छड्के हेराइ |

२. धर्ती शब्दले पृथ्वी, भूमि, धरा, धरणी, वसुधा, बसुन्धरा, मेदिनी भन्ने अर्थ बुझाउँछ । यसरी उस्तै अर्थ बुझाउने शब्द पर्यायवाची शब्द हुन् । यसका आधारमा तलको बाकस १ मा भएका शब्दसँग अर्थ मिल्ने दुई दुईओटा शब्द बाकस २ बाट खोजेर लेख्नुहोस् :

| बाकस : १ |
|---|
| प्रीति, कर्म, सृष्टि, अमृत, आमा, **श्रीमती**, आँखा, आगो, विद्यालय, आकाश, रात, जून, सूर्य, हावा, नयाँ, बल, फूल, बगैँचा, दिन, बादल, पानी, पहाड, हात, ईश्वर, **इच्छा**, **समय**, माया, समय, लुगा, |

बाकस : २

नीर, शशी, अम्बर, सविता, माता, जगदीश, पर्वत, वायु, कर, वारुण, **पाइन, लोचन, सुधा, बेला,** वाटिका, अनल, ईश, पुष्प, गर्व, इन्दु, नवीन, समीर, काल, सगर, पावक, **प्रेम, आदित्य, बाग, निशाकर, चक्षु,** सिर्जना, काम, शैल, बाहु, जननी, ममता, धन उत्पत्ति, मुहूर्त, कार्य, पीयूष, पवन, नयन, उद्यान, सामर्थ्य, गिरि, मधु, गगन, रजनी, बेला तागत, भुजा, मुमा, पवन, नव, अग्नि, सुमन, जल, दिउँसो, अभिलाषा, अभिरुचि, रात्रि, भाष्कर, माया, घटा, नूतन, अभिमान, कुसुम, जनार्दन, दिवा, निशा, मेघ, चाहना, दिवस, अवधि, स्नेह, रकम

## बोध र अभिव्यक्ति

**१. 'मायाको घर' कथा सस्वरवाचन गर्नुहोस् ।**

**२. दिइएका शब्द उच्चारण गर्नुहोस् :**

तर्कवितर्क, भ्रमण, वृद्धाश्रम, जिज्ञासा, जिद्दी, स्याबास, भ्रमण, आदानप्रदान

**३. दिइएका उत्तर आउने वाक्यका आधारमा प्रश्न बनाउनुहोस् :**

(क) मेरो छोरो ज्ञानी छ ।

(ख) नकुलले हजुरआमाको हातबाट दुधको गिलास लियो ।

(ग) नकुल विद्यालय जाने तयारीमा जुत्ता लगाउँदै थियो ।

(घ) नकुल झोला बोकेर घरबाहिर निस्कियो ।

(ङ) सबै जना बसबाट हुरुरु तल ओर्लिए ।

## ४. पाठका आधारमा छोटो उत्तर लेख्नुहोस् :

(क) हजुरआमाले नकुललाई के भन्नुभयो ?

(ख) नकुल र मिलनले के कुरा गरे ?

(ग) नकुल र मिलन कहाँ गएका थिए ?

(घ) वृद्ध बुबाले के भन्नुभयो ?

(ङ) हजुरआमाले नकुललाई के दिनुभयो ?

(च) 'मायाको घर' भन्ने ठाउँ कस्तो रहेछ ?

## ५. पाठका आधारमा लामो उत्तर दिनुहोस् :

(क) मायाको घरमा कस्ता मानिसहरू बस्दा रहेछन्, पाठका आधारमा लेख्नुहोस् ।

(ख) 'मायाको घर' कथाका आधारमा हर्कजितको चरित्र चित्रण गर्नुहोस् ।

## ६. मायाको घरबाट फर्केपछि मिलनले कसरी हजुरबुबालाई भेट्यो होला, अनुमानका आधारमा एक अनुच्छेद लेख्नुहोस् ।

## ७. दिइएको अनुच्छेद मनमनै पढ्नुहोस् र सारांश लेख्नुहोस् :

प्रकृति ज्ञानको भण्डार हो । यो एउटा खुला पुस्तक पनि हो । वातावरण पनि आफैँमा एक महत्त्वपूर्ण विषय हो । हामीले आफ्ना बालबालिकालाई प्रकृति र वातावरणमा रम्न सिकाउनुपर्छ । यसका लागि प्रकृति र वातावरणलाई नजिकबाट हेर्ने, अध्ययन गर्ने वा भ्रमण गर्ने अवसर उनीहरूलाई दिइनुपर्छ । समाजमा रम्ने कला र सुन्दर पक्षको पहिचानबाट बालबालिकाको मानसिक अवस्थामा वातावरणप्रति सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । यसबाट बालबालिकाहरू वातावरणको संरक्षण गर्दै संस्कृतिको जगेर्ना गर्न सक्षम हुन्छन् । यसले उनीहरूमा आफूलाई एउटा जिम्मेवार नागरिकको रूपमा स्थापित गराउने सम्भावना पनि बढ्छ । आखिर उनीहरूले सिक्ने भनेकै समाज, वातावरण वा प्रकृतिबाटै हो । किताबी ज्ञानबाट भन्दा बढी अनुभवबाट सिकाइ प्रभावकारी हुन्छ ।

## ८. कसले कसलाई भनेको हो ? लेख्नुहोस् :

(क) बाबु ! ए बाबु ! दुध स्वाट्टै पार त ।

(ख) ओहो ! हाम्री हजुरआमाले पनि कति जिद्दी गर्नुभएको होला ।

(ग) आज हामी 'मायाको घर' भन्ने वृद्धाश्रममा जाँदै छौँ । त्यहाँ वृद्ध हजुरबुबा हजुरआमाहरू बस्नुहुन्छ ।

(घ) मलाई अलि सन्चो भएन, त्यसै त्यसै रिँगटा लागे जस्तो भयो ।

(ङ) यहाँ तपाईँहरू जस्तै नानीबाबुहरू आउनुहुन्छ । विभिन्न जिज्ञासा राख्नुहुन्छ । रमाइलो गरेर जानुहुन्छ ।

(च) आज मलाई पछुतो लागेको छ । मैले मेरो हजुरबुबालाई चिन्नै सकिनँ ।

(छ) उहाँहरूले मान्नुहोला त ?

(ज) लौ मेरो नाति आएछ । झट्ट लुगा फेर । मैले नातिलाई मन पर्ने खाजा खिर बनाएकी छु ।

## ९. ललिता दोषीको तलको लवको साहस शीर्षकको कथा मौनवाचन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

लवको असल बानीले गर्दा उनी आँखाका नानी झैँ थिए । लव पढ्नमा पनि तेजिला थिए । उनको गाउँनजिकै एउटा सानो खोलो थियो । त्यस खोलामा पुल थिएन । हिउँदमा त साँघु हालेर मान्छे आवतजावत गर्थे । बर्सातको पानीले साँघु बगाउँदा बुढाबुढी र केटाकेटी खोला तर्न नसकेर अलपत्र पर्थे । लवले सानै उमेरदेखि त्यो दृश्य देख्दै आएका थिए । लवले अलि ठुलो भएपछि मनमनै सङ्कल्प गरे, "अब म पौडिन सिकेर खोला तर्न नसक्नेलाई खोला तार्छु ।" नभन्दै लव पौडिन सिके । खोला तर्न नसक्नेलाई वारिपारि गराउँदै उनको समय बित्थ्यो । लवको साहस देखेर सबै छक्क पर्थे । तेह्रचौध वर्षका लवको साहसलाई कदर गर्दै गाउँलेले किताब, कापी, कलम र खानेकुरा दिन्थे । लवको पौरखको चर्चा गर्दैमा बुढाबुढीको समय बित्थ्यो । उनीहरू भन्थे, "छोराछोरी हुनु त लव जस्तो पो, कुमारले मोती नै जन्म दिएका रहेछन् ।" लवको विद्यालय टाढा थियो । अर्को विद्यालयमा पढ्ने लवका साथी उनीसँग

खेल्नका लागि कुरेर बस्थे । उनी साथीहरूको गल्तीलाई आफूले लिएर भए पनि साथी साथीबिच झगडा हुन दिँदैनथे । ठुलालाई आदर र सानालाई माया गर्ने उनको स्वभाव थियो । यस्तै स्वभावले गर्दा उनी गाउँमा सबैका प्रिय बनेका थिए ।

## प्रश्न

(क) माथिको कथाबाट चारओटा प्रश्न बनाउनुहोस् ।

(ख) माथिको कथाबाट मुख्य घटना टिप्नुहोस् ।

**१०. तलका निर्देशन, नियम, आज्ञा वा आदेशहरू हामीले किन पालना गर्नुपर्छ, प्रत्येकले पालैपालो कुनै एउटा निर्देशन, नियम, आज्ञा वा आदेशको पालना गर्नुपर्ने कारण बताउनुहोस् :**

(क) पढाइ लेखाइ गर्नुपर्ने

(ख) औपचारिक पोसाक लगाउनुपर्ने

(ग) हात उठाएर अनुमति पाएपछि मात्र बोल्नुपर्ने

(घ) समाजसेवाा गर्नुपर्ने

(ङ) नियमित रूपमा आफ्नो सरसफाइ गर्नुपर्ने

(च) आमाबुबाको आज्ञा मान्नुपर्ने

(छ) सार्वजनिक ठाउँमा होहल्ला गर्न नहुने

(ज) सडक पार गर्दा जेब्राक्रसिङ वा आकासे पुल प्रयोग गर्नुपर्ने

(झ) सबैसँग नम्रतापूर्वक बोल्नुपर्ने

## भाषिक संरचना र वर्णविन्यास

### १. तल दिइएका वाक्य पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| केटो असल छ । | केटी असल छे । |
| मामा घर आउनुभयो । | माइजू घर आउनुभयो । |
| गोरु घाँस खान्छ । | गाई घाँस खान्छ । |

### २. तल दिइएका वाक्य पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| म मुगलिङ हुँदै दमौली जान्छु । | हामी मुगलिङ हुँदै दमौली जान्छौँ । |
| तिमी तह ३ मा पढ्छौ । | तिमीहरू तह ३ मा पढ्छौ । |
| भाइ घर जान्छ । | भाइहरू घर जान्छन् । |
| त्यो पहाड अग्लो छ । | ती पहाड अग्ला छन् । |
| मितिनी मामाघर जान्छिन् । | मितिनीहरू मामाघर जान्छन् । |

### ३. तल दिइएको सन्दर्भ पढ्नुहोस् :

| पुरुष | एकवचन | बहुवचन |
|---|---|---|
| प्रथम | म बस्छु । | हामी बस्छौँ । |
| द्वितीय | तँ पौडी खेल्छस् ।<br>तिमी जान्छौ ।<br>तपाईं पढ्नुहुन्छ । | तिमीहरू पौडी खेल्छौ ।<br>तपाईंहरू जानुहुन्छ । |
| तृतीय | ऊ हिँड्छ ।<br>त्यो कविता पढ्छ । | उनीहरू हिँड्छन् ।<br>तिनीहरू कविता पढ्छन् । |

## ४. तल दिइएको सन्दर्भ पढ्नुहोस् :

| निम्न आदर | मध्यम आदर | उच्च आदर |
|---|---|---|
| तँ पढ्छस् ।<br>ऊ पढ्छ । | तिमी पढ्छौ<br>उनी पढ्छन् । | तपाईं पढ्नुहुन्छ ।<br>उहाँ पढ्नुहुन्छ । |

## ५. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :

(क) मेरो छोरो डाक्टर भयो । (स्त्रीलिङ्ग)

(ख) ऊ घुम्न गई । (पुलिङ्ग)

(ग) त्यो हिमाल अग्लो छ । (बहुवचन)

(घ) आमा गीत गाउनुहुन्छ । (पुलिङ्ग)

(ङ) भाइहरू कथा पढ्छन् । (एकवचन)

(च) उनीहरूले काम गरेका छन् । (एकवचन)

(छ) मेरो सानो भाइ आयो । (स्त्रीलिङ्ग)

(ज) उनीहरू यतै आए । (एकवचन)

(झ) तँ कता जान लागेको ? (उच्च आदर)

(ञ) तपाईं यहीँ बस्नुहोस् । (सामान्य आदर)

(ट) म पनि कथा पढ्छु । (बहुवचन)

(ठ) बुबाले हामीलाई बोलाउनुभयो । (स्त्रीलिङ्ग)

(ड) तँ सानैदेखि मिहिनेती थिइस् । (सामान्य आदर)

(ढ) उसले गृहकार्य गरी । (बहुवचन)

## ६. तल दिइएका शब्द पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| हलन्त | अजन्त |
|---|---|
| बृहत्, संसद्, अकस्मात्, संवत्, अहम्, शुभम्, श्रीमान्, धनवान् | भात, उठ, पढ्न, जून, असल, राम, इमानदार, सरर, सम्म, आमा |

## ७. तल दिइएका शब्द हलन्त र अजन्त के हुन्, छुट्याएर तालिकामा लेख्नुहोस् :

संरचना, छलफल, पठन, जान्छन्, बस, पद, वाक्य, मूल्यवान्, पढाइ, धनवान्, श्रीमान्, इमानदार, अर्थ, पहिचान, सङ्कट, स्वयम्

# सुनाइ बोलाइ

## सकारात्मक सोचौँ

धेरै समय अगाडिको कुरा हो । एकजना अकबर नाम गरेका राजा थिए । उनका दरबारमा धेरै मन्त्रीहरू थिए । तिनमा एक थिए वीरबल । वीरबल अत्यन्त सकारात्मक सोचका व्यक्ति थिए । उनी जहिले पनि 'राम्रो', 'ठिक भो' 'असल', 'बेस भो ' जस्ता सकारात्मक टिप्पणी मात्र गर्थे । एक दिनको कुरा हो । राजा वीरबलसँग कुरा गर्दै आफ्नो तरबार सफा गरिरहेका थिए तर गल्तीवश राजाको हातबाट तरबार खुस्क्यो र उनको दाहिने खुट्टाको बुढी औँला च्वाट्टै पाऱ्यो । राजा 'ऐया' भन्दै कराउन थाले । त्यो सब देखिरहेका वीरबल चाहिँ 'राम्रो' 'हुनैपर्ने भयो' भन्न थाले । आफ्नो खुट्टाको बुढी औँला काटिएर पीडामा छटपटाइरहेका राजालाई वीरबलदेखि एकदम धेरै रिस उठ्यो र उनले वीरबललाई आजीवन जेल सजाय तोकिदिए । सिपाहीहरूले उनलाई पक्रेर जेल लादै गर्दा वीरबल त 'राम्रो', 'उत्तम भो', 'ठिक भो' भन्दै जेलतिर हाँसी हाँसी लागे ।

दिनहरू बितिरहे । राजाको औँला काटिएको घाउ पनि निको भयो । एक दिन उनी आफ्ना मन्त्रीहरू, सेनापति र सिपाहीहरूसँग सिकार खेल्न गए । सिकारका क्रमका

एउटा मृगलाई लखेट्दै सिकार टोली जङ्गलभित्र दगुर्न थाल्यो । राजा अघि अघि, मन्त्री, सेनापति र सिपाहीहरू पछि पछि मृगलाई लखेट्दै घना जङ्गलभित्र पसे । केही समयपछि सिपाही, सेनापति र मन्त्रीहरू सबै धेरै पछि छोडिए । अन्त्यमा राजा मात्र एक्लै घनघोर जङ्गलका बिचमा परे । त्यसपछि उनी जङ्गलबाट बाहिर निस्कन बाटो खोज्दै भौतारिँदा त्यहाँका जङ्गली मानिसहरूको फन्दामा परे । जङ्गली मानिसहरूले उनलाई पक्रे र आफ्ना मुखियाकहाँ जिम्मा लगाए । यसरी अचानक मान्छे फेला पर्दा उनीहरू खुब खुसी भए । खुसी हुने कारण के थियो भने उनीहरूको कुलपूजा गर्नुपर्ने थियो र त्यसका लागि मान्छेकै बलि दिनुपर्ने थियो । जङ्गली मानिसहरूको कुलपूजाको धुमधाम तयारी भयो । उनीहरू नाच्न, गाउन, जिङ्गालाला गर्न थाले । अन्त्यमा बलि चढाउनुपर्ने समय भयो र राजालाई बलिका लागि तयार गर्नुपर्ने समय भयो । त्यत्तिकैमा एक जना उनीहरूकै भाषामा हुन्न हुन्न, यसलाई बलि दिनुहुन्न भन्दै चिच्यायो । भएको के रहेछ भने उनीहरूको कुलपूजामा बलि दिनुपर्ने मानिस अङ्गभङ्ग नभएको हुनुपर्ने रहेछ तर राजाको जुत्ता फुकाल्दा त उनको एउटा औँलै रहेनछ । यस्तो अङ्गभङ्ग भएको मान्छेको बलि दिए उनीहरूको कुलदेवता रिसाउने रहेछ । त्यसैले उनीहरूले राजालाई छोडिदिए ।

प्राण बचेपछि राजा दरबार आए । उनलाई आफ्नो औँला काटिँदा ‘राम्रो भयो’, ‘ठिक भयो’ भन्ने वीरबलको कुराको याद आयो । त्यसपछि उनले वीरबललाई तुरुन्त जेलबाट मुक्त गर्न आदेश दिए । वीरबल पुनः ‘राम्रो’, ‘ठिक भो’ भन्दै राजाका सामु आए । आफ्नासामु उभिएका वीरबललाई राजाले उत्सुकतापूर्वक सोधे, “वीरबल, एउटा कुरा भन त । मेरो औँला काटिँदा तिमी ‘राम्रो’, ‘ठिक’ भन्दै थियौ । अहिले जेलबाट निस्कियौ र त्यही भन्दै छौ । यो सब त ठिक छ तर तिमीलाई आजीवन जेल सजाय तोक्दा पनि तिमी ‘राम्रो’, ‘वेश भो’ भन्दै जेल गयौ । यो कुरा चाहिँ मैले बुझिनँ नि !”

“सरकार ! म जेल नगएको भए सिकार खेल्दा हजुर र म सँगै हुन्थ्यौँ । अनि ती जङ्गली मानिसहरूले हामी दुवैलाई समात्थे । बलि चढाउने बेलामा हजुरलाई त छोडिदिन्थे किनभने हजुरको त अङ्गभङ्ग भएको छ । म त अहिलेसम्मै सग्लो छु । त्यसपछि त प्रस्टै छ, बलि मेरो चढ्थ्यो । मेरो ज्यान जान्थ्यो । होइन त ?” वीरबलको कुरा सुनेर सबै जना छक्क परे ।

### १. पाठ सुनेर ठिक बेठिक छुट्याउनुहोस् :

(क) गल्तीवश राजाको हातबाट तरबार खुस्क्यो र उनको दाहिने खुट्टाको बुढी औँला च्वाट्टै पाऱ्यो ।

(ख) सिकारका क्रमका एउटा बाघलाई लखेट्दै सिकार टोली जङ्गलभित्र दगुर्न थाल्यो ।

(ग) जङ्गली मानिसहरूको घरपूजाको धुमधाम तयार भयो ।

(घ) प्राण बचेपछि राजा दरबार आए ।

(ङ) राजासँगै वीरबललाई पनि जङ्गली मानिसले भेटेको भए उनीहरूले आफ्नो कुलपूजामा वीरबललाई बलि चढाउँथे ।

### २. पाठका आधारमा उत्तर भन्नुहोस् :

(क) वीरबल कस्ता थिए ?

(ख) जङ्गली मानिसहरू राजालाई समातेपछि किन खुसी भएका रहेछन् ?

## सिर्जनात्मक कार्य

### १. तपाईंको घर वा समाजमा भएको कुनै एउटा सामाजिक समस्या भन्नुहोस् । उक्त समस्या कसरी समाधान होला, तपाईंको विचार लेख्नुहोस् ।

### २. तपाईंले सुनेको वा पढेको कुनै एउटा कथा लेखेर सुनाउनुहोस् ।

### ३. 'मेरा हजुरबुबा' वा 'मेरी हजुरआमा' शीर्षकमा तलका पक्ष समेटी एउटा छोटो रचना तयार पार्नुहोस् :

नाम :

जन्ममिति :

जन्मस्थान :

शिक्षाः

पेसा वा व्यवसाय :

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर